# गुल्मी जिल्लाको दिब्रुङ्ग तथा आँपचौर गा.वि.स.मा प्रचलित लोकगीतहरूको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनको लागि प्रस्तुत

**शोधपत्र**


शोधार्थी
घनश्याम खरेल
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
नेपाली


२०६५

## कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा श्रद्धेय गुरुवर मान्यजन तथा मित्रहरूबाट महत्वपूर्ण सहयोग प्राप्त भएको छ । सहयोग गर्नु हने सबै महानुभावप्रति हार्दिक कृतज्ञताज्ञापन गर्नु आफ्नो कर्तव्य ठानेको छ ।

सर्वप्रथम समयमै शोधपत्र तयार गर्न बारम्बार उत्साहित-उत्प्रेरित गर्ने श्रद्धेय गुरु तथा विभागीय प्रमुख प्रा.डा. राजेन्द्र सुवेदीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै श्रद्धेय गुरुवर सह प्रा.डा. मोतीलाल पराजुलीले अमूल्य समय दिएर निर्देशन गरिदिनु भएकोमा उहाँप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

स्नातकोत्तर तहको अध्ययनको अवसर दिएर मलाई यस अवस्थासम्म पुऱ्याउने नेपाली केन्द्रीय विभाग र अध्ययन गर्न प्रोत्साहन दिनुहुने यस विभागका गुरुहरूप्रति पनि म ऋणी छु । यसका साथै प्रस्तुत शोधशीर्षकमा अनुसन्धान गर्न अनुमति प्रदान गर्ने नेपाली केन्द्रीय विभागप्रति पनि आभार प्रकट गर्दछु ।

अनुसन्धानकै क्रममा गाउँ-गाउँ पुगेर सूचकहरूका गीतहरू सङ्कलन गर्न सहयोग गर्ने दिदी गोमा न्यौपाने र भाञ्जि गीता भण्डारी विशेष धन्यवादका पात्र हुनुहुन्छ । पुस्तकालयीय अध्ययन गर्ने अवसर दिएर सहयोग गर्ने त्रिभुवन विश्वविद्यालय पनि धन्यवादको पात्र छ । त्यसैगरी शोधपत्र तयार गर्ने सुझाव दिएर सहयोग गर्ने मित्र दीपक कुमार शर्मा, गोविन्द सापकोटा, प्रेमप्रसाद ढकाल र शारदा ढकाल पनि धन्यवादका पात्र हुनुहुन्छ । त्यस्तै सामग्री सङ्कलनमा उपयुक्त वातावरण जुटाइ दिने बुबा शिवलाल खरेल, आमा विजुला खरेल, जीवन सङ्गिनी देवी भण्डारी (खरेल) भाइ वियोगी बासु खरेल दाजु रमेश खरेल बहिनी विष्णु खरेल, सन्तोषी खरेल र पार्वतीलाई पनि हार्दिक कृतज्ञताज्ञापन गर्दछु । शोधपत्रको टङ्कन कार्यको अभिभारा लिइ दिने क्रिएटिभ कम्प्युटर सेन्टर कीर्तिपुरकी अस्बी शर्मालाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा प्रस्तुत शोत्रपत्रको आवश्यक मूल्याङ्कनका निम्ति नेपाली केन्द्रीय विभाग समक्ष प्रस्तुत गर्दछु ।

घनश्याम खरेल
त्रि.वि. कीर्तिपुर, काठमाडौं

# विषयसूची

पृष्ठ

## अध्याय- एक
## शोधपरिचय


| | |
|---|---|
| १.१ शोधशीर्षक | १ |
| १.२ शोधकार्यको प्रयोजन | १ |
| १.३ विषय परिचय | १ |
| १.४ समस्याकथन | २ |
| १.५ शोधकार्यका उद्देश्यहरू | २ |
| १.६ पूर्वकार्यको समीक्षा | ३ |
| १.७ शोधकार्यको औचित्य | ६ |
| १.८ शोधकार्यको सीमाङ्कन | ६ |
| १.९ शोधविधि | ६ |
| १.१० शोधपत्रको रूपरेखा | ७ |


## दोस्रो -अध्याय
## लोकगीतको सैद्धान्तिक परिचय


| | |
|---|---|
| २.१ लोकगीतको परिचय र परिभाषा | ८ |
|     २.१.१ लोकगीतको परिभाषा | ९ |
| २.२ लोकगीतका तत्त्वहरू | ११ |
| २.३ लोकगीतका विशेषताहरू | १३ |
| २.४ लोकगीतको वर्गीकरण | १७ |

२.५ निष्कर्ष २०

## अध्याय– तीन

## गुल्मी जिल्लामा दिब्रुङ्ग गा.वि.स. का लोकगीतको सङ्कलन र वर्गीकरण

३.१ संस्कार २१
३.१.१ मागल/माहाल २२
३.१.२ खाँडो २३
३.१.३ रत्यौली/रतेली २५
३.२ ऋतु पर्वगीत २९
३.२.१ तीजे गीत ३०
३.२.२ भैलो (भैली) ३३
३.२.३ देउसी गीत ३६
३.२.४ फागू (होली) ४६
३.३ श्रमगीत ४९
३.३.१ जेठे गीत ५०
३.३.२ असारे गीत ५२
३.३.३ घाँसे गीत ५७
३.४ मंसिरेगीत (दाइँगीत) ६०
३.४.१ अन्य गीत ६२
३.५ बाह्रमासे गीत ६३
३.५.१ धार्मिक गीत ६३
३.५.१.१ आरती ६४
३.५.१.२ तीन ठुन्के भजन ६७

३.५.३ कीर्तन ७३

३.५.४ झ्याउरे गीत ७४

३.५.५ चुड्का/रोइला गीत ७६

३.५.६ सराएँ गीत ८०

३.६ विविध गीत ८०

३.६.१ बालगीत ८०

३.६.२ निष्कर्ष ८२

**अध्याय- चार**

**गुल्मी जिल्लाको दिब्रुङ्ग तथा आपचौर गा.वि.स.का लोकगीतको विश्लेषण**

४.१ गुल्मी जिल्लाको दिब्रुङ्ग तथा आँपचौर गा.वि.स.का लोकगीतमा लोकजीवनको प्रतिबिम्ब ८३

४.१.१ सामाजिक चित्रण ८३

४.१.२ सांस्कृतिक चित्रण ८८

४.१.३ आर्थिक चित्रण ९१

४.१.४ प्राकृतिक चित्रण ९३

४.२ निष्कर्ष ९६

**अध्याय पाँच**

**उपसंहार**

५.१ सारांश ९७

५२ निष्कर्ष ९७

**सन्दर्भ ग्रन्थसूची**

# अध्याय- एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक “गुल्मी जिल्लाको दिब्रुङ्ग गा.वि.स.तथा आँपचौर गा.वि.स. मा प्रचलित लोकगीतहरूको अध्ययन रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पारिएको छ ।

## १.३ विषय परिचय

‘लोकगीत’ दुईवटा शब्दको योगबाट बनेको छ । वैद्धिक कालदेखि नै ‘जन’ को प्रयायवाची शब्दको रूपमा ‘लोक’ शब्दको प्रयोग भएको देखिए पनि समयको परिवर्तनसँगै यसले संसार जगत प्रदेश, दुनियाँ जनता, समाज जस्ता विभिन्न अर्थहरूलाई ग्रहण गरेको छ । यसरी लोकगीत भन्नाले लोकजीवनको रागात्मक स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोक जीवनको सुख-दुःख, हाँसो खुशीका साथसाथै चालचलन व्यवहार र मान्यताहरूको चित्रण गरिन्छ । लोकगीतहरू चिन्तन र मननका कारण नभएर सहज सरल रूपले समाजमा हस्तान्तरित हुँदै आएका लोकजीवनका मौलिक लयात्मक अभिव्यक्ति हुन् । साथै लोकगीतहरू लोकजीवनका आस्था र निष्ठाका अभिव्यक्ति हुन् । लोकजीवनमा यस्ता लोकगीतहरू प्रशस्त पाइन्छन् । गुल्मी जिल्लाको दिब्रुङ्ग तथा आँपचौर

गा.वि.स.मा प्रचलित लोकगीतहरूले पनि स्थानीय लोकजीवनको यथार्थलाई संवहन गरेका छन् । त्यसैले गुल्मी जिल्लाको दिब्रुङ्ग तथा आँपचौर गा.वि.स.मा छरिएर रहेका लोकगीतलाई सङ्कलन गरी त्यहाँको सामाजिक जनजीवनमा परेको लोकगीतको प्रभावलाई समेत विश्लेषण गर्ने उद्देश्यले नै प्रस्तुत शीर्षक अनुसन्धानका निमित्त छनोट गरिएको हो ।

## १.४ समस्याकथन

गुल्मी जिल्ला लोकगीतको दृष्टिले अत्यन्त धनी भएर पनि यहाँ प्रचलित लोकगीतहरूको जानकारी नगन्य रूपमा रहेको छ । त्यसैले गुल्मीको दिब्रुङ्ग तथा आँपचौर गा.वि.स. मा प्रचलित लोकगीतहरूको सङ्कलन वर्गीकरण र विश्लेषण नामक शोधपत्र निम्न बुँदागत समस्यामा केन्द्रित रहेको छ ।

क) गुल्मी जिल्लाको दिब्रुङ्ग तथा आँपचौर गा.वि.स. मा के कस्ता र के कति प्रकारका लोकगीतहरू प्रचलित छन् ?

ख) गुल्मी जिल्लाको दिब्रुङ्ग तथा आँपचौर गा.वि.स. मा प्रचलित लोकगीतहरूको सङ्कलन वर्गीकरण र विश्लेषण कसरी गर्ने ?

ग) गुल्मी जिल्लाको दिब्रुङ्ग तथा आँपचौर गा.वि.स. मा प्रचलित लोकगीतहरूको के कस्ता महत्त्व र विशेषता रहेका छन् ?

घ) गुल्मी जिल्लाको दिब्रुङ्ग तथा आँपचौर गा.वि.स. मा प्रचलित लोकगीतहरूले नेपाली लोकगीतको क्षेत्रमा के कस्तो योगदान पुऱ्याएका छन् ?

यिनै समस्याहरूमा केन्द्रित रहेर प्रस्तुत अध्ययन गरिएको हो ।

## १.५ शोधकार्यका उद्देश्यहरू

यस शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् -

क) गुल्मी जिल्लाको दिब्रुङ्ग तथा आँपचौर गा.वि.स.मा प्रचलित लोकगीतहरूको सङ्कलन गरिएको छ ।

ख) गुल्मी जिल्लाको दिब्रुङ्ग तथा आँपचौर गा.वि.स. मा प्रचलित लोकगीतहरूको वर्गीकरण र विश्लेषण गरिएको छ ।

ग) गुल्मी जिल्लाको दिब्रुङ्ग तथा आँपचौर गा.वि.स. मा प्रचलित लोकगीतहरूको महत्व र विशेषता प्रस्ट पारिएको छ ।

घ) गुल्मी जिल्लाको दिब्रुङ्ग तथा आँपचौर गा.वि.स. मा प्रचलित लोकगीतहरूले नेपाली लोकगीतका क्षेत्रमा पुऱ्याएको योगदान बारे प्रस्ट पारिएको छ । यिनै उद्देश्यहरू यस अनुसन्धानबाट पूर्ण गरिएको छ ।

## १.६ पूर्वकार्यको समीक्षा

लोकगीतको सङ्कलन र अध्ययन राष्ट्रिय तथा क्षेत्रीय स्तरबाट केही मात्रामा भएको छ । यस क्रममा लेखक सङ्कलन कर्ता र अध्येताहरूले गरेका पूर्वकार्यहरूलाई निम्नानुसार देखाउन सकिन्छ -

क) नेपाली इतिहास र भाषा साहित्यका अन्वेषक बाबुराम आचार्यले 'पुराना कवि र कविता' मा वि.सं २००३ पूर्व नेपाली लोकगीत मौखिक रूपमै बाँचेको थियो भन्ने कुरा बताएका छन् । तर गुल्मी जिल्लाका गीतका बारेमा केही उल्लेख भएको छैन ।

ख) २००७ सालमा रेडियो नेपालको स्थापना भएपछि लोकगीतको प्रसारण सञ्चार माध्यमबाट हुन थाल्यो । गुल्मी जिल्लामा प्रचलित लोकगीतहरू पनि सञ्चारका माध्यमबाट प्रसारित भए तर गुल्मेली लोकगीतको अध्ययन विश्लेषण गर्ने कार्य भने भएको छैन ।

ग) २०१६ सालमा धर्मराज थापाबाट 'मेरो नेपाल भ्रमण' नामक पुस्तक प्रकाशित भयो । यस पुस्तकमा पनि गुल्मी जिल्लामा प्रचलित सबै लोकगीतहरू सङ्कलित भएनन् ।

घ) २०२० सालमा धर्मराज थापाबाट हाम्रो लोकगीत नामक पुस्तक प्रकाशित गरी लोकगीतमा सामाजिक र भौगोलिक पक्षलाई देखाउने काम भयो ।

ङ) २०३० सालमा धर्मराज थापाबाट 'गण्डकीका सुसेली' नामक पुस्तकमा गण्डकी लुम्बिनी र धौलागिरी अञ्चलका लोकगीतका भेदहरूका बारेमा विस्तृत विवरण दिने काम भएको छ तर गुल्मी जिल्लाका बारेमा यथार्थ सामग्री प्रस्तुत भएको छैन ।

च) २०४१ सालमा धर्मराज थापा र हंसपुरे सुवेदीले नेपाली 'लोकसाहित्यको विवेचना' नामक पुस्तकको प्रकाशन गरी लोकगीतको वर्गीकरण गरेका छन् । यस पुस्तकमा पनि गुल्मी जिल्लाका बारेमा यथार्थ सामग्री प्रस्तुत गरिएको छैन ।

छ) वि.सं. २०५५/५६ मा केशव सुवेदीले वाङ्मय पत्रिकामा 'नेपाली लोकगीत अध्ययन परम्पराका प्रारम्भिक प्रयासहरू सर्वेक्षण र विवेचना' शीर्षकमा लोकगीतको सर्वेक्षण र विवेचना गरेका छन् ।

ज) वि.सं. २०५७ सालमा कृष्णप्रसाद पराजुलीद्वारा 'नेपाली लोकगीतको आलोक' नामक पुस्तक प्रकाशित गरी लोकगीतको सैद्धान्तिक परिचयका साथै लोकगीतको बृहत् व्याख्या गरिएको छ । यसमा पनि गुल्मेली लोकगीतहरू प्रशस्त मात्रामा परेका छैनन् ।

झ) वि.सं. २०५८ मा चूडामणि बन्धुले 'नेपाली लोकसाहित्य' नाम पुस्तक प्रकाशित गरी नेपाली लोकगीतको विभिन्न प्रकारले वर्गीकरण गरेका छन् । यस पुस्तकमा पनि गुल्मेली लोकगीत छुटेका छन् ।

ञ) वि.सं. २०५७ मा जीवेन्द्रदेव गिरीले 'लोकसाहित्यको अवलोकन' नामक पुस्तकमा कर्णाली अञ्चलका लोकगीतहरूको विवेचना गरेका छन् । यसमा पनि गुल्मेली लोकगीतहरू परेका छैनन् ।

ट) वि.सं. २०६० मा झविन्द्र महतले 'गुल्मी जिल्लाको पश्चिमोत्तर क्षेत्रका लोकगीतको अध्ययन' नामक शोधपत्र तयार गरेका छन् । यसमा पनि गुल्मी जिल्लाका सबै लोकगीतलाई समेट्न सकिएको छैन ।

ठ) वि.सं. २०६३ मा दीपककुमार शर्माद्वारा 'गुल्मी जिल्लामा प्रचलित लोकगीतहरूको सङ्कलन वर्गीकरण र विश्लेषण' नामक शोधपत्र तयार गरेका छन् । यसमा पनि गुल्मी जिल्लाको दिब्रुङ्ग तथा आँपचौर गा.वि.स. का सबै लोकगीतहरूलाई समेट्न सकिएको छैन (गोविन्द आचार्य लोकगीतको विश्लेषण, २०६१) ।

लोकगीतका क्षेत्रमा अध्ययन गर्ने क्रममा विभिन्न विद्वान्हरूको पनि भूमिका उल्लेख छ । त्यस्ता विद्वान्हरूमा डा. मोतीलाल पराजुली, तुलसी दिवस, ठाकुरप्रसाद पराजुली, दयाराम श्रेष्ठ, रामदयाल राकेश जस्ता व्यक्तिहरूले लोकगीतका क्षेत्रमा योगदान दिएका छैनन् भन्न सकिदैन ।

संस्थागत रूपमा रेडियो नेपाल, नेपाल प्रज्ञा प्रतिष्ठान, त्रिभुवन विश्वविद्यालयअन्तर्गत नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, एच.बी.सी. रेडियो सगरमाथा जस्ता सञ्चारका संस्था र विभिन्न पत्रपत्रिकाको भूमिका पनि कम उल्लेखनीय छैन ।

यसरी गरिएका पूर्वकार्यहरू राष्ट्रिय स्तरबाट र अञ्चलस्तरबाट गरिएका छन् । जिल्ला स्तरबाट यस्ता कार्य अपर्याप्त भएकाले यस किसिमको कार्य आवश्यक ठानी आंशिक रूपमा भए पनि गुल्मी जिल्लाको दिब्रुङ्ग तथा आँपचौर गा.वि.स.मा प्रचलित लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्ने प्रयास यहाँ गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

नेपाली लोकगीतको अध्ययन, अनुसन्धानमा अहिलेसम्म भएका कार्यहरू सबै जिल्लाको सबै गा.वि.स. मा पर्याप्त र पूर्ण छैनन् । नेपालका कुनाकाप्चामा रहेका असङ्ख्य संस्कार र ऋतु सम्बन्धी लोकगीतहरूको सङ्कलन वर्गीकरण र विश्लेषण व्यापक रूपमा हुन बाँकी नै छ । लोकगीतका क्षेत्रमा हुन बाँकी यस्तै कार्यहरू आंशिक रूपमा नै भए पनि पूर्ति गर्ने लक्ष्य राखेर प्रस्तुत शोधपत्र तयार पारिएको हो ।

मौखिक रूपमा छरिएर रहेका तथा लोप हुन लागेका स्थानीय लोकगीतहरूलाई लिपिवद्ध राष्ट्रिय स्तरमा तिनको परिचय हुने गरी नेपाली लोकगीतको श्रीवृद्धिमा थप योगदान पुऱ्याउनुमा नै यस शोधपत्रको औचिन्त्य रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

लोकगीत जनमासनमा फैलिएर रहने विधा गुल्मी जिल्लाको दिब्रुङ्ग तथा आँपचौर गा.वि.स. मा प्रचलित लोकगीतहरू पश्चिमाञ्चलका अरु क्षेत्र बागलुङ, म्याग्दी, पर्वत, कास्की, अर्घाखाँची आदि ठाउँमा पनि गाउन सकिने भए तापनि गुल्मी जिल्लाको दिब्रुङ्ग तथा आँपचौर गा.वि.स. मा भन्दा बाहिर नगई यही क्षेत्रमा मात्र केन्द्रित भई सङ्कलन वर्गीकरण र विश्लेषण गर्नु यस शोधकार्यको सीमा रहेको छ ।

## १.९ शोधविधि

प्रस्तुत अध्ययनको मूल विधि क्षेत्रीय अध्ययन पद्धतिमा आधारित रहेको छ । विशेष गरी गुल्मी जिल्लाको दिब्रुङ्ग तथा आँपचौर, गुराङ्ग, रूपाकोट, विश्वखर्ग, लिम्घा, हुँगा आदि गाउँ विकास समितिमा प्रचलित लोकगीतहरूलाई सम्बन्धित क्षेत्रमा गएर सङ्कलन गरी यो अध्ययन पूरा गरिएको हो । सामग्री विश्लेषणमा भने आगमनात्मक विधि र विश्लेषणात्मक विधिको पनि उपयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

यस शोधपत्रको रूपरेखालाई निम्नलिखित अध्यायमा विभाजित गरिएको छ ।

पहिलो अध्याय- यस अध्यायमा शोधपत्रको सामान्य परिचय प्रस्तुत गरिएको छ ।

दोस्रो अध्याय- यस अध्यायमा लोकगीतको परिचय परम्परा र वर्गीकरण प्रस्तुत गरिएको छ ।

तेस्रो अध्याय- यस अध्यायमा गुल्मी जिल्लाको दिब्रुङ्ग तथा आँपचौर गा.वि.स. मा प्रचलित लोकगीतहरूको सङ्कलन र वर्गीकरण प्रस्तुत गरिएको छ ।

चौथो अध्याय- यस अध्यायमा गुल्मी जिल्लाको दिब्रुङ्ग तथा आँपचौर गा.वि.स. मा प्रचलित लोकगीतहरूको विश्लेषण गरिएको छ ।

पाँचौ अध्याय- यस अध्यायमा शोधपत्रको उपसंहारलाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ ।

# दोस्रो -अध्याय

# लोकगीतको सैद्धान्तिक परिचय

## २.१ लोकगीतको परिचय र परिभाषा

लोकगीत 'लोक' र गीत दुईजवटा शब्दको योगबाट बनेको छ । वैद्धिक कालदेखि नै 'जन' को पर्यायवाची शब्दको रूपमा 'लोक' शब्दको प्रयोग भएको देखिएको पाइन्छ । समयको परिर्वनसँगै यस शब्दले संसार प्रदेश जगत, दुनियाँ, जनता, समाजजस्ता विभिन्न अर्थहरूलाई ग्रहण गरेको छ । लोकगीत भन्नाले लोक समुदायको लयात्मक तथा रागात्मक स्वतस्फूर्त अभिव्यक्ति हो । लोकगीतमा लोकजीवनका दुःख, सुख, हर्ष, विस्मात, हाँसो, खुशी आदिको सरल तथा सहज अभिव्यक्तिको प्रवाह रहेको पाइन्छ । रचनाकाल र रचनाकार अज्ञान रहने यो विधा लोकसाहित्यका अन्य विधाहरूभन्दा बढी चिरस्थायी बन्नपुगेको छ ।

धेरै पहिलेदेखि नै लोकगीतका माध्यमबाट लोकजीवन आफ्ना दुःख, बह हर्षोल्लास उत्साह उमङ्गको उद्घाटन गर्दै आएको छ । कतिपय हाम्रा संस्कार र चाडपर्वहरू लोकगीत गाएरै मात्र पूरा गरिन्छन् । समाजका बालबालिका एवम् युवायुवतीहरू मात्र नभएर जीवनको अन्तिम विसौनीमा पुगेका बूढाबूढीहरू पनि सुख दुःखका क्षणमा लोकगीत गुनगुनाइरहेका हुन्छन् । त्यसैले लोकगीत यसले गाउने वा यसले नगाउने भन्ने सीमा निर्धारण नभएको सामाजिक सम्पत्ति हो । समाजमा रहेको सामाजिक र आर्थिक पीडाको अभिव्यक्ति समेत लोकगीतका माध्यमबाट भएको पाइन्छ ।

यसरी लोकगीत कुनै रचनाकारको मौलिक रचना नभएर लोकजीवन र लोक हृदयको स्वतस्फूर्त, सुकोमल लयात्मक अभिव्यक्ति हो । यो एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै आएको मौलिक मनोरञ्चनात्मक र लयात्मक लोकसाहित्यको व्यापक एवम् प्रमुख विधा हो ।

## २.१.१ लोकगीतको परिभाषा

लोकगीत अविछिन्न रूपमा बगिरहने नदीको जल जस्तै छ । बौद्धिकता भन्दा हार्दिकता वा भावनात्मकताको प्राधान्य हुने यस विधालाई सामाजिक सांस्कृतिक र आर्थिक कार्य सम्पादन गर्ने सहभागीहरूले गाउँदै सुनाउँदै र जीवन्त राख्दै आएको पाइन्छ । यसरी लोकको मनोरञ्जनको साधन बनेको लोकगीतलाई चिनाउने काम भने लोक साहित्यका अध्ययन अनुसन्धानका क्रममा विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय विद्वान्हरूबाट हुँदै आएको छ । त्यही अनुसन्धानका क्रममा विभिन्न अनुसन्धानधाता विद्वान् अनि विशेषज्ञहरूका परिभाषालाई दृष्टिगत गर्नु सान्दर्भिक हुन्छ ।

लोकगीतका सन्दर्भमा नेपाली साहित्यकोशमा लोकगीतलाई यसरी अर्थ्याइएको छ - नेपाली लोकसाहित्यको एक प्रमुख अङ्ग लोकगीत हो । यसलाई नेपाली प्राकृतिक कविता भने पनि हुन्छ । यसले आफ्नो रूप र विधा आफैले जन्माउँछ । यो सरल हुन्छ, सुबोध हुन्छ र लोकप्रिय हुन्छ । यसको कलेवरमा लोकजीवन छर्लङ्गिने ऐना हुन्छ । यसैले लोकगीत भनेको समष्टिको मनबाट जन्मिने कुरा हो । अतः लोकगीतमा कविता सिर्जना गर्ने कविताहरूको नाम उल्लेख भएको पाइदैन । यसको संरचनामा कुनै पूर्वयोजना पनि हुँदैन ।[ज्ञ] महाकवि लक्ष्मीप्रसाद देवकोटाले मुनामदनभित्र सज्जनवर्गप्रति भन्ने उपशीर्षकमा "झ्याउरे भनी नगर हेला हे प्यारा सज्जन" भन्दे लोकगीतको झ्याउरे छन्दलाई महत्व दिएका छन् ।[द] यसरी भाव र लयको पूर्ण भएको मानव अन्तस्करणबाट बाहिर उद्दीम भएर प्रस्तुत हुने लयात्मक अभिव्यक्ति नै लोकगीत हो ।

नेपाली लोकगीतका अध्येता सत्यमोहन जोशीले "लोकगीत भनेको त्यो सङ्गीत वा गीत हो जुन मानव समाजमा मातृभाषाको नाताले मानिसहरूमा नैसर्गिक रूपले सुख र दुःखको अनुभवमा दया, माया, प्रेमभाव अभिव्यक्ति हुने बेलामा स्वयमेव उद्गारको रूपमा

---

[ज्ञ] ईश्वर बराल र अन्य (सम्पा.) **नेपाली साहित्यकोश**, काठमाडौं नेपाल प्रज्ञाप्रतिष्ठान, २०५५, पृ. ४३६ ।

[द] लक्ष्मीप्रसाद देवकोटा, **मुनामदन**, ललितपुर : साझा प्रकाशन, २०५४ भूमिका खण्ड।

लयदार तरजमा काव्यमय शैलीझैं निस्कन्छ " भनेका छन् ।[घ] नेपाली लोकसाहित्यका अर्का अध्येता लक्ष्मण लोहनीले "मानवीय क्रियाकलापसँगै बाह्रै महिना डम्फू, मादल, झ्याली, करताल, खैंजडी, मुजुरा आदि लोकवाद्यका रन्कोमा रोदीघरदेखि डाँडापाखाहरूमा गुञ्जने सुमधुर स्वरलहरीलाई लोकगीत भनेका छन् ।[ढ]नेपाली साहित्यमा लोकगीतलाई जनसाहित्यको नामले चिनाउने काजीमान कन्दङ्वाले जनसमूहका दैनन्दिनका भावनाहरू लयदार भाषामा बगेका गीतलाई लोकगीत भनेका छन् ।[छ] कालीभक्त पन्तले हरेक समाजको स्वतन्त्र विधाको रूपमा चित्रण गर्दै भन्छन्- "कसैका दवाव, धन, बक्सिस, लोभ र आशामा नपरी नर-नारीका स्वयम् दुःखीत, आक्रान्त, उद्विग्न, संभ्रान्त त्रस्त, जागृत, प्रफुल्लित, हर्षित संयुक्त, नियुक्त, अनादरित र आदारितसमेत जो कोही जाति-व्यक्ति, लिङ्ग-समाज जिल्ला गाउँ समेतका मानिसले कुनै पुस्तकी बन्धनले बद्ध नभएर बनाएको जो गीत हो त्यही नै लोकगीत हो ।"[ट]

लोकगीत एउटै विषयवस्तु, एउटै स्वरलहरी र कुनै व्यक्ति विशेष तथा कुनै भू-खण्डमा मात्र सीमित नहुने हुँदा तिनलाई एउटै परिभाषामा समेट्न सम्भव छैन । कसैले अर्थलाई जोड दिएका छन् भने कसैले लयलाई जोड दिएका छन् । वास्तवमा लोकगीत आफ्नो सांस्कृतिक परिवेशअनुरूप समकालीन सामाजिक चेतनाको लयात्मक रूपमा हुने अभिव्यक्ति हो । लोकगीतले गेयात्मकता, निर्वैयक्तिकता तीव्रता, सरलता, मार्मिकता, रागात्मक, विश्वव्यापकता आदि विशेषता बोकेको हुन्छ । बौद्धिकताको जटिलताबाट लोकगीत टाढै रहेको हुन्छ भने यसमा हार्दिक पक्षको वर्चश्व रहेको हुन्छ । यसमा भाषा लयदार हुन्छ र भावमा तथा सङ्गीतात्मकताको समन्वय पाइन्छ । समालोचक दयाराम श्रेष्ठले लोकगीतहरू आकारमा छोटा गाउन र कथ्य सजिला मनोरञ्जन तथा तुरुन्तै

---

[घ] सत्यमोहन जोशी, **लोकगीतको केही झल्का प्रगति,** (वर्ष ३,अङ्क २, पूर्णाङ्क १४, २०१२) पृ. १४५ ।

[ढ] लक्ष्मण लोहनी, **रोदीघर,** दो.सं. काठमाडौंः रत्नपुस्तक भण्डार, २०२२) पृ. ८ ।

[छ] काजीमान कन्दङ्वा, **नेपाली जनसाहित्य,** काठमाडौंः रोयल नेपाल एकेडेमी, २०२०) पृ. १० ।

[ट] कालीभक्त पन्त, **गीत सुधारको राष्ट्रिय बाटो,** (प्रकाशन स्वयम् २०३३) पृ.९७ ।

प्रभाव उत्पन्न गराई हसाउन वा रुवाउन सक्ने हुनाले सर्वसाधारणमा पनि यी लोकप्रिय बनेका छन् भन्ने धारणा राख्दछन् ।[ठ]

## निष्कर्ष

यसरी समग्रमा सम्पूर्ण विद्वान्हरूका परिभाषाहरूलाई समेटेर भन्नुपर्दा "लोकगीत समाजको आदिकालदेखि सामूहिक श्रुतिपरम्परामा आधारित त्यस्तो श्रव्य विधा हो , जसले सामाजिक जनमानसका सुख-दुःख, हर्ष विस्मात, दया-माया, प्रेम, घृणा आदिलाई भाषाका माध्यमबाट अभिव्यक्त गर्दछ" ।

## २.२ लोकगीतका तत्त्वहरू

लोकगीत लोक समुदायको साझा सम्पत्ति हो । यो लोककला हो । लोक साहित्यका अन्य विधाहरू भन्दा यो बढी लोकप्रिय बन्न पुगेको छ । लोकगीतमा पनि अन्य लेख्य साहित्यिक विधाहरूमा जस्तै विभिन्न तत्त्वहरूको उपस्थिति रहेको हुन्छ । तिनै तत्त्वहरूको माध्यमबाट नै लोकगीतको आफ्नै किसिमको संरचना बनेको हुन्छ ।

नेपाली लोकगीतका विश्लेषक डा. चूडामणि बन्धुका अनुसार लोकगीतको संरचनामा ६ तत्वहरूको संयोजन गरिएको हुन्छ ।

१. कथ्य, २. भाषा, ३. चरन वा पद, ४. स्थायी र अन्तरा, ५. रहनी र वथन, ६. लय र भाका ।[ड] यसका अतिरिक्त डा. चूडामणि बन्धुले नृत्य र वाध्यलाई पनि लोकगीतका गौण तत्त्वको रूपमा उल्लेख गरेका छन् । कृष्णप्रसाद पराजुलीका विचारमा लोकगीत ६ तत्त्वहरूको संयोजनद्वारा बनेको हुन्छ ती हुन् १. संरचना, २. लय, ३.गेयता,

---

[ठ] दयाराम श्रेष्ठ 'सम्भव', **प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा,** काठमाडौंः त्रि.वि. पाठ्यक्रम विकास केन्द्र २०२८) पृ. १५ ।

[ड] चूडामणि बन्धु, **नेपाली लोकसाहित्य**, काठमाडौं एकता बुक्स २०५८, पृ. ११५।

४. कथन पद्धति, ५. भाषा र ६. भाव ।[ढ] पराजुलीले पनि नृत्य र वाद्यलाई सहायक तत्त्वका रूपमा उल्लेख गरेका छन् । डा. गोविन्द आचार्यले लोकगीतका तत्त्वहरूलाई दुई रूपमा विभाजन गर्दै भन्छन्- लोकगीतमा आउने तत्त्वहरूलाई मूलतः अनिवार्य तत्त्व र ऐच्छिक तत्त्वको रूपमा वर्गीकरण गर्न उपयुक्त देखिन्छ ।[ञण] आचार्यले अनिवार्य तत्वअन्तर्गत भाषा, सङ्गीतात्मकता, गायक, गायिका र कथ्य वा भावलाई उल्लेख गरेका छन् भने ऐच्छिक तत्त्वको रूपमा काव्यात्मकता, रहनी वा थेगो, झ्याँकी, अन्तरा स्थायी वाद्य नृत्य, अभिनय, पहिरन र श्रोता वा दर्शक र सहभागीलाई राखेका छन् । डा. मोतीलाल पराजुलीले लोकगीतको संरचनामा तत्वहरूले मुख्य भूमिका खेल्ने उल्लेख गर्दै लोकगीतका तत्वहरू ५ प्रकारका हुने कुरा उल्लेख गरेका छन् । उनका अनुसार १. कथ्य विषयवस्तु वा भाव, २. भाषा, ३. स्थायी अन्तरा र थेगो, ४. लय वा भाका र ५. सङ्गीत नै लोकगीतका वास्तविक तत्त्व हुन ।[ञञ]

उपयुक्त विद्वान्हरूका तत्त्व वर्गीकरणलाई समीक्षा गर्दै चूडामणि बन्धुले लोकगीतको अनिवार्य तत्त्व सङ्गीतलाई नै छोडिदिएका छन् भने कृष्णप्रसाद पराजुलीले सङ्गीतशास्त्रका आधारभूत नियमहरूबाट विसङ्गत भएर तत्त्व विश्लेषण गरेका छन् । गोविन्द आचार्यले लोकगीतका प्रायजसो सबै तत्त्वहरूलाई समेट्न खोजे पनि वर्गीकरणको सीमालाई अर्का अध्येता डा. मोतीलाल पराजुलीले सङ्गीतशास्त्रीय तत्त्वको आधारमा लोकगीतको संरचनालाई केलाउँदै गरेको तत्त्ववर्गीकरण नै उपयुक्त वर्गीकरण मान्न सकिन्छ । त्यस आधारमा लोकगीतका मूल तत्त्वहरू निम्न छन् ।

१. कथ्य विषयवस्तु वा भाव

२. भाषा

---

[ढ] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक,** काठमाडौं : वीणा प्रकाशन प्रा.लि. २०५७, पृ. ७६ ।

[ञण] गोविन्द आचार्य, **लोकगीतको विश्लेषण,** काठमाडौं : २०६२ पैरवी प्रकाशन, पृ. २ ।

[ञञ] मोतीलाल पराजुली, **लोकगीतको संरचना, कुञ्जिनी** (११:८, २०६०) पृ. २१ ।

३. स्थायी, अन्तरा र थेगो

४. लय वा भाका

५. सङ्गीत

## २.३ लोकगीतका विशेषताहरू

लोकगीतका लोकसाहित्यको श्रव्य विधा हो । लोक र गीत दुई शब्दको मेलबाट बनेको लोकगीतमा सङ्गीतात्मकता अनिवार्य हुन्छ । त्यसैले लोकगीतमा रहेको लयात्मकता, गेयात्मकता वा सङ्गीतात्मकताले लोकगीतलाई जीवन्त बनाइरहेका हुन्छन् । लोकगीतमा रहने धुन वा रागात्मकता नै यसको आफ्नो मूल विशेषता बन्न पुगेको छ । लोकगीत लोकसमुदायको आन्तरिक पीडा, मर्म, बेदना सुख आशा आदिको स्वस्फूर्त अभिव्यक्ति हो । यसकै सहारामा कतिपय लोकमानसहरू आफ्ना कयौं सङ्कटका क्षणहरूलाई विर्सन्छन् । आफूलाई लागेका कुरालाई भाषा र लोक सङ्गीतको माध्यमबाट लोकगीत बनाएर अभिव्यक्त गर्दा उनीहरू आनन्दित हुन्छन् । यसरी लोकको सहज अभिव्यक्ति बनेको लोकगीतलाई प्रकट गर्दा कुनै परिष्कार वा परिमार्जनको आवश्यकता पनि देखिदैन । त्यसैले पनि लोकगीत लोकमानसको सहज तथा स्वस्फूर्त अभिव्यक्ति हो ।

लोकगीत प्रायः सामाजिक सांस्कृतिक र आर्थिक कार्य सम्पादन गर्ने सहभागीहरूले गाउने हुनाले जुनसुकै जाति वा भाषिक समुदायको लोकगीतको विश्लेषण गरेर, ती लोकगीतका गायक, श्रोता र सहभागीहरू बस्ने हुर्किने समाजका विशेषताहरू केलाउन सकिन्छ ।[ज्ञ्द] त्यसैले लोक समाजको दर्पण पनि हो । यसबाट कुनै पनि समाजको सामाजिक, आर्थिक सांस्कृतिक आदि गतिविधिको पहिचान गर्न सकिन्छ ।

लोकगीतमा रहेको मौलिकता वा आफ्नोपनले लोकगीतलाई अन्य गीतहरूका तुलनामा पृथक किसिमले चिन्न वा चिनाउन सकिन्छ । कसैको दवाव, कुनै सिद्धान्तको पछि लागेर लोकगीतका सर्जकहरूले लोकगीत बनाएका हुँदैनन् । यो त जनमर्मको

---

[ज्ञ्द] गोविन्द आचार्य, पूर्ववत्, पृ. १० ।

विरेचनको रूपमा प्रस्फुटित भएर आउँछ ।जसले गायक वा श्रोताका भावनालाई उद्घाटित गर्छ । आफ्नो पीर वा वेथा वार्तालापको माध्यमबाट समाजमा व्यक्त गर्न नसक्ने एकजना नारी डोको बोकेर एकान्त भीरमा लोकलयमा कुर्लन सक्छे । घरपरिवार, समाज र त्यहाँको थिचोमिचो, वनजङ्गल, कुहिरो, बतास, आदि प्रकृतिको चित्रण , आफू जन्मे हुर्केको ठाउँलाई छोडी देशविदेश जानुपर्दाको पीडा, युद्धमा देखाइएको वीरता र दुःखान्त मृत्यु जस्ता कैयौं समसामयिक घटनाक्रमलाई अभिव्यक्त गर्न लोकगीत सहायक बनेको हुन्छ । लोकगीतका खास खास विशेषतालाई बुँदागत रूपमा यहाँ चर्चा गरिएको छ ।

### क) अज्ञान रचयिता

कुन लोकगीत कुन कलाकारले कहिले रच्यो भन्ने कुरा थाहा हुँदैन । लोकगीत समय सीमालाई नाघेर निरन्तरप्रवाहमा बग्दै जान्छ र यसको स्रष्टा पार्श्व भूमिमा नै छिमेको हुन्छ । यसरी लोकगीत कुनै व्यक्ति विशेषको रचना नभई लोकको रचना हो । ग्रामीण जीवनको स्वस्फूर्त अभिव्यक्तिका रूपमा आएको लोकगीत गतिशील हुन्छ । समयको प्रवाहसँगै एक पुस्ताबाट अर्को पुस्ता, एकभेगबाट अर्को भेगमा सर्दै जाँदा यसले आफूमा पनि निरन्तरता परिवर्तन ल्याएको हुन्छ । त्यसो भए तापनि यसको मूल भावमा भने आमूल परिवर्तन हुँदैन । यसबाट के प्रष्ट हुन्छ भने लोकगीतको रचयिता अज्ञात हुन्छ र प्रत्येक पुस्ता र भेगमा सर्दा यसको वाह्य र आन्तरिक कलेवरमा समेत सूक्ष्म रूपले परिवर्तन देखापर्दछ । लोकगीत पहिले नै लिपिबद्ध नहुने हुँदा यसमा रचनाकारको महत्व गौण हुन्छ र यो परिवर्तन पनि भई नै रहन्छ । यसरी रचयिता वा गीतकार अज्ञात रहनु लोकगीतको प्रमुख विशेषता हो ।

### ख) सामूहिक भावभूमि

लोकगीत लोकमानसको सामूहिक अभिव्यक्तिको माध्यम हो । यसमा देशकालको सीमाबन्ध हुँदैन । यसमा व्यक्तिव्यक्तिको श्रृङ्खला जोडेर त्यसले परस्पर संवेद्य समूहको

रूप लिन पुगेको हुन्छ । लोकगीत जसले गाए पनि त्यसमा निहित उल्लास र पीडाको स्वर सामूहिक रूपमा गुञ्जन्छ । मौखिक परम्पराबाटै अविरल प्रवाहमा बगेर आइरहेको लोकगीतमा मानवीय भावनाको अभिव्यक्ति आएकोले यसमा हृदयको भावलाई गाएर व्यक्त गरिन्छ । बौद्धिकता भन्दा हार्दिकतातिर ओर्लेको लोकगीतको भाव यसैले लयदार हुन्छ । लोकगीत सामाजिक उपज भएकाले नै यसमा सामाजिक भावभूमि लुकेको हुन्छ । लोकगीत व्यक्तिविहिन भएकाले यसले वैयक्तिकताबाट माथि उठेर सामूहिकताको निर्माण गर्दछ ।

### ग) मौखिक परम्परा

लोकगीत आफ्नै किसिमको साङ्गीतिक वेद बनेर मौखिक वा श्रुतिपरम्परामा हुर्किदै आएको छ । जुनसुकै लोकगीतलाई विपिबद्ध गरी सङ्कलन गर्न सकिन्छ तर रच्छु भनेर रच्न भने सकिदैन । लोकगीत एक जिब्रोबाट अर्को जिब्रो, एक बिसौनीबाट अर्को बिसौनीमा , एक खोलाबाट अर्को खोलामा एक ऋतुबाट अर्को ऋतुमा, एक कालबाट अर्को कालमा एकयुगबाट अर्को युगमा सर्दै प्रवाहित हुँदै आउँछ । त्यसैले यो गतिशील र परिवर्तनशील हुन्छ । मौखिक परम्परामा हुर्कनु र विस्तार हुनु लोक गीतको विशेषता हो ।

### घ) सहजता र स्वभाविकता

लोकगीत जहिले पनि लोकभावनामा आधारित हुन्छ । यसको सिर्जनामा पनि लोककलाकारलाई कुनै कठिनाइ पर्दैन । लोकगीत धारा प्रवाहका रूपमा स्वस्फूर्त इतिहास हो । यो क्षणिक आवेश र सस्तो मनोरञ्जनको साधन मात्र होइन । यद्यपि लोकगीतमा किशोर किशोरी र युवायुवतीहरूको प्रेम, उल्लास र वेदनामा मुखरित भएका हुन्छन् ।[ज्ञघ] लोकगीतमा मानिसको कानलाई मात्रै होइन मनलाई पनि सुख र प्रेरणा दिने ध्वनि लुकेको हुन्छ । यसको अभिव्यक्तिको आधार पनि लोक भावनालाई अँगालिने सरलता र सहजता नै

---

[ज्ञघ] वासुदेव त्रिपाठी, **सिंहावलोकन**, काठमाडौं साझा प्रकाशन, २०३१, पृ. ३ ।

हो । तसर्थ प्रत्येक समाज र जातिको जीवित इतिहास सहज र स्वभाविक रूपमा लोकगीतमा अभिव्यक्त भएको हुन्छ ।

### ङ) मौलिकता र सरलता

लोकगीतमा अभिव्यक्त स्वच्छ, सरल र सरस हुन्छ । स्वच्छ, सरल र सरस नभइकन त्यसलाई लोकमानसले पचाउन सक्दैन । लोकगीतमा प्रयुक्त भाषामा आफ्नै पन र विशेषता रहेको हुन्छ । यसमा प्रयुक्त भाषा हृदयका उद्‌गार एवम् झङ्कार व्यक्त गर्न पर्याप्त ~ सक्षम रहेको छ । लोकगीतमा पाइने ध्वनिमय रूप वा स्वरूपले पनि रागमय एवम् लयदार भएर हृदयलाई छुन्छन् । यही विशेषताले लोकगीतका भाव सजिलैसँग बुझ्न र ग्रहण गर्न सकिन्छ ।

### च) प्रकृति चित्रण

लोकगीत प्रकृतिसँग तादात्म्य रहेको हुन्छ । प्रकृतिसँग तादात्म्य भई हार्दिक अभिव्यक्ति पोख्ने क्रममा आफ्ना आँखाले देखेका र आफूले भोगेका कुरालाई लोकजीवनले टिपेर गेयात्मक रूपमा प्रकट गर्दछ । लोकगीतले जनमानसद्वारा अनुभूत गरिएका प्राकृतिक बिम्बलाई प्रशस्त स्पर्श गरेको हुन्छ ।

### छ) प्रश्नोत्तर प्रवृत्ति

लोकगीतमा प्रश्नोत्तर प्रवृत्ति पनि रहेको हुन्छ । युगल गीत र जुहारीका रूपमा गाइने गीतहरू प्रश्न प्रधान गीत हुन् । प्रश्नोत्तर प्रधान गीतहरूमा सीधा प्रश्न र उत्तर हुन्छन् । अनि ती सहज तथा रागात्मक भएर सामाजिक भावनासँग सम्बद्ध हुन्छन् । जुहारी खेल्दा गीतमा गेडा नै खस्न नपाउँदै भाका छोपेर गीतैमा जवाफ फर्काउने र भट्याउने प्रक्रिया पनि त्यत्तिकै रसमय हुन्छ । त्यसैगरी लोकगीतमा मुख्य भावलाई घनत्व दिनका लागि थेगोको पुनरावृत्ति भएको हुन्छ ।

### ज) पुनरावृत्ति र थेगोको प्रयोग

लोकगीतका प्रत्येक चरणपछि भइरहने पुनरावृत्तिलाई टेक पनि भनिन्छ । लोकगीत गाउँदा कतिपय अवस्थामा पहिलो पङ्क्ति प्रायः दोहोऱ्याएर गाइन्छ । शब्द शब्द वा वाक्य वाक्यलाई दोहोऱ्याई दोहोऱ्याई चरण पूरा गर्ने क्रिया लोकगीतको आफ्नो शैली हो । लोकगीतमा थेगो वा रहनीको प्रयोग पनि अत्यन्तै रसिलो हुन्छ ।

### झ) स्वच्छन्दता

लोकगीत लोकजीवनको सहजानुभूतियुक्त हार्दिक अभिव्यक्ति हो । लोकगीत कुनै पनि निर्धारित नियम एवम् शास्त्रीय विधानका अनुशासनमा नबाँधिई लोकजीवनले आफै पहिल्याएको गीत र लयमा प्रवाहित भइरहेको हुन्छ । लोकगीतलाई शास्त्रीय नियमको अनुशासनमा बाँध्नु र परम्परागत छन्द अलङ्कार रसद्वारा आफ्नै अनुभव राखेर पर्गेल्नु सम्भव कुरो पनि होइन । लोकसर्जकहरूका अनुभूतिमा निः सृत हुने भएकाले नै लोकगीतका लय पनि लोकजीवनकै प्रचलित भइसकेका निखरा हुन्छन् । यिनै विविध कारणले लोकगीतको अभिव्यक्ति स्वच्छन्द हुन्छ । यसरी मान्छेको जीवनचक्रदेखि प्रकृतिको चक्रलाई पनि लोकगीतले आफ्नो क्षेत्र बनाएको हुन्छ । बौद्धिकता भन्दा भावनात्मकता वा हार्दिकता बढी रहने लोकगीत प्रायः ग्रामीण जनमानसको लयात्मक अभिव्यक्ति हो ।

## २.४ लोकगीतको वर्गीकरण

लोकगीतलाई विभिन्न विद्वान्हरूले आ-आफ्नो किसिमले वर्गीकरण गरेको पाइन्छ । कृष्णप्रसाद पराजुलीले [ज्ञद्ध] लोकगीतलाई निम्नानुसार मुख्य दुई आधारमा वर्गीकरण गरेको पाइन्छ ।

१. वर्षचक्रीय लोकगीत

---

[ज्ञद्ध] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक**, काठमाडौं: वीणा प्रकाशन प्रा.लि. पूर्ववत् पृ. १४९ ।

क बाह्रमासे लोकगीत ,

ख) ऋतुकालीन लोकगीत

अ) पर्वगीत आ) कर्मगीत

२. जीवनचक्रीय लोकगीत

क) संस्कारगीत

ख) धार्मिक गीत

ग) उमेर-अवस्था कालीन गीत

घ) नृत्यगीत

चूडामणि बन्धु[ज्ञछ]ले नेपाली लोकगीतलाई निम्नानुसार तीन आधारमा वर्गीकरण गरेको देखिन्छ -

१. सहभागिताका आधारमा

क) एकलगीत ख) दोहोरी गीत ग) समूह गीत

२. लय वा भाकाका आधारमा

क) स्थानीय गीत ख) जातीय गीत

३. प्रकार्यका आधारमा

क) धार्मिक गीतहरू ख) अनुष्ठानमूलक तथा संस्कार गीतहरू

ग) ऋतुगीत तथा पर्वगती घ) श्रमगीत


गोविन्द आचार्य[ज्ञट] ले लोकगीतको वर्गीकरण निम्नलिखित ९ आधारमा गरेका छन्-

---

[ज्ञछ] चूडामणि बन्धु, **नेपाली लोकसाहित्य**, काठमाडौं एकता बुक्स २०५८, पृ. १२१ ।

१. वाद्य २. अभियन, ३. छन्द एवम् सङ्गीतात्मकता, ४. सहभागीको उमेर, ५. आख्यान प्रयोग, ६. रस, ७. स्थान, ८. जाति, ९. छन्द एवम् सङ्गीत

यसप्रकार विभिन्न विद्वानहरूद्वारा गरिएको लोकगीतको वर्गीकरणबाट लोकगीतको पहिचान गर्न सजिलो भएको छ । यिनै वर्गीकरणको ढाँचालाई हेरेर नेपाली लोकगीतको वर्गीकरण निम्नलिखित आधारमा गर्नु सान्दर्भिक देखिन्छ ।




## संस्कारगीत

जन्मदेखि मृत्युसम्ममा हाम्रो समाजमा विभिन्न संसकारहरू गरिन्छन् । यस्तो संस्कारहरूका अवसरमा गाइने विशेष प्रकारका गीतहरूलाई संस्कारगीत भनिन्छ । विभिन्न किसिमका माङ्गलहरू खाँडो, रत्यौलीगीतहरू अीद संस्कारगीतहरू हुन् ।

## ॠतु पर्वगीत

वर्षभरिमा ६ ॠतु र बाह्रै महिनामा कुनै न कुनै पर्वहरूको आगमन हुने गर्दछ । यस्ता पर्वहरूका अवसरमा गाइने गीतहरूलाई ॠतु पर्वगीत भनिन्छ । तीज गीत, देउसी , भैलो, फागू आदि ॠतुपर्व गीतहरू हुन् ।

## श्रमगीत

---

[ज्ञट] गोविन्द आचार्य, **लोकगीतको विश्लेषण,** काठमाडौं २०६२ पैरवी प्रकाशन, पृ. १७।

खेतबारीमा काम गर्दा हुने श्रमलाई हटाएर आनन्द प्राप्त गर्न श्रमगीतहरू गाउने गरिन्छ। जेठे, असारे, घाँसे आदि श्रमगीत हुन्।

**धार्मिक गीत**

नेपाली समाज धर्ममा विश्वास राख्ने भएकाले नेपालीहरू धार्मिक अवसरमा ईश्वरको स्तुतिसँग सम्बन्धित गीतहरू गाउने गर्दछन् । त्यस्ता गीतहरूलाई धार्मिक गीत भनिन्छ । आरती, भजन, कीर्तन, जस्ता गीतहरू यस अन्तर्गत पर्दछन् ।

**बाह्रमासे गीत**

कुनै खास पर्व, ऋतु वा संस्कारको अवसरमा मात्र नभएर बाह्रै महिना मनोरञ्जनका निम्ति गाइने गीतहरूलाई बाह्रमासे गीत भनिन्छ । सालैजो, सुनीमाया, यानीमाया झ्याउरे रोइला आदि बाह्रमासे गीत हुन् ।

**विविध**

विशेष गरेर यस समयमा गाउनैपर्छ भन्ने नियम नभएका गीतहरू विविध गीत हुन् । यसमा विशेष गरेर बालगीतहरू पर्दछन् ।

## २.५ निष्कर्ष


मानवसभ्यताको इतिहासमा अभिव्यक्तिको पहिलो खुड्किलाका रूपमा जन्मेको अपठित मानिसको सहज, अकृत्रिम अभिव्यक्तिमा जीवित रहेको लोकसाहित्यका विभिन्न विधाहरूमध्येको एउटा विधा लोकगीत हो । गुल्मी जिल्लामा लोकजीवनको ढुकढुकीका रूपमा रहेको लोकगीतलाई विषयवस्तुका आधारमा संस्कार गीत ऋतुपर्वगीत, श्रमगीत, धार्मिक गीत, बाह्रमासे गीत र विविध गीत गरी ६ भागमा वर्गीकरण गरिएको छ । लोकगीत मौखिक परम्परागत रूपमा धेरै पहिलदेखि प्रचलनमा आएको मानिन्छ । नेपाली लोकगीतको अध्ययन परम्परा भने वि.सं २००७ पछि मात्र सुरु भएको हो भन्दै यस अध्यायमा लोकगीतको सम्पूर्ण परिचय दिने काम भएको छ ।

# अध्याय- तीन

## गुल्मी जिल्लामा दिब्रुङ्ग गा.वि.स. का लोकगीतको सङ्कलन र वर्गीकरण

### ३. वर्गीकरण

लोकगीत व्यक्तिप्रतिभाको उपज नभएर लोकप्रतिमाको सहज सृजनाका रपमा आएको हुन्छ । मौखिक परम्परामा एउटा पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै जीवित रहेको लोकासाहित्यको एक प्रमुख विधा हो लोकगीत । यही मौखिक वा श्रुतिपरम्परामा नेपाली लोकगीतहरू हुर्किएका मौलाएका र झाङ्गिएका छन् । लोकगीतमा प्रशस्त विविधता पाइन्छ तापनि यस जिल्लाको दिब्रुङ्ग तथा आँपचौर गा.वि.स.मा प्रचलित लोकगीतहरूलाई निम्नलिखित प्रकारहरूमा राख्न सकिन्छ ।




यी गीतहरू सम्बन्धी सामान्य चर्चा अध्याय दुईमा नै गरिएको छ ।

### ३.१ संस्कार

संस्कार शब्द संस्कृतको 'कृ' धातुमा 'सम' उपसर्ग र 'घञ' प्रत्यय लागेर बनेको हो । यस शब्दले परिष्कार, परिमार्जन वा शुद्धीकरण भन्ने अर्थ बुझाउँछ । हाम्रो समाजमा वस्तुहरूको मात्र होइन मान्छेको पनि संस्कार गरिन्छ । गर्भाधानदेखि लिएर मृत्युपर्यन्त विविध समयमा विभिन्न संस्कारहरू गर्ने गराउने परम्परा हामी कहाँ छ । हरेक संस्कारमा गरिने विधि र व्यक्त गरिने भावना भिन्नाभिन्नै हुन्छन् । ती भावनालाई गेयात्मक रूपमा

प्रस्तुत गरिने चलन पुरानै हो । यस्ता भावनाहरू गेयात्मक रूपमा लोकजीवनमा गाइने हुनाले यिनलाई लोकगीतकै श्रेणीमा राखिएको हो । सहरी वातावरण शिक्षादीक्षा र आधुनिक सभ्यताको विकासले गर्दा यस्ता चलनहरू विस्तार विस्तार हराउँदै जान थालेका छन् । नेपालको सुदूरपश्चिम भेगको तुलनामा पूर्वमा यस्ता रीतिरिवाजको अस्तित्व कम देखिन्छ । कर्णाली प्रदेश र सुदूरपश्चिमाञ्चलतिर अझै पनि जन्म, नामकरण, अन्नप्राशन, चूडाकर्म, ब्रतवन्ध, विवाह आदि संस्कारमा र ती भित्रका स-साना क्रियाहरूमा समेत भिन्दाभिन्दै गीतहरू गाइन्छन् । गुल्मी जिल्लामा विवाह ब्रतवन्धमा मात्र मागल गाइने चलन छ । मागल गाउने चलन बाहुन समाजमा मात्र प्रचलित छ । मागललाई माहाल पनि भनिने गरेको पाइन्छ । त्यसै गरी विवाहमा गाइने रत्यौली, क्षेत्री वा ठकुरी समाजमा गाइने खाँडोलाई पनि संस्कार गीतअन्तर्गत राखेर यहाँ चर्चा गरिएको छ ।

### ३.१.१ मागल/माहाल

मङ्गल शब्दको अपभ्रंश भएर 'मागल' वा 'माहाल' शब्द बनेको हो । वैदिक सनातन धर्माबलम्बी हिन्दूहरूका हरेक शुभकार्यमा मङ्गल गीत गाइने चलन छ । नेपालमा वर्तमान समयसम्म पनि मागल गाउने परम्परा केही मात्रामा जीवित छ । गुल्मी जिल्लामा रहेका ब्राह्मण जातिको क्षेत्रमा 'मागल' गाउने परम्परा केही समय पहिलेसम्म रहेको बताइए पनि पूरै मागल गीत गाउने सूचक भने हराइसकेका छन् । विवाह तथा ब्रतवन्धको अघिल्लो दिन यहाँ कसार बटार्ने परम्परा रहेको र कसार बटार्ने दिनदेखि विवाहमा दुलाहा निस्कने दुलही भित्र्याउने आदि मौकामा पनि मागल गाउने चलन रहेको कुरा यहाँका पुराना पुस्ताका नारीहरूबाट थाहा पाउन सकिन्छ ।

कसार बटार्दा गाइने मागल गीतको केही अंश

*हमरोको भाइ विवाह भयो*
*कसारै बटारम*
*कसारै बटारम*

*आ है कसारै बटारम*

*आकाशैबाट पातालैबाट*
*आएका दिदी र*
*बहिनी कसारै बटारम*

*आ है कसारै बटारम*

*हमरोको भाइ विवाह भयो*
*कसारै बटारम*
*कसारै बटारम*
*आ है कसारै बटारम*

स्रोतः गोमा न्यौपाने, रूपकोट

विवाहको अघिल्लो दिनमा दुलाहको घरमा कसार बटार्दा दिदीबहिनीहरूद्वारा कुनै वाद्ययन्त्रको प्रयोग नगरी विलम्बित लयमा यस्ता मागलहरू गाउने गरेको यस गीतकी सूचक गोमा न्यौपाने बताउँछिन् ।

## ३.१.२ खाँडो

गुल्मी जिल्लाका कैयौं वस्तीहरूमा शाह, हमाल मल्ल आदि थर भएका ठकुरीहरूको बसोवास रहेको पाइन्छ । बाहुन जातिको विवाहमा मागल गाइन्छ भने क्षेत्री ठकुरीको विवाहमा खाँडो गाइन्छ । यो गीत राजाहरूको प्रशस्ती भएको वीर रस पूर्ण हुन्छ । नेपालका शाहवंशीय राजाहरूबाट पूर्खा चित्तौडका राजपुतहरू हुन् । उनीहरू जुनबेला पश्चिमतिरबाट नेपाल पसे त्यति नै बेला तिनले आफ्ना कुल देवता, कुलपरम्परा र कुलका हरेक शासकको मुख्य हतियार ‘खाँडो’ पनि ल्याएका थिए । खाँडो भनेको खड्ग हो । शाहवंशका पूर्खा जेन खानले खिलुङ्मा नुवाकोट राज्य गरेपछि त्यही नै रणकाली (देवी) को पनि स्थापना गरी मन्दिरमा खाँडो जगाउने परम्पराको सुरुवात गरेका हुन् ।[ज्ञठ]

---

[ज्ञठ] कालीभक्त पन्त, हाम्रो सांस्कृतिक इतिहास, स्याङ्जा, स्वयम् २०२८ ।

युद्धमा लड्न जाने सैनिकहरूमा वीरताको भाव उमार्न र विजयोत्सवमा खड्ग वा खुकुरी नचाएर गाइने खाँडो गीत विवाह जस्तो संस्कारमूलका कार्यमा किन गाउन थालियो यसको खास प्रामाणिक कारण नपाइए पनि पहिले पहिले क्षेत्रीहरूमा कन्यापक्षलाई जिती कन्या अपहरण गर्ने तथा अपहेलित कन्यालाई शत्रुबाट जोगाएर लानुपर्ने र त्यसका निमित्त लडाइको पनि सम्भावना रहने हुनाले , लडाइका लागि वीर जन्तीहरूलाई तम्तयार रहन वीरतापूर्ण खाँडो जगाउने परम्परा बसेको हो भन्ने एउटा मत प्रचलित छ । यो खाँडो गीत विवाहमा सत्रपदी तथा सप्तर्षिहरूको पूजा गरिसकेपछि भट्याउन थालिन्छ । खाँडो भट्याउनेले तरबार नचाउँदै विवाह मण्डपको ईशान कोठामा गाडिएको केराको थाम काटेपछि यो गीत सकिन्छ ।

खाँडो गीतको मूल पाठ -

*श्री प्रतापी महाराजा बाबुआ राउल,*

*तनको सपुत सन्तन राउल*

*मिलुआ मिलानका सुआमी राउल*

*सबै जग जगनका सुआमी राहुल*

*ननाकसमैँ कमने राउल*

*समन्मे महावीर राउल*

*समनमा बल्गात नाचत राउल*

*जहाँ जात तहाँ जीत राउल*

*जागरे खाँडो जागरे खाँडो*

*जागरे जागरे जागरे ।*[ज्ञड]

---

[ज्ञड] कालीभक्त पन्त, ऐजन, पृ. १७२-७३ ।

## सारसङ्क्षेप

अधिकांश वीर रसले युक्त यस खाँडो गीतमा प्रतापी राजाका सन्तान राजकुमार राउल (राहुल) को वीरतापूर्ण जीवनको चर्चा गरिएको छ । न्यायदाता, सफल योद्धा र सबैका स्वामी राहुल भनेर राहुलका विशेषताहरूमा नै यो खाँडो गीतको विषयवस्तु समेटिएको छ । गुल्मी जिल्लामा यस्ता खाँडो जगाउने गीत पहिले पहिले गाइए पनि आजभोलि यसको प्रचलन लोप नै भएको छ । एक दुई पुराना पुस्ताका वृद्धहरू बाहेक नयाँ पुस्तामा यस्ता गीतको जानकारी समेत पाइँदैन ।

## ३.१.३ रत्यौली/रतेली

रत्यौलीको सही अर्थ 'रात' मूल शब्दमा 'एली' प्रत्यय लागेर 'रतेली', 'एउली' प्रत्यय लागेर रतेउली र यौली प्रत्यय लागेर रत्यौली शब्दको निर्माण भएको देखिन्छ र सबैको अर्थ एउटै रातको समयमा मनोरञ्जनका लागि गाइने गीत भन्ने बुझिन्छ । विवाहका दिन दुलाहा अनमाइसकेपछि दुलाहाका घरमा आइमाईहरू भेला भएर रातभर गरिने, स्त्रीपुरुषका बीचको प्रेम लीलामा आधारित नाचगान, अभिनय आदि रत्यौली हो । रातमा गरिने उत्सव भएकै कारण यसको नाम रत्यौली रहन गएको हो ।[ज्ञढ]

गुल्मी जिल्लाको संस्कृतिमा रत्यौली गीतले आफ्नै महत्व बोकेको छ । गाउँका सबै लोग्ने मानिसहरू जन्ती जाने आइमाईहरू मात्र विवाहको घरमा जम्मा भएर स्वतन्त्रतापूर्वक गाइने गीत भएकाले यस गीतले नारी स्वतन्त्रता र स्वच्छन्दताको भाव बोकेको पाइन्छ । कतैकतै त यो स्वच्छन्दताले अत्यन्तै श्रृङ्गारिक र प्राकृत रूप पनि धारण गरेको छ । काल्पनिक पोइ लूठो बनेर यौनजनित काम कारवाही र स्वायत्तताको अनुभूति गर्ने काम यस समयमा हुने गर्छ । नितम्बको स्पर्श गर्ने, चिउँडो मुसार्ने, कुचमर्दन गर्ने र अँगालो मार्ने जस्ता काम पनि आइमाईहरू बीचमै हुने गर्छन् ।

---

[ज्ञढ] वासुदेव त्रिपाठी र अन्य, **नेपाली बृहत् शब्दकोश**, काठमाडौं :ने.प्र.प्र., पृ. १२२-१२३ ।

पुरुषहरूलाई प्रवेश निषेध गरेर गाइने रत्यौली गीतमा नारी रोमाञ्चका आवाजहरू गुञ्जने गर्दछन् ।

रत्यौली गीतमो मूल पाठ

*पारी डाँडा पारी डाँडा मौवा फलेको*

*कति घमाइँको*

*अरे भैया कति घमाइलो*

*हमारा छोराको विवाह भयो*

*कति रमाइलो*

*अरे भैया कति रमाइलो ।*

*मकैमा लागे पातला पुतली*

*चामलु लागे घुन*

*अरे भैया चामलु लागे घुन*

*डोलीया लिएर विवाह गर्न*

*जाने कसका बाला हुन्*

*अरे भैया जाने कसका बाला हुन*

*मकैमा लागे पातला पुतली*

*चामलु लागे घुन*

*अरे भैया चामलु लागे घुन*

*डोलीया लिएर विवाह गर्न*

*जाने हामरा बाला हुन्*

*अरे भैया हामरा बाला हुन*

*हामरा भैया पण्डितै भए*

*कौमुदी पढेर*

*अरे भैया कौमुदी पढेर*

*हामरा बाबु लक्ष्मण जस्ता*

*गए डोली चढेर*

*अरे भैया गए डोली चढेर*

*उकालीमा जाँदा जाँदा*

*देउरालीलाई पाती*

*अरे भैया देउरालीलाई पाती।*

*जन्म दिने आमाभन्दा*

*आफ्नै दुलही जाती*

*अरे भैया आफ्नै दुलही जाजी।*

*धान काटे बालै बाला*

*कोदाको कपनी*

*अरे भैया कोदाको कपनी।*

*कस्ती दुलही ल्याउँदा रहेछौ*

*अरे भयौ हेरौला म पनि।*

*दुई मानेमा के छ के छ*

*तीन मानेमा तेल छ*

*अरे भैया तीन मानेमा तेल छ ।*

*खरबारीमा खरै काँटे*

*खुट्टामा बिभ्यो काँडा*

*अरे भैया खुट्टामा बिभ्यो काँडा ।*

*छोरो थियो सिधा साधा*

*बुहारी आउली गाँडा*

*अरे भैया बुहारी आउली गाँडा*

स्रोतः विष्णु खरेल र साथीहरू, दिब्रुङ्ग-९, गन्दीव

## सारसङ्क्षेप

उपयुक्त रत्यौली गीतमा केही छाडा शब्दहरूको प्रयोग गरिए पनि त्यति अश्लिल शब्दहरूको प्रयोग भने गरिएको छैन । जब कि यस जिल्लामा गाइने अधिकांश रत्यौली गीत अश्लिल खालका पाइन्छन् । नवआगन्तुक बुहारीको लागि नाना प्रकारका आरोप प्रत्यारोप लगाइएको यस गीतमा सुरुमा स्त्री-स्त्री बीच दोहोरी खेलिएको पाइन्छ भने पछिल्ला पंक्तिहरूमा तीजे गीतमा जस्तै एक जनाले निकाल्ने र अरु सबैले छोप्ने परम्परा रहेको छ । आफ्ना भैया सर्वगुण सम्पन्न भएको तर उनकी दुलही त्यति गुणवती आउन नसक्ने पूर्व आरोप लगाइएको यस गीतमा नाच्ने प्रक्रिया भने केही अप्राकृतिक खालको हुने गरेको बताइन्छ ।

त्यसैगरी यस गा.वि.स. को पश्चिमतिर अत्यधिक चर्चित अश्लिल खालको रत्यौली गीतको एक अंश यसप्रकार रहेको छ -

केही अश्लिल खालको रत्यौली गीत

*कानै खायो कटकटी काने गुजीले*

*गाँठे काने गुजीले ।*

*यस्तो जाँठो शिरफूल*

*लाउँछ मुजीले ॥*

*छिटो मेरा बाँदुरै*

*यता चिलायो ।*

*मेरा बादुरै*

*उता चिलायो ॥*

स्रोतः गीता खरेल, दिब्रुङ्ग- ९, लुग्दी ।

## ३.२ ऋतु पर्वगीत

वर्षभरिका प्रकृति तथा मौसमसम्बन्धी विविधताका आधारमा १२ महिनालाई ६ वटा ऋतुहरूमा विभाजन गरिएको छ । मानिसमा पाकृतिको प्रत्यक्ष तथा परोक्ष प्रभाव परिरहेको हुन्छ । यस प्रकारले उसका भावना र विचारमा पनि परिवर्तन ल्याउन सक्छ । यसले गर्दा प्रत्येक कालखण्डका गीतहरू भिन्दाभिन्दै पाराका हुन सक्छन् । यस्ता गीतहरूलाई ऋतुगीत भन्न सकिन्छ तर ऋतुहरूको नामबाट भने कुै पनि गीतको नामकरण भएको छैन वरु महिनाको आधारमा जेठे, असारे, साउने, भदौरे आदि गीतहरू नामकरण भएका छन् । अतः ऋतुगीतको छुट्टै अस्तित्व नमानी त्यसलाई पर्वसँग जोडेर ऋतु पर्वगीत भनिएको हो ।

समाजका हरेक जातिले आफ्नो संघर्षलाई हलुको पारी पीर, व्यथा र वेदनाका भारीहरू बिसाई एकैछिन भए पनि रमाउन विभिन्न विश्रान्तिका क्षणहरूको व्यवस्था गरेको हुन्छ, जसलाई हामी पर्व मान्दछौं हामी नेपाली वर्षभरिमा के कति पर्व मनाउँछौं,

त्यसको लेखाजोखा छैन । यहाँ प्रत्येक जाति र वर्गले आ-आफ्नै प्रकारका पर्वहरू मनाउने गर्दछन् । गुल्मी जिल्लाको यस गा.वि.स.मा पनि विभिन्न जाति तथा वर्गको मिश्रित समाज भएकोले यस भेगमा विभिन्न पर्वहरू आफ्नो तरिकाले मनाइन्छ । यस्ता पर्वमा गीतहरू गाउने र नाच्ने परम्परा पुस्तौंदेखि चल्दै आएको छ । त्यस्ता पर्वगीतहरू यसप्रकार छन् ।

### ३.२.१ तीजे गीत

वर्षायाममा पर्ने नेपाली नारी जातिको महान पर्व हरितालिका तीजको अवसरमा गाइने गीत नै तीजे गीत हुन् । विशेष गरी हिन्दू नारीले आफ्ना पतिको दीर्घायुको कामना गरेर ब्रत बसी पूजाआजा गरी तीजपर्व मनाउने गर्छन् । यस पर्वमा विवाह भएका छोरी चेलीलाई माइतबाट लिनजाने, तीजको अघिल्लो दिन सबै बसेर मीठामीठा परिकारहरू 'दर' खाने र भोलिपल्ट निराहार बसी ब्रत गर्ने परम्परा रहीआएको छ । नेपाली नारीले भोग्नुपरेको अभाव, पीडा, व्यथा, अन्याय आदिका आवाजहरू यस पर्वमा गुञ्जने गर्दछन् । आफ्नो घरका पीडा र व्यथाहरू माइतीमा गएर साथी सङ्गी जम्मा भई थपडी र मादल बजाएर गाउने र कम्मर ढल्काउँदै घुमी-घुमी छम-छम नाच्ने यस पर्वले नारी जातिलाई ठूलो स्वतन्त्रता प्रदान गरेको महसुस हुन्छ ।

गुल्मी जिल्ला दिब्रुङ्ग गा.वि.स. मध्यम वर्गीय समाज भएकोले यहाँका नारीहरूमा अनगिन्ती पीडा र व्यथाका कथाहरू छन् । घरमा सासूले बुहारीमाथि गर्ने व्यवहार, नन्द भाउजुको द्वन्द्व पति-पत्नीको असमानतापूर्ण व्यवहार आदिले यस क्षेत्रको समाजलाई नराम्ररी प्रभावित पारेको छ । वर्तमान समयमा यस क्षेत्रका नारीहरू पनि केही शिक्षित र सचेत बनेकोले उनीहरूका गीतहरूमा परिवर्तनको स्वर पनि भेट्न सकिन्छ । यस क्षेत्रमा आयोजना हुने विभिन्न प्रतियोगितामा तीज सम्बन्धी गीतहरूले विविधता पाएका छन् । नारी जातिको मुक्तिका गीतहरू वर्तमानमा प्रशस्तै सुन्न पाइन्छ । आजभोलि नारीले मात्र

नभएर पुरुषले पनि तीजे गीत गाउन थालेको भेटिन्छ । तर पनि नारीझैं संवेदनाका आवाजहरूको प्रधानता यस क्षेत्रका तीजका गीतमा रहेको पाइन्छ ।

तीजको गीत (भदौरे)

*बाबाका दैलामुनि ठूलो रुख बडर*

*धेरै छोरी छन् भनेर हेला नगर ।*

*धेरै छोरी भए पनि आफ्नै कर्म खाने हो*

*रुँदै रुँदै पराइका घर जानी हो ।*

*पराई घर गएर पिंढीमा बस्नी हो*

*कसको मुख हेरेर भित्र पस्नी हो ।*

*स्वामी मुख हेरौ भने खुन खाएको बाघझैं*

*सासू मुख हेरौ भने बल्नी आँगो झैं ।*

*ससुराको मुख हेर्दा काला निला अँधेरा*

*ठूलो गाग्री टिपेर गएँ पँधेरा ।*

*पानीको गाग्रो ल्याई बलेनीमा बिसाउँदा*

*कस्तो भयो होला मलाई सासू रिसाउँदा ।*

*सासू बज्यै गइन बरै रिसाउँदै मेलामा*

*भातखान भान्सा पस्दा मकै डालामा ।*

*डालाका मकै देख्दा मेरो मन रुँदो हो*

*उनकी छोरी त्यस्तै भए कस्तो हुँदो हो ।*

*विहान उठेर मुरी मकै पिसेर*

*रानी वन घाँस काट्न गएँ बरिलै ।*

*घाँस काट्न गएँ आमा च्यानडाँडाको भीरमा*

*तारे भीरका ढुङ्गजति मेरै शिरमा ।*

*घाँस दाउराको भारमाथि असिनधारा पानी छ*

*चौपारीमा बिसाएर रोएँ बरिलै ।*

स्रोतः देवी र सन्तोषी खरेल, दिब्रुङ्ग-९, लुग्दी ।

## सारसङ्क्षेप

यस गीतमा पछिल्लो पुस्ताका नारीहरूको वास्तविक कथा व्यथालाई विषयवस्तु बनाइएको छ । छोरो पाउने आशै आशामा धेरै छोरीहरू जन्माएका बाबुले छोरीहरूलाई गर्ने गरेको अन्याय अत्याचार नगर्नका लागि अनुरोध गर्दै गीतको सुरुवात भएको छ । धेरै छोरी भएकाले हुर्काउने बढाउने क्रममा केही झर्को मान्ने बाबालाई आफूहरू लामो समयसम्म बाबा घरमा बस्न नपाउने र पराइघर नगइ नहुने यथार्थ गीतमा व्यक्त गरिएको पाइन्छ । पराई घरमा पनि बुहारीप्रति सासू- ससुराले गर्ने गरेको अपहेलना, अत्यधिक कामको बोझ, स्वामिज्यूको क्रोध आदिले गर्दा जिन्दगी अत्यन्त बोझिलो र पीडादायी भएको परिस्थितिले गर्दा दुःखी बनेकी चेलीको विरहहरू यस गीतमा सुसेलीका छन् ।

यस प्रकारका गीतहरू बाहेक गुल्मी जिल्लामा छोरा र छोरीका बीचमा गरिने लैङ्गिक असमानता, श्रीमानका अन्याय र अत्याचार सहनु पर्दाको वाध्यता राष्ट्रको सामाजिक आर्थिक र राजनैतिक परिवेशलाई समेत विषयवस्तु बनाएर भिन्दाभिन्दै लय वा भाकामा तीजका गीतहरू गाउने परम्परा आज पनि जीवितै छ । यस जिल्लाको दिब्रुङ्ग गा.वि.स. मा आयोजना गरिने विभिन्न तीजे गीत प्रतियोगिताहरूमा पनि यस्ता गीतहरू गाइन्छन् ।

## ३.२.२ भैलो (भैली)

भैलो शब्दलाई (भैलो) शब्दकै अपभ्रंश मानिन्छ । भैलो गीतमा गायकहरूले दातालाई विभिन्न आशिर्वाद दिने हुनाले यसो भनिएको हुनसक्छ । शरद ऋतुमा पर्ने तिहार पर्वमा गाइने हुनाले यसलाई ऋतुपर्व गीतको क्रममा राखिएको छ । तिहारमा लक्ष्मीपूजाको दिनदेखि विभिन्न समूह बनेर मादल, खैंजडी आदिको साथमा घर-घर गाउँदै हिडनुलाई गुल्मी जिल्लामा भैलो खेल्नु भनिन्छ । भाइ टीकाको दिनदेखि भैलोको कार्यक्रम सकिएर देउसीमा परिणत हुन्छ । भैलो एक किसिमको टुक्रे गीत हो । यसमा कथानक हुन पनि सक्छ र नहुन पनि । यो समूह गीत भएकोले एक्लै एक्लै गाइन्न । समूहमा एकजनाले टुक्का भट्याउँछ र बाँकीले स्वर मिलाएर टुक्काको अन्त्यमा भैलो वा भैली थेगो दोहोऱ्याउँछन् । यस भेगमा नारी पुरुष दुबैले युद्ध हुँदा देवतालाई हराई दानवराज बलि देवलोक र दानवलोकका एकछत्र राजा भए । पराजित देवताका चेलीहरूले दानवराज बलिसँग आज्ञा मागेर देवताहरू भएका ठाउँमा गई भैलो जगाएर आशिर्वाद दिएका थिए रे । चेलीहरूबाट आशिर्वाद पाएका देवताहरू भगवानको सहयोगले पुनः आफ्नो गुमेको देवलोकको राज्य प्राप्त गर्न सफल भएका थिए ।[३५] त्यसै बेलादेखि दाजुभाइका सुख र समृद्धिका लागि चेलीहरूले आशिर्वाद दिने क्रममा यो भैलो गीतको परम्परा चलिआएको

---

[३५] धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, काठमाडौं पा.वि. के., २०४३ ।

हो । आज पनि चेलीहरू जम्मा भई घर घर भैलो गाउँदै घुम्छन् । वर्तमान समायमा भने पुरुषहरूले पनि यसरी भैलो खेलेको देख्न सकिन्छ ।

भाषाशास्त्री बालकृष्ण पोखरेलले १५ औं शताब्दी अथात् वि.सं. १४५०-६० तिरका जुम्लाका प्रथम खस राजा बलिराजा नै यस भैलो गीतका प्रेरणाका स्रोत हुन् । भैलो र देउसी खेल्ने चलन यिनैले चलाएका हुन् भन्ने तर्क व्यक्त गरेका छन् ।[द्ज] जे होस भैलो नेपाली संस्कृतिको एउटा अभिन्न अङ्ग र नेपाली लोकगीतको एउटा विशिष्ट प्रकार बन्न पुगेको छ । गुल्मी जिल्लामा आज पनि यस्ता गीतले प्रभाव जमाउँदै आएको छ ।

भैलो गीतको मूल पाठ

*भैलेनी आइन् आँगन*
*बडारी कुडारी मागन*
*हे औंसीबार गाईतिहार भैलो ।*
*हरियो गोबरले लिपेको*
*लक्षिमी पूजा गरेको*
*हे औंसीबार गाईतिहार भैलो ।*
*हामी त्यसै आएनम्*
*बलिराजाले पठाएर*
*हे औंसीबार गाईतिहार भैलो ।*
*दैलामाथि लेखेको*
*लक्षिमीले टेकेको*
*हे औंसीबार गाईतिहार भैलो ।*
*छानामाथि घिरौंला*
*के के दिन्छन् हेरौंला*

---

[द्ज] बालकृष्ण पोखरेल, **पाँच सय वर्ष** , जगदम्बा प्रकाशन २०२०, पृ. ७९ ।

हे औंसीबार गाईतिहार भैलो ।
दैलामाथि कालोकोट
झिक्न लागे बीसको नोट
हे औंसीबार गाईतिहार भैलो ।
चामल चिउरा मुरुक्क
दैलो खोले घुरुक्क
हे औंसीबार गाईतिहार भैलो ।
यो घरकी आमा बोल्दै छिन्
दुई मुखे थैली खोल्दै छिन्
हे औंसीबार गाईतिहार भैलो ।
बाखाको खोरमा उपियाँ
चानचुने पैसा रुपिइँ
हे औंसीबार गाईतिहार भैलो ।
सेलरोटी खाँदा गुलियो
यो घरमा मात्र भुलियो
हे औंसीबार गाईतिहार भैलो ।
घोडा बान्ने तबेला
हामलाई भयो अबेला
हे औंसीबार गाईतिहार भैलो ।
जसले दिन्छ मानो
उसको सुनको छानो
हे औंसीबार गाईतिहार भैलो ।
जसले दिन्छ मुठी
उसको सुनको गुठी
हे औंसीबार गाईतिहार भैलो ।

*जसले दिन्छ पाथी*

*उसको सुनको छाती*

*हे औंसीबार गाईतिहार भैलो ।*

*जसले दिन्छ मुरी*

*उसको सुनको धुरी*

*हे औंसीबार गाईतिहार भैलो ।*

स्रोतः गीता भण्डारी रूपाकोट-४, तल्लो दमुका

## सारसङ्क्षेप

गाईतिहारको औंसीका दिन बडारी हरियो गोबरले लिपेको आँगनमा बलिराजाको आदेशका कारण तपाईहरूको घरमा भैलो खेल्न आयौ । लक्ष्मीद्वारा टेकिएको चिह्न दैलामाथि लेखिएको छ । हामी भैलेनीहरू आएकाले दैलो उर्घानुहोस् । छानामाथिा घिरौंला फलेको छ घरकी आमा बोल्दै हामीलाई दिन बीसको नोट झिक्दै छिन् । यस घरमा आमा मात्र भुलेकाले हामीलाई अवेला भइसक्यो । गाइतिहारे औंसीका दिन भैलो खेल्नेलाई जसले मुठी , मानो , पाथी र मुरीदिन्छ त्यसलाई ठूला ठूला फलहरू प्राप्त हुन्छन् ।

## ३.२.३ देउसी गीत

देउसी तिहारमा भाइ टीकाका दिन बेलुकी घरआँगनमा गएर सुख सम्वृद्धिको कामना गर्दै गाइने सामूहिक गीत हो । यो गीत भैलो गीतकै हाराहारी अभिन्न भएर युगौंदेखि नेपाली जीवनमा प्रसिद्ध पर्वगीतका रूपमा चलिरहेको छ ।[६६] गुल्मी जिल्लामा भाइटीकाको अघिसम्म भैलो र भाइटीकादेखि देउसी खेल्ने प्रचलन रहेको पाइन्छ । भाइ टीकाको अघिल्लो रात १२ बजेसम्म भैलो र १२ बजेपछि नयाँ दिनको सुरुवात हुने भएकोले देउसी खेल्ने प्रचलन यहाँ छ । देउसी शब्दको व्युत्पत्ति गर्दै महानन्द सापकोटाले

---

[६६] कृगष्णप्रसाद पराजुली, पूर्ववत् , पृ. १९६ ।

लेखका छन् देव+वर्ति दवर्ति-देवसी-देउसी । देउसी+ गरे=देउसी + भरे देउसीरे । देवर्तिको अर्थ देवताको नाउँमा बालिएको बत्ती र त्यसको उज्यालो हो ।[द्घ]

देउसीको छुट्टै आख्यान पनि छ । जसमा दिदीले भाइलाई यमराजको पञ्जाबाट बचाएको कुराको वर्णन छ । तर यही आख्यानमा मात्र देउसी सीमित रहँदैन । समसामयिक विविध रोचक प्रसङ्गहरूलाई पनि कुशल देउसी गायकले टुक्काको रूपमा प्रस्तुत गर्छ । घरबेटीलाई फुर्क्याएर धेरैभन्दा धेरै भेटी वा सगुन उनीहरूबाट प्राप्त गर्ने लक्ष्य देउसेहरूले राखेका हुन्छन् । यसमा पनि एउटाले टुक्का भट्याउने र अरुले देउसीरे भन्ने प्रचलन छ । एउटै पर्वमा गाइने भए पनि भैलो र देउसीमा केही मौलिक अन्तर देखापर्छ । रहनी र थेगो लगायत टुक्का र त्यसको भाका पनि केही भिन्न खालको हुने गर्दछ । भैलो चार पाँच दिनसम्म पनि खेलिन्छ भने देउसी एक दुई रात मात्र खेलिन्छ ।

**कथानकमा आधारित देउसी गीतको मूल पाठ**

*आ है भन भन भाइ हो - देउसी रे*
*राम्ररी भन - देउसी रे*
*स्वर मिलाई कन - देउसी रे*
*बजाउनेले - देउसी रे*
*तालै मिलाऊ - देउसी रे*
*भट्याउनेले - देउसी रे*
*भाका मिलाऊ - देउसी रे*
*यो घरमा - देउसी रे*
*देउसी खेल्न - देउसी रे*
*आएका हामी - देउसी रे*
*गाह्रो पीरो - देउसी रे*
*नमान्नु होला - देउसी रे*

---

[द्घ] महानन्द सापकोटा, **नेपाली निर्वाचनको रुपरेखा,** हिमाली प्रकाशन, २०२८, पृ. १०५ ।

*कार्तिक मासको - देउसी रे*

*रातो माटो - देउसी रे*

*चिप्लो बाटो - देउसी रे*

*तिहारैमा - देउसी रे*

*गाईलाई लाउनी - देउसी रे*

*सेतो दया - देउसी रे*

*भाइलाई लाउनी - देउसी रे*

*रातो टीको - देउसी रे*

*भाइलाई निम्तो - देउसी रे*

*भन्न जान्छु - देउसी रे*

*हे मेरी बज्यै - देउसी रे*

*गोठमा जाऊ - देउसी रे*

*हे मेरी बुहारी - देउसी रे*

*माली गाई दोऊ - देउसी रे*

*भाइलाई पागुर - देउसी रे*

*कुराउनी घोटी - देउसी रे*

*गोठमा गई - देउसी रे*

*भाइलाई पागुर - देउसी रे*

*कुराउनी घोटी - देउसी रे*

*साँझमा माइत - देउसी रे*

*पुगिछन बरै - देउसी रे*

*ती चेली नानी - देउसी रे*

*बाहिरबाट - देउसी रे*

*आमा आमा - देउसी रे*

*आऊ मेरी छोरी - देउसी रे*

*हे मेरी आमा - देउसी रे*

खोइ मेरा भाइ - देउसी रे
तल्ला घरे - देउसी रे
साउका घर - देउसी रे
जुवैमा खेलन - देउसी रे
गएको छ नि - देउसी रे
ए मेरी छोरी - देउसी रे
ती प्यारी दिदी - देउसी रे
तल्ला घरे - देउसी रे
साहुका घर - देउसी रे
पुगिछन् बरै - देउसी रे
खोइ मेरो भाइ - देउसी रे
यहीँ छु नि दिदी - देउसी रे
हे मेरो भाइ - देउसी रे
तिमीलाई निम्तो - देउसी रे
भन्नमा आएँ - देउसी रे
हे मेरो दिदी - देउसी रे
जुवा र खेल्दा - देउसी रे
दशैमा हजार - देउसी रे
हारेको छु नि - देउसी रे
नतिरी जान्न - देउसी रे
हे मेरी दिदी - देउसी रे
नतिरी जान्न - देउसी रे
हे मेरो भाइ - देउसी रे
पिरै नगर - देउसी रे
गहना बेची - देउसी रे
दशैं र हजार - देउसी रे

*रिनै र तिनी - देउसी रे*

*म तिरी दिउँला - देउसी रे*

*जसरी पनि - देउसी रे*

*टिकीया लाउन - देउसी रे*

*आए है भाइ - देउसी रे*

*हुन्छ नि दिदी - देउसी रे*

*टीकाको दिन - देउसी रे*

*दशैमा बज्यो - देउसी रे*

*बमै र पड्क्यो - देउसी रे*

*बाजै र बजे - देउसी रे*

*सबैका घरमा - देउसी रे*

*टिकिया लाउने - देउसी रे*

*बेलामा भयो - देउसी रे*

*खोइ मेरा भाइ - देउसी रे*

*किन आएन - देउसी रे*

*ढिकमा बसी - देउसी रे*

*धुरुमा धुरु - देउसी रे*

*रोइन नि बरै - देउसी रे*

*ती चेली नानी - देउसी रे*

*पारि हे पाखा - देउसी रे*

*वायुपङ्खे घोडा - देउसी रे*

*चम्कने जुत्ता - देउसी रे*

*आयो नि भैया - देउसी रे*

*तगालीमा - देउसी रे*

*घोडालाई बाँधी - देउसी रे*

*भाइलाई घरमा - देउसी रे*

लगेर गइन - देउसी रे
ती दिदीले - देउसी रे
कम्बल बिछ्याई - देउसी रे
पूजामा गरी - देउसी रे
हातमा कलश - देउसी रे
लिएर घुमिन - देउसी रे
ती दिदी बरै - देउसी रे
दूबोको मूठो - देउसी रे
हातैमा दिई - देउसी रे
कानैमा लगाइन - देउसी रे
ती दिदीले - देउसी रे
मुखैमा हेर्दा - देउसी रे
ती भाइको - देउसी रे
मुख र बरै - देउसी रे
कालो र निलो - देउसी रे
देख्दाखेरि - देउसी रे
सोधिन नि बरै - देउसी रे
ती दिदीले - देउसी रे
किन र बाबु - देउसी रे
यस्तोमा भयौ - देउसी रे
हे मेरी दिदी - देउसी रे
अहिले साल - देउसी रे
लगाऊ टीका - देउसी रे
अर्कोमा पालि - देउसी रे
म आउने छैन - देउसी रे
किन नि बाबु - देउसी रे

के भयो भन - देउसी रे
बाटामा आउँदा - देउसी रे
हे मेरी दिदी - देउसी रे
काली नाग - देउसी रे
सेती नाग - देउसी रे
बाटा र मुनि - देउसी रे
बाटै र माथि - देउसी रे
खान्छु खान्छु - देउसी रे
भन्दै थिए - देउसी रे
नखाऊ नखाऊ - देउसी रे
दिदीको हातको - देउसी रे
एकै थोपा - देउसी रे
टिकीया लगाई - देउसी रे
आएपछि खाउला - देउसी रे
भनेर आएँ - देउसी रे
हे मेरी दिदी - देउसी रे
नडराऊ भैया - देउसी रे
हातमा ओखर - देउसी रे
लिएर आइन - देउसी रे
ती दिदीले - देउसी रे
चनौटामाथि - देउसी रे
राखेर अनि - देउसी रे
लोहोराले - देउसी रे
हान्दामा खेरि - देउसी रे
काली नाग - देउसी रे
सेती नाग - देउसी रे

*टुक्रा टुक्रा - देउसी रे*

*भए नि बरै - देउसी रे*

*भोलिमा पल्ट - देउसी रे*

*भरिया अघि - देउसी रे*

*भाइलाई बीचमा - देउसी रे*

*आफू पछि - देउसी रे*

*भाइलाई छोड्न - देउसी रे*

*सकुशलै - देउसी रे*

*घरमा पुग्दा - देउसी रे*

*खुशीमा भए - देउसी रे*

*ती मेरा भाइ - देउसी रे*

*सत्यकी रहिछयौ - देउसी रे*

*हे मेरी दिदी - देउसी रे*

*गोठमा गई - देउसी रे*

*लैनो गाई - देउसी रे*

*दिदीलाई - देउसी रे*

*खेतमा गई - देउसी रे*

*ठूलो गरो - देउसी रे*

*दिदीलाई - देउसी रे*

*हे मेरो हजुर - देउसी रे*

*दिदी र भाइको - देउसी रे*

*यो चाड मान्न - देउसी रे*

*सबैले पर्छ - देउसी रे*

*आजलाई त्यति - देउसी रे*

*जानिमा बेला - देउसी रे*

*आशिष दिन्छौ - देउसी रे*

*यो घरमा - देउसी रे*

*लक्षिमीले - देउसी रे*

*बासै गरुन - देउसी रे*

*यो घरका - देउसी रे*

*कोही भाइ छोरा - देउसी रे*

*लप्टन क्याप्टेन - देउसी रे*

*जर्नेल होऊन - देउसी रे*

*कोही भाइ छोरा - देउसी रे*

*पढी लेखी - देउसी रे*

*डाक्टर होऊन - देउसी रे*

*कोही बहिनी छोरी - देउसी रे*

*नर्सै बनून् - देउसी रे*

*कोही बहिनी छोरी - देउसी रे*

*मास्टरै होऊन - देउसी रे*

*अर्कोमा घर जानुपर्ने - देउसी रे*

*बिदा माग्छौं - देउसी रे*

*नमरे बाँचे - देउसी रे*

*कालले साँचे - देउसी रे*

*आउने छौं है - देउसी रे*

*अर्को वर्ष - देउसी रे*

*आजलाई विदा - देउसी रे*

*बिदा बिदा - देउसी रे*

## सारसङ्क्षेप

चर्चित आख्यानमा आधारित यो देउसी गीतमा दिदी भाइका बीचको सम्बन्धमा भाइटीकाले खेल्ने भूमिकालाई स्पष्टसँग देखाइएको छ । तिहारमा टीका थाप्नका लागि

भाइलाई निम्तो दिन जान लाग्दा बुहारीले सासूसँग अनुमति माग्छिन् । सासूले सहर्ष अनुमति दिदै माइत जाँदा कोसेली लिएर जाने सल्लाह दिन्छिन् । कोसेली सहित माइत पुगेकी चेलीले माइत पुग्दा नपुग्दै भाइलाई खोज्दछिन् । तिहारको मौकामा जूवा खेलन गएको भाइलाई भेटेपछि ऊ द्वारा जुवामा हारेको रकम समेत तिरिदिएर भाइटीकाको दिन समयमा आइपुग्ने निम्तो दिएर दिदी फर्कन्छिन् । तिहारको दिन भाइलाई टीका थाप्ने सम्पूर्ण सामग्री तयारी गरिसक्दा पनि भाइ आइनपुगेकाले पारि डाँडातर्फ हेरेर दिदी चिन्ताले टोलाईरहन्छिन् । केही समयपछि वायुपङ्खे घोडामा सजिएर आएको भाइ देखेर दिदी खुसी हुन्छिन् । भाइलाई स्वागत गरी टीका थाप्ने क्रममा भाइ चिन्तित मुद्रामा कालो नीलो मुख लगाउँदा दिदीले भाइलाई त्यसको कारण सोधपुछ गर्छिन् । बाटामा आउँदा काली नाग र सेती नागले आफूलाई खान लागेको तर दिदीको हातको टीका लगाई फर्केर आउने क्रममा खाने वाचाका साथ आफू फुत्केर आएको घटना भाइले दिदीलाई सुनाउँछन् । टीका थाप्ने समयमा ओखर फोर्दा काली नागको अन्त्य भएकोले दिदीको शक्ति अपार भएको प्रसङ्ग यस देउसी गीतमा आएको छ । भरिया सहित भाइलाई घरसम्म छोड्न गएकी दिदीलाई आफ्नो सर्वस्व उपहार दिएर दिदीको प्रशंसा गर्ने भाइको समेत चर्चा कथानकमा आएको छ ।

लगभग आधा घण्टा जति भट्याइसकेपछि सकिने यस देउसी गीतको कथानकको समाप्तिसँगै आशिष दिएर देउसेहरू घरभेटीसँग बिदा माग्दछन् । नमरे बाँचेमा अर्को साल पनि यसै गरी रमाइलो देउसी खेल्ने वाचाका साथ प्राप्त सगुन भेटी लिएर देउसेहरू बिदा हुन्छन् । यो गीतलाई एकजनाले भट्याउने र बाँकीले देउसी रे वा देउसी भन्ने चलन हुन्छ । थाली वा नाङ्लामा (सुपो) घरधनीद्वारा दिइएको सगुन एउटै हातको हत्केलामा राखेर पनि नाच्ने चलन यहाँ रहेको हुन्छ ।

गुल्मी जिल्लामा तिहारको अवसरमा खेलिने देउसी भैलोको एउटा रोचक प्रसङ्ग के छ भने यहाँका बृद्ध टोलीहरू भैलो वा देउसी खेल्न हिड्दा मारुनी नाचको आकर्षक नृत्य प्रस्तुत गर्ने गर्दछन् । ख्याली गीत गाएर नाचिने यस मारुनी नृत्यमा पुरुषले स्त्रीका

वस्त्रहरू लगाएर नाच्ने चलन हुन्छ जसलाई मारुनी भनिन्छ । त्यही मारुनीका अघिपछि नाच्नेलाई पुरुसुङ्गे र मादल कम्मरमा बाँधेर छड्की छड्की नाच्नेलाई मादले भनिन्छ । यहाँ ख्यालीमा मात्रै नभएर सोरठीमा पनि यस प्रकारको नृत्य प्रस्तुत गर्ने चलन आज पनि चलिआएको छ ।

प्रस्तुत छ सोरठी गीतको सानो आंश

*पर सर रोदुमै सारीमा रङ्गै लायो*

*सारीमा रङ्गै, लाई सारीमा रङ्गै लाई*

*पर सर रोदुमै सारीमा रङ्गै लाई*

स्रोतः गणेशबहादुर थापा, दिब्रुङ्ग-९, नेटा

यसरी गुल्मी जिल्लामा भैलो र देउसीका नामले तिहारमा गरिने मनोरञ्जनात्मक सांस्कृतिक गीत नृत्यहरूमा ख्याली र सोरठीको समेत सम्मिश्रण भएको पाइन्छ । वर्तमान समयमा देउसी भैलो खेल्ने परम्परामा केही परिवर्तन वा परिमार्जन देखिँदै आएको छ । मादल बजाउँदै भट्याउँदै गाउनुको सट्टा विभिन्न विद्युतीय उपकरण रेडियो टेप आदिका माध्यमबाट नाच्ने प्रचलन बढ्दै गएको छ । जे होस् देउसी भैलो नेपाली लोकगीतको एउटा धरोहर हो । यसमा मौलिकता र आफ्नोपनका छापहरू यत्रतत्र भेट्न सकिन्छ ।

## ३.२.४ फागू (होली)

नेपाली ऋतु पर्वगीतको क्रममा फागू (होली) को पनि विशेष स्थान छ । यस चाडका पछाडि पनि लामो परम्परा, पौराणिक कथा र किम्बदन्तिहरू जोडिएका छन् । कहिँ हिरण्यकशियपुकी बहिनी होलिकासँग यसको प्रसङ्ग जोडिएको कथा पाइन्छ भने कहिँ भगवान शङ्करले कैलाशमा आयोजना गरेको दिव्य नृत्यगायनसँग यसको सम्बन्ध भएको मान्यता पाइन्छ । यो उत्सव नेपालमा मात्र नभएर भारत लगायत एशियाली मुलुकमा र यूरोपेली मुलुकमा समेत मनाइन्छ । नेपालका प्रायः सबै क्षेत्रमा विशेषतः तराई क्षेत्रमा यो

पर्व विशेष उल्लासमय एवम् रङ्गीबिरङ्गी वातावरणमा मनाइन्छ । शिशिर ऋतुको अवसर र वसन्तको आगमनको मनोरम बेलामा पर्ने होली पनि विभिन्न भाव र भाकाका सङ्गीतमय उद्गार बोकेर आउँछ । यद्यपि फागुन शुक्ल अष्टमीदेखि पूर्णिमासम्म यो पाँच दिनसम्म सम्पूर्ण गाउँघर पञ्चैबाजा र मादलको तालले गुञ्जयमान हुन्छ । यी गीतहरू अरु गीतभन्दा भिन्दै खालका हुन्छन् ।

गुल्मी जिल्लामा गाइने फागु (स्थानीय भाषमा फाउ) गीत अन्य क्षेत्रका भन्दा पृथक खालका हुन्छन् । यसको विषयवस्तु प्रायः गाली र अश्लिल भएको हुँदा प्रायः गाउँदेखि टाढा वनजङ्गलमा घाँस दाउरा वा गोठालो गएको बेलामा ओल्लो डाँडा पल्लो डाँडढामा रहेका युवक युवतीहरूबीच दोहोरी गीतका रूपमा गाइन्छ । यो गीत कहिलेकाहिँ महिला महिला र पुरुष पुरुषका बीचमा पनि गाउने चलन छ । फाउ गीतमा नृत्य वाद्यको आवश्यकता पर्दैन । यो गीत अश्लिल विषयवस्तुको प्रयोग र मधुर सङ्गीतात्मकताको अभावले समाजमा अन्य अवसरमा गाइँदैन यो विशुद्ध मनोरञ्जनका दृष्टिले गाइने गीत हो । गीतमा यौनेच्छा र यौनक्रीडाका प्रसङ्ग व्यक्त भएका हुन्छन् । त्यसैले यो युवायुवतीका यौन-कामनाहरूको प्रकाशन गर्ने माध्यम भएको देखिन्छ । फाउ गीतमा स्रोताहरू टाढा रहन सक्छन् तर ती नजिक रहने सम्भावना छैन ।[द्ढ]

दोहोरीमा आधारित फाउ गीत

*केटाः फाउनको दशवार फाउखेल्नी*
*त्यो केटीलाई लान, दाउ खेल्नी ओ होइ ।*
*केटीः वारि चन्चन , पारि चन्चन*
*त्यो केटाले आफ्नै आमालाई लयो भन्चन ओ होइ ।*
*केटाः वारि केतुकी पारि केतुकी*
*फाउ खेल्नी केटीको गाला चेतुकी ओ होइ ।*

---

[द्ढ] गोविन्द आचार्य, पुर्ववत् , पृ. ४७ ।

*केटीः पारि भित्ता वनपालेमा फुले सल्लो*

*त्यो केटाको मुखमा गु को डल्लो ओ होइ ।*

*केटाः वारि कोकले पारि कोकले*

*त्यो केटी कराएको मेरो भोकले ओ होइ ।*

*केटी : पारिको वनमा आगो लायो*

*तँ केटाको मुखमा लागो लायो ओ होइ ।*

*माथिबाट भैंसी ल्यायो मेरो मीतले*

*राजाको फाउ हो यत्रै सितले ओ होइ ।*

स्रोतः नेत्रप्रसाद सापकोटा, दिब्रुङ्ग-८, अर्जेवा

## सारसङ्क्षेप

फाल्गुन महिनाको दश-बार गतेतिर खेलिने फाउहो र मेरो इरादा त्यो केटीलाई लाने हो भन्दै कुर्लने केटालाई केटीले आफ्नै आमा लगेको आरोप लगाएर जवाफ दिन्छे । त्यस्तो पापी कुरा सुनेपछि क्रोधित भएको केटाले केटीको गाला चेतिदिने धम्की दिन्छ । केटीले तेरो मुखमा गु परोस् भनेपछि केटाले पुनः तँ केटालाई नपाएर भोकाएकी छस् भन्दै कुर्लन्छ । केटीले फेरि केटालाई मुखमा लागे । (भूत प्रेत, बोक्सी आदि ) लागेको आरोप लगाउँछे ।

यसरी फलाकी फलाकी डाँडाकाँडा थर्काउने गरी वारिपारि डाँडामा बसेर गाइने फाउ गीत वास्तवमै एक भिन्नै ढङ्गको लोकगीत हो । यो गीत गाउँदा यदि कसैले अश्लिल वा फोहोरी शब्दको प्रयोग गरेमा पनि कसैले कसैलाई केही भन्न नपाइने स्थानीय कानुन वा नियम पनि छँदै छ । त्यसैले यो फागु (फाउ) गीत एक प्रकारको पुरुष महिलाबीचमा खेलिने रत्यौली (स्वतन्त्र गीत) जस्तै पनि हो । यो फागु गीतको सीमा यति नै हो भनेर सीमामङ्कन गरिएको पाइँदैन । फाउ गीत गाउने वा फाउ खेल्नेहरूले आफैले तुरुन्त परिस्थितिअनुसार थेगो मिलार उत्तर प्रत्युत्तर दिने चलन रहेको बताइन्छ । यसरी

आरोप प्रत्यारोप उत्तर प्रत्युत्तर दिदै जाँदा दुई तीन घण्टासम्म पनि लगातार फाउ खेलेको अनुभव स्थानीय थुप्रै बूढापाकाहरू बताउँछन् । बैंसले उन्मत्त भएकाहरू नै प्रायः यस प्रकारको फाउ खेलेर मनोरञ्जन लिने गरेको पनि बताइन्छ । पुरानो समयमा राजाको पालादेखि नै यस्तो फाउ खेल्दै आइएकाले कसैले नराम्रो मान्न नहुने भन्दै अन्तमा दुबै पक्षका फाउ खेल्नेहरूले यसो भन्दछन्-

*माथिबाट भैंसी ल्यायो मेरो मीतले*

*राजाको फाउ हो यत्रै सितले ओ होइ ।*

## ३.३ श्रमगीत


श्रमगीतलाई कर्मगीत पनि भनिन्छ । प्रत्येक ऋतुमा नेपाली लोकजीवनको नाता कर्म वा श्रमसँग गाँसिएको छ । काममा लागेका बेला शक्तिसञ्जय गर्नु आवश्यक हुन्छ भने शरीरको थकान पनि मेट्नुपर्छ नै अनि परिश्रमी लोकगायकहरूद्वारा आ-आफ्ना काम तथा परिवर्तीत समयसँग जोडिएका फरक फरक गीतहरू गाइन्छन् । त्यसमा पनि ऋतुकालीन कर्मगीत विशेषतः खेतीपाती लाउने , गोडमेल गर्ने र बालीनाली थन्क्याउने बेलामा नै बढी मात्रामा गाउने गरिन्छ । बहुसङ्ख्यक नेपाली जीवन पसिना चुहाई लेकवेसी र वनपाखा गर्दै, खोलानाला र जाघर परिश्रम गरेर खानुपर्ने जीवन हो । मानभन्दा काम प्यारो हुन्छ भन्दै मामको कल्पनामा डुब्नुपर्ने लोकजीवनलाई दिनरात नखटी हातमुख जोर्न गाह्रो पर्छ । काम मात्र गरिरहँदा जीवन नीरस हुने भएकाले काम गर्दागर्दै पनि गीत गाउनु उनीहरूको नैसर्गिक गुण हो । यसरी श्रम गर्ने सिलसिलासँग सम्बन्धित हुनाले कर्मगीतलाई नै श्रमगीत पनि भन्ने गरिएको पाइन्छ ।[ढछ]

नेपाल कृषि प्रधान देश हो । यहाँको ग्रामीण जीवन कृषि पेसामा आधारित छ । ग्रामीण क्षेत्रमा सहरमा जस्तो मनोरञ्जनका विविध सामग्रीहरू पनि हुँदैनन् । काम गर्दा

---

ढछ कृष्णप्रसाद पराजुली, पुर्ववत् , पृ. २०७ ।

चर्को घाम, वर्षाको पानी, असिना सबैसँग शरीरले सामना गर्नुपर्ने हुन्छ । बिहानदेखि बेलुकासम्म अविछिन्न रूपमा श्रम गर्दा थकाइ , अल्छी , भोक, बिर्साउन उनीहरूले कामसँगसँगै विभिन्न हाँस, खेल, ठट्यौली तथा गीतहरू गाएर मनोरञ्जन लिने गर्छन । कृषकका पसिनासँगसँगै गीतहरू पनि पोखेका हुन्छन् । आफ्ना दुःख यिनै गीतहरू मार्फत पोख्ने गरेका हुन्छन् । गुल्मी जिल्लाको दिब्रुङ्ग र आँपचौर गा.वि.स. मा गाइने यस्ता श्रमगीतहरूको सूची-




## ३.३.१ जेठे गीत

जेठ महिनाको हपहपाउँदो गर्मी महिनामा गाइने कर्मगीतलाई जेठे गीत भन्ने गरिन्छ । संस्कृतको ज्येष्ठ शब्दको तद्भव रूप 'जेठ' बाट बनेको 'जेठे' (जेठ+ए) शब्दले जेठमा हुने, गरिने, उब्जने (कुरा, वस्तु) आदिलाई जनाउँछ, भने गीतका सन्दर्भमा जेठमा गाइने भन्ने बुझाउँछ । यसरी नै जेठमा गाइने गीत विशेषलाई जेठेरी (जेठ+एरी) को प्रयोग पनि गर्न सकिने देखिन्छ ।[३८]

जेठे गीत मूल पाठ

*गैराबारी डल्ला ठोक्दा पसिनाका धारा*
*सासु बजै कन्नो फर्किन सहारा को छ र*
*लौ न साथी दुःख पर्‍यो छोप छपक्कै ।*
*बाबा घर जाउँ त भने भाउजुको घोसो*

[३८] कृष्णप्रसाद पूर्व्वत्, पृ. २०८ ।

*स्वामी घर बसौँ भने दिन रात टोकसो*
*लौ न साथी पीरै पर्‍यो छोप छपक्कै ।*
*घाँस काट्न गएँ बाबा च्यान डाँडाको भीरमा*
*सानाभिरे ढुङ्गाजति मेरै शिरमा*
*लौ न साथी आँशु बगे , टिप टपक्कै ।*
*सिमलको छायामुनि जेठे घाँस खुर्केर*
*लाम्ला माया भन्दा भन्दै गयो जीवन हुर्केर*
*लौ न साथी जीवन गयो, काटो फटक्कै ।*
*आमा मेरो भन्थिन बरै घर गरी खाए है*
*बाबा आशिक दिन्थे बरै नाति पाए है*
*लौ न साथी जीवन गयो , छोप छपक्कै ।*
*आरु फुल्यो दैलामुनि जेठ मासको घाम*
*जीवन मेरो सस्तो भयो दुई आना दाम*
*लौ न साथी दुःख पर्‍यो छोप छपक्कै ।*
*घैया गोड्न जान्छु बज्यै, अर्नी लेइदिए है*
*जेठे घामले अति सुक्यो पानी ल्याइदिए है*
*लौ न साथी दुःख पर्‍यो छोप छपक्म्कै*

स्रोत : सीता न्यौपाने, रूपाकोट-४, दमुका ।

## सारसङ्क्षेप

जेठ महिनामा खेतबारीमा मकै छर्दा वा मकै खन्दा अथवा अन्य कुनै कार्य गर्दा गाइने यस गीतमा नारी आवाज गुञ्जिएको छ । नारीहरू आफूहरूले जति परिश्रम गर्दा पनि सासुले जस नदिएको चर्चा यस गीतमा गरेका छन् माइतमा जाऊँ भने भाउजुले आफूलाई आँखाको कसिङ्गर ठान्ने , घाँस काट्न अप्ठ्यारो भीरमा जाँदा माथिबाट ढुङ्गा पल्टिएर आफ्नो टाउकोमा लाग्ने हुँदा मानवमात्र नभएर प्रकृतिले समेत आफूहरूलाई दुःख

दिएको नारी आवाज यस गीतमा आएको छ । जेठमा भर्खरै पलाएको पौलो घाँस नारीले काटेकी छन् । बाबु आमाले घर गरिखाने, सन्तान जन्माउने आशिर्वाद दिएको सम्झना आएको छ । आमाबाबुले माया गरेर हुर्काइदिएको जीवन सस्तो भएको छ । काम गर्दा गर्दै जेठे घामले आँत सुकुन्जेल काम गर्नुपरेको छ । यो सम्पूर्ण दुःखलाई मेरो साथीहरूले छपक्कै छोपिदिऊ वा लुकाइदेऊ भन्ने थेगोको सेरोफेरोमा यो जेठे गीतको विषयवस्तु घुमेको छ । गीतमा जेठ महिनामा बारीका डल्ला ठोक्ने घैया धान रोप्ने, आरु फुल्ने जस्ता समसायिमक प्राकृतिक सन्दर्भहरूलाई पनि समेटिएको छ ।

## ३.३.२ असारे गीत

असार कृषकहरूको कामको महिना हो । कृषकहरू असारमा धान रोपेर मंसिरमा फलाउँछन् । मानो खाएर मुरी उब्जाउने यस महिनामा कठोर परिश्रम गरेर खेती लगाउने काम गरिन्छ । खेतमा रोपाइँ गर्दा आफ्नो थकाइ मेटाउन र मनोरञ्जन गर्न असारे गीतहरू सुसेलिन्छन् अर्थात् गाइन्छन् । रोपाइँको समयमा रोप्ने खेतारीहरू बाउसेहरू एकापसमा हिलो छेपाछेप गर्दै मायाप्रीति साटासाट पनि गर्ने गर्छन् । तन्नेरी तरुनीहरू जुहारी खेल्दै सबै खेतालाहरूलाई मनोरञ्जन प्रदान गर्दछन् । कतै-कतै रोपाइँमा पञ्चेवाजा समेत बजाउने प्रचलन छ । यस गा.वि.स.मा भने यो चलन त्यति पाइँदैन । दिब्रुङ्ग गा.वि.स. को बेसी तथा फाँटहरूमा रोपाइँ गर्न झर्दा किसानहरू बारीमा र खेतको आलिमा बसी यस्तै गीतहरू गाएर सबैलाई आनन्दित पार्ने गर्दछन् । हातमा काम, गलामा गीत, ओठमा मुस्कान र मनमा जोश लिएका यी लोककलाकारहरू हिलो माटो र ढुङ्गासित मितेरी गाँस्दै आफ्ना मनका अभिव्यक्तिहरू सरल, सहज र सरस पाराले गुञ्जाउने गर्दछन् ।

असारे गीतको मूल पाठ

*जब बरिखैमा लाग्यो*

*छि मलाई घिन लाग्यो ,*

*हिउँदै लाग्यो*

*छ बीस रिन लाग्यो ।*

*सुरिलै गयो वाँसैको लिँगो*

*भूइँ छोयो टुप्पैले ,*

*मन तिम्रो दोषी*

*रइछ नि हजुर के गरो रूपैले ।*

*हिमालै चुली त्यो पल्लोपट्टि*

*हिउँ पर्छ पर्दैन ,*

*जिउ मेरो यही हो*

*धन मेरो छैन*

*मन पर्छ पर्दैन ।*

*उकाली ज्यानको चिप्लेटी ढुङ्गा*

*चरीले टेकेछ ,*

*तिमी र हामीलाई माया र लाउन*

*भावीले लेखेछ ।*

*असारै मैना रोपेको धान*

*कुन मैना पसाउँछ*

*एकपल्ट अल्लारे जोवान*

*दुनियाँ हसाउँछ ।*

*वैशाखै महिनामा रोपेको मकै*

*कुटाले गोडेर*

*मायालु भनी मइ मरी भेट्नी*

*गइ हाल्यो छोडेर*

*उकाली ज्यानको त्यो चिसो पानी*

*चरीले पिएन*

*तिम्रो र हाम्रो पिरती गाँस्न*

*दैवले दिएन ।*

*असारै मैना रोपेको बिऊ*

*लौ भयो फालाफाल*

*नमरे बाँचे कालले साँचे*

*हुम्ला भेट अर्को साल ।*

*गएरी खेत ढुकुर लुक्ने बीऊ*

*आहै ढुकुरै लुक्ने बिऊ ।*

*दुई थुँगा फूल एक थुँगा मलाई लेऊ*

*आ है एक थुँगा मलाई लेऊ*

*लौ तो वा लौ लौ लौ तो वा लौ लौ*

*एक थुँगा मलाई लेऊ ।*

*पातैको शोभा पातैको वेरी*

*एक थुँगा मलाई*

*आ है एक थुँगा मलाई लेऊ ।*

स्रोतः गोमा न्यौपाने र साथीहरू , रूपाकोट-९, गहदे

असारे गीतको अर्को पाठ

*छुपुमा छुपु रोप है नानी*

*हातको बीउ छँदै*

*आ है हातको बिरु छुँदै ।*

*मैले र लाम्ला मैले र खाम्ला*

*बाबाको जीउछुँदै*

*आ है बाबाको जिऊ छुँदै ।*

*सालको पात हुरुरु झर्‍यो*

*नियाला चैतमा*

*आहै नियाला चैतमा ।*

*बाबाका घरमा चन्चला सिरी*

*म परैँ कैतमा*

*आ है म परे कैतैमा ।*

*पातको बेरी लौ भन फेरि*

*मै परें कैतमा*

*आ है म परें कैतैमा ।*

*बाबा र जीऊका गयरी खेत*

*ढुकुर लुक्ने बीऊ*

*आ है ढुकुर लुक्ने बीऊ ।*

*सौता र सित लडेर खाने*

*छैन है मेरो जिउ*

*आ है छैन है मेरो जिऊ ।*

*बाबाले लाउने चौबन्दी दौरा*

*रान्जापै लगाई देऊ*

*आहै रान्जापै लगाई देऊ ।*

*लौ तो बा लौ लौ रान्जापै लगाई देऊ ।*

*आ है सन्जापै लगाई देऊ ।*

*स्यापिमा सुपी घाँस मैले काटेँ*

*राम रामको भिरैमा*

*आहै राम रामको भिरैमा ।*

*की पाल बाबा तिमरो काख*

*कि नदीमा बगाई देऊ*

*आहै कि नदी बगाई देऊ ।*

*लौ तो बा लौ लौ कि नदी बगाई देऊ*

*आहै कि नदी बगाई देऊ ।*

स्रोत बिजुला खरेल, दिब्रुङ्ग-९, लुग्दी ।

## सारसङ्क्षेप

अत्यन्त ढीलो लयमा गाइने यस गीतलाई विशेष गरी फाँटमा धानको बीउ उखेल्ने वा धान रोप्ने खेतारीहरूले गाउने गर्दछन् । यस गीतको शब्द भन्दा लय अत्यन्तै मर्मस्पर्शी र श्रुतिमधुर हुन्छ । बर्खा लाग्दा खेतमा वा बारीमा काम गर्ने क्रममा आफूलाई घीन लागेको र हिउँदको बेलामा रिन लागेको भाव भएको पहिलो अनुच्छेदमा रहेका शब्दहरूलाई मात्र गाइसक्दा लगभग ५ देखि ७ मिनेटको समय लाग्छ । घीन लाग्ने र रिन लाग्ने पीडाको अभिव्यक्तिभन्दा अन्त्यानुप्रासयुक्त लयात्मक प्रस्तुति यस अनुच्छेदको लोकप्रियता हो । मन दोषी भएको आफ्नो प्रेमी रूपले के गऱ्यो र भन्दै छोडेर जाने वा माया मार्ने प्रेमीलाई दोस्रो अनुच्छेदमा समेटिएको छ । आफ्नो जीउ यही हो मन परे रोज नपरे छोड । तिम्रो हाम्रो माया लाउन भावीले लेखेको रहेछ । यो रमाइलो अल्लारे जोवन एकपटक मात्र आउँछ । मैले भने मायालाई भेट्न मरिमेट्ने

तर मयाले भने वास्ता नगर्ने हुँदा म दुःखी छु । यदि नमरी बाँचिएछ भने अर्को सालको रोपाइँमा भेटौँला ।

एक अनुच्छेदसँग अर्को अनुच्छेदले त्यति सम्बन्ध राखेको नपाइने यस गीतमा मूलतः आफ्नो प्रेमी खोज्ने प्रेयसीको कथाव्यथा समेटिएको छ । एउटी रोपारीले निकाल्ने र अन्यले छोपेर गाउने यस गीतका माध्यमबाट रोपारीहरूले बाउसेहरूलाई लठ्याउने गरेको यस गीतकी गायिका बताउँछिन् ।

## ३.३.३ घाँसे गीत

नेपाली जनजीवनको अधिकांश जनसंख्या कृीष्मा निर्भर छ । जहाँ कृषिको कुरा गरिन्छ त्यहाँ गाई भैंसी आदि वस्तुभाउ पाल्ने प्रसङ्ग आइहाल्छ । नेपाली पहाडी जीवनको धरै जसो जनसङ्ख्याले आफ्नो घरमा वस्तुभाउ पालेको देख्न पाइन्छ । वस्तुभाउ नभएको वा गोठ नभएको अधुरो घर मानिन्छ । गुल्मी जिल्लाको दिब्रुङ्ग गा.वि.स. का जनताहरू दूध घिउ बेचेर आम्दानी गर्ने उद्देश्यले भन्दा परिवारका लागि पौष्टिक आहार उपलब्ध गराउन वस्तुभाउ पाल्ने गर्दछन् । वस्तुभाउ पाल्नेका घरबाट दिनको एकदुई पटक डोको बोकेर घाँस नकाटेसम्म वस्तुलाई आहार उपलब्ध हुन सक्दैन । अझ बर्खामा त झन लगभग परिवारका सबै सदस्यले दिनकै घाँस काट्नै पर्ने हुन्छ । स्कुल जाने विद्यार्थीदेखि घरकी हजुरआमाको हातमा पनि प्रत्येक दिन घाँसको मुठी परेकै हुन्छ । यसरी घाँस काट्न भनेर खरबारी वा भीरमा जाने युवायुवतीहरू एकातिर घाँस काटिरहेका हुन्छन् भने अर्कातिर मुखबाट लोकगीतको भाका सुसेलीरहेका हुन्छन् । वर्तमानमा ती घँसियाहरूले समसामयिक बजारमा आएका कुनै पनि लोकगीतहरू गाउने गरेको पाइए पनि केही समयअघि वा यसभन्दा अघिल्ला पुस्ताले छुट्टै घाँसे गीत नै गाउने गरेको स्थानीय वृद्ध वृद्धाहरूले बताउँछन् । यसरी घाँस काट्दा गाइने घाँसे गतिमा आफ्नो पन त छँदैछ , छरिता र स्वादिलो पन, चित्रण वा वर्णनको स्पष्टता, हाँसो , रुवाइको सगबगाई अनुप्रासयुक्त भाषिक मीठास र खुल्दोभाव तथा अनुभूतिका मार्मिक गेय अभिव्यक्ति यसका महत्वपूर्ण पक्ष हुन् ।

घाँसे गीतको मूल पाठ

*कहिल्यै सुख भइन आमा*
*यो जिन्दगी भरिलाई*
*शिरमा नाम्लो भीरमा घाँस*
*सधैं काट्नलाई ।*
*घाँस काट्न जान्छु आमा*
*च्यानडाँडाको भीरमा*
*तारेपराका ढुङ्गा जति*
*मेरै शिरमा ।*
*गाई भैंसीलाई कीला दाम्ला*
*बाखीलाई खोर*
*गोठालाको रस्ती बस्ती*
*उभौलीमा ढोर ।*
*गाईगोठ गोबर गुइँठा*
*भेडीगोठ जुतो*
*दूध दही खान पाइन*
*त्यै लाग्छ पछुतो ।*
*साहुका बाखा चर्छन बरै*
*भीर र पाखामा*
*आफ्नै गीत तिनी गाउँछिन्*
*विरही भाकामा ।*
*मही पारे घिउ लाग्छ*

*दही केलाई कुहाउने*

*माया लागे भेट भइन्छ*

*मन केलाई रुवाउने ।*

*हँसिया राख्ने खुर्पेटो त*

*घाँसै राख्ने डोको*

*लाउन खान पाइन मैले*

*त्यही रहयो धोको ।*

*लेकको उत्तीस काटी ल्याउँला*

*दैलीलाई सँगार*

*बाचुन्जेल हाँसौँ खेलौँ*

*मरेपछि अँगार ।*

*खपीसक्नु छैन मलाई*

*खोला जाम कि भीर*

*तिमलाई परे थाहा हुन्थ्यो*

*मलाई पर्ने पीर ।*

स्रोतः कल्पना खरेल, दिब्रुङ्ग-९, सिरिन्डाँडा

## सारसङ्क्षेप

नारीहरूले गाउने यस गीतमा धेरै जस्तो विषयवस्तु नारीचेतनामा आधारित भएर आएको छ । आमालाई सम्बोधन गर्दै घाँस काट्ने नारी भन्छिन् : मेरो जीवनमा घाँस दाउरा गर्ने हँसिया र नाम्लोले कहिल्यै छोडेन अप्ठ्यारो च्यानडाँडाको भीरमा घाँस काट्न जाँदा तारेपरा भन्ने ठाउँबाट गाई बाखा, बाँदर आदिले पल्टाएका ढुङ्गाहरू मेरै शिरमा पल्टिन्छन् । आफू गोठालो भएर बाँच्नुपर्दा जीवन अत्यन्त कष्टकर बनेको छ । गोठालो

गरेर पनि दूध दही भने जति खान पाइँदैन । अर्कोतिर आफ्नो प्रेमीलाई सम्झदै ती हँसिया नारी भन्छिन् यदि साँचो माया नै नलाउने हो भने किन भेट भएका थियौ ? दुई दिनको जिन्दगीमा मरिलानु के पो छ र । त्यसैले हाँसौ खेलौं मरेपछि त अँगार भइन्छ । मलाई परेको पीर यदि तिमीलाई परेको भए बल्ल थाहा पाउने थियौ ।

यो घाँसे गति प्रायः नारीहरू घाँस काट्न जाँदा होस या घाँस काटेर फर्कने क्रममा होस् चौपारीमा भारी बिसाएर गाउँछन् । प्रायः एक्लै र मौका मिलेमा समूहमा पनि गाउन सकिने यस गीतलाई गाउन कुनै बाद्यवादनको पनि आवश्यक पर्दैन ।

## ३.४ मंसिरेगी (दाइँगीत)

मंसिर महिना कृषिपेसामा लाग्नेहरूको अत्यन्तै खुसीको महिना हो । आफूले असारमा रोपेको धान सुन जस्तै लहलह खेतमा झुलेको देख्दा उनीहरूको मन खुसीले आनन्दित हुन थाल्दछ । आफ्नो सपना साकार भएकोमा खुशी मनाउँदै धान भित्रयाउने क्रम जारी रहन्छ । धान काटेर कुन्यू बनाई त्यसलाई घरभित्र थन्क्याउने कामलाई दाइँ गर्नु भनिन्छ । दाइँ गर्दा विभिन्न भेगमा गीतहरू गाउने चलन भए जस्तै यस गुल्मी जिल्लाको दिब्रुङ्ग गा.वि.स.मा पनि दहेराहरू मीठामीठा गीतहरू गाएर मनोरञ्जन लिने चलन छ । गोरु खेद्ने खेदुवा र काम गर्ने दहेंरा बीचमा गीतै गीतमा ठोकाबाजी चल्दछ एकातिर भने अर्कातिर खेदुवाले गोरु खेद्दा विभिन्न किसिमका टुक्का भट्याउने गर्छन । जसमा सह र लच्छिन बोलाउने खालका गीतहरू सम्मिलित हुन्छन् ।

**दाइँगीतको मूलपाठ**

*हो माडा भैया हो हो*
*माल मदेशको सह लेइया*
*हो माडा भैया हो हो ।*
*कानले हम्की देऊ*
*पुच्छरले डोलाई देऊ*
*हो माडा भैया हो हो*

*माल मदेशको सह लेइया*
*खुरले कुल्चिदेऊ कानले हम्कि देऊ*
*पुच्छरले डोलाई देऊ माल मदेशको सह लेइदेऊ*
*हो माडा भैया हो हो*
*लेकबाट बेसी झरी देऊ*
*माल मदेशको सह लेइदेऊ*
*हो माडा भैया हो हो*
*हो काले हो हो*
*हो माले हो हो*
*हो दाइँ माडा भैया हो हो*
*मेहीको टुप्पामा बस्यो कोइली*
*आजका दहेँरालाई खिरको चोइली*
*हो माडा भैया हो हो*
*लक्ष्मीका छोरा बरादो हो धेनुका नाति*
*सत्रभाइ छोरा बरादो हो काँधै र माथि*
*हो माडा भैया हो हो*
*कसरी झारौला हो माडा भैया हो हो*
*राशीपूजा गरौंला*
*नगर है अल्छि*
*हो माडा भैया हो हो ।*

स्रोतः देवी भण्डारी (खरेल) हुँगा

## सारसङ्क्षेप

मेही टुप्पामा कैली चरी बसेकाले आजका दँगेरेलाई खिरका चोइल मिल्नेछ । लक्ष्मीको छोरो र धेनुको नाति एवम् सुन्दरताले अर्कालाई आफूतिर तान्न सक्ने बल्छीका जस्ता तीखा सिङ्ग भएका तिमी (गोरु) अल्छी नगरी हिँड । परालको काम सकेपछि धुप तथा राशीपूजा गरौंला । काले र माले तिमी भैया मुरिका मुरी महरो फोरी सह ल्याइदेऊ ।

वर्षदिनको कार्य सकेकाले अब तिमी फुर्सद भयौ पानी खान जमुना जाऊ । यसका साथै गोरुलाई भाइ भन्दै खेत जोतेर अन्न उब्जाउने गोरु र मानिसमा आत्मीय भाव व्यक्त हुनुका साथै गोरुहरूप्रति कृतज्ञता प्रकट गरिएको छ ।

## ३.४.१ अन्य गीत

असारे, भदौरे र मंसिरे (दाइँगीत) को अतिरिक्त यस गा.वि.स. मा श्रमगीतअन्तर्गत अन्य गीतहरू पनि गाइन्छन् । घाँस काट्न जाँदा गोठालो जाँदा ढिकी जाँतो गर्दा पनि विभिन्न गीतहरू गाइन्छन् । वनमा बिलाउनेको पात बजाउँदै सुरिलो कण्ठमा यस्ता गीतहरू गुञ्जिँदा साँच्चै देवकोटाले भनेझैं हाम्रो वनमा पनि हेलन केलरहरू यत्रतत्र छरिएको भान हुन्छ । यस्ता गीतहरू बाह्रमासे खालका हुन्छन् ।

उदाहरणका लागि केही गीतहरू

*घर मेरो लेले हो रुन्छ मन*

*बुझाउने केले हो ।*

*यतै आऊ मायालु खरी घाँस काटौँला,*

*ज्यान पातलो साटौँला ।*

*ज्यात मेरो कौसीमा बसनी*

*कर्म मेरो खरानी खसनी*

*कति राम्रो चोलीको बुट्टा*

*पर्छु के रे न यता न उता ।*

*लाऊ माया झट्टै*

*पापी मन आत्तियो चौपट्टै*

*खाऊ पानी सारेर*

*जानी भए जाऊ माया मारेर ।*

*बारीको काने झार अन्तमाया*

*नलागे जाने पार ।*


*केराको लोकतो जानी भए*

*लौ झोला बोक तो ।*

स्रोतः घनश्याम खरेल, दिब्रुङ्ग-८ अर्जेवा

## ३.५ बाह्रमासे गीत

बाह्रमासेअन्तर्गत आउने नेपाली लोकगीत कुनै पनि ऋतुमा एकनास प्रवाहित भइरहेको देख्न सुन्न सकिन्छ । बाह्रमासे गीत एक किसिमले सदाबहार वृक्षजस्ता हुन्छन् , अर्थात् कहिल्यै पनि सुक्दैनन् बिलाउँदैनन् । यी गीतबाट लोकजीवनले समयलाई र त्यसअनुसारका क्रियाकलापलाई कसरी हेरेको छ भन्ने थाहा हुन्छ ।[इठ] गुल्मी जिल्लाको दिब्रुङ्ग तथा आँपचौर गा.वि.स. मा गाइने बाह्रमासे लोकगीतलाई यसरी दुई भागमा विभाजन गर्न सकिन्छ ।




### ३.५.१ धार्मिक गीत

धार्मिक अवसरमा गाइने गीतहरूलाई धार्मिक गीत भनिन्छ । नेपाली समाजमा धर्म भन्ने कुरा एउटा कुनै निश्चित महिना वा तिथिमा मात्रै गरिन्छ भन्ने केही निश्चित छैन । वर्षभरिका विभिन्न चाडपर्वहरूदेखि लिएर , घरपैँचो, छैंटी, पितृकार्यहरू र सबै देवकार्यहरूमा धार्मिक भजन कीर्तन गाउने चलन छ । छैटीको दिनमा गाइने छैंटी

---

[इठ] कृष्णप्रसाद पराजुली, पुर्ववत् , पृ. १५३ ।

गीतलाई संसकारगीतमा राख्न सकिन्छ भने त्यही अवसरमा रातभरि बसेर भजन कीर्तन पनि गरिन्छ । त्यसरी गरिने भजन, कीर्तन सबै संस्कार गीत मात्र होइनन्। तिनीहरूलाई धार्मिक गीतको वर्गमा पनि राख्न सकिन्छ । यद्यपि कतिपय विद्वान्हरूले धार्मिक गीतलाई छुट्टै वर्गीकरणमा राखेको पाइन्छ । तर वर्षभरि कुनै अवसरमा सदाबहार जस्तो बाह्रैमहिना गाइरहन मिल्ने हुनाले धार्मिक गीतलाई बाह्रमासे गीतअन्तर्गत राखेर पनि अध्ययन गर्न सकिने देखिन्छ । यस्ता धार्मिक गीतहरू भक्तिभावनाका साथै हाम्रो सांस्कृतिक परम्परासँग सम्बन्धित रहेका छन् । धर्मसँग सम्बन्धित गीतहरूमा आरती, कीर्तन, भजनहरू पर्दछन् । यी गतिहरूका बारेमा यहाँ अध्ययन गर्ने प्रयास गरिएको छ ।

### ३.५.१.१ आरती

मन्दिरहरूमा नित्य कर्मका रूपमा वा घरमा पूजा लगाएका बेलामा सन्ध्याकालमा गाउँका भजनमण्डलीहरू बसेर कीर्तन गाउने क्रममा सुरुमा आरती गाउने गरिन्छ । यो बढी मात्रामा शास्त्रीय शैलीको हुन्छ ।

यो आरती आँपचौर गा.वि.स. को कोटेश्वर भन्ने मन्दिरको परिसरमा २०६३ सालको शिवरात्रीका दिन मोतीलाल पौडेल सहितको भजनमण्डलीले गाएको हो । यो आरती भजन गाउनुभन्दा अगाडि दीप गणेशको पूजा गरिन्छ । यो गाउनुको मुख्य उद्देश्य भने हुन लागेको भजन निर्विघ्नतापूर्वक सम्पन्न होस् भन्नु नै हो ।

**भजनको आरती**

*राम निउरी आरती बनाई*

*गोपाल निउरी आरती बनाई*

*हा प्रभु मेरो राम निउरी आरती बनाई ।*

*पहिलोमा आरती पुष्पको माला*

*काली नाग माथि लैजाऊ ।*

*कृष्णजीका बाला*

*राम निउरी अरती बनाई*

*हा प्रभु मेरो राम निउरी आरती बनाई*

*गोपाल निउरी आरती बनाई ।*

*दोसरो आरती देवकीज्यूका नन्दन*

*जगत् सुधारी लैजाऊ ।*

*यमकी फन्दा*

*राम निउरी आरती बनाई*

*हा प्रभु मेरो राम निउरी आरती बनाई ।*

*गोपाल निउरी ............*

*तेसरो आरती त्रिभुवन माहै*

*गरुड सिंहासन*

*राजा रामलाई सुहाई*

*राम निउरी आरती बनाई*

*हा प्रभु मेरो राम निउरी आरती बनाई ।*

*गोपाल निउरी ............*

*चौथोमा आरती चारै युग पूजा*

*चारै युग नारायण*

*यावर नाही नारायण*

*राम निउरी आरती बनाई*

*हा प्रभु मेरो राम निउरी आरती बनाई ।*

*गोपाल निउरी ............*

*पञ्चैमा आरती मङ्गलबारै*

*राधा र रुकमिणी चमरूपोलाई*

*राम निउरी आरती बनाई*

*हा प्रभु मेरो राम निउरी आरती बनाई।*

*गोपाल निउरी ............*

*षष्टमै आरती सद्‌गुणी पावे*

*रामचन्द्रका निरगुण*

*मातौ लिई जावै*

*राम निउरी आरती बनाई*

*हा प्रभु मेरो राम निउरी आरती बनाई।*

*गोपाल निउरी ............*

*सप्तैमा आरती समिधा र बाती*

*बजाउँला शंख र घण्टा*

*चढाऊँ बेल पाती*

*राम निउरी आरती बनाई*

*हा प्रभु मेरो राम निउरी आरती बनाई।*

*गोपाल निउरी ............*

*अष्टैमा आरती अष्ट र पति जान*

*धन्नमा तिम्रो कोही राम*

*कौशिका देवी माता*

*राम निउरी आरती बनाई*

*हा प्रभु मेरो राम निउरी आरती बनाई।*

*गोपाल निउरी ............*

*नवैमा आरती*

*नव र नदी गङ्गा*

*छोइ र गङ्गा नुहाई नुहाई*

*जिवै भरि चङ्गा*

*राम निउरी आरती बनाई*

*हा प्रभु मेरो राम निउरी आरती बनाई ।*

*गोपाल निउरी आरती बनाई*

स्रोतः मोतीलाल पौड्याल, भुर्तुङ्ग-८, गुल्मी

## सारसङ्क्षेप

फूलको माला लगाई काली नागलाई नचाउने कृष्ण गोपालको पहिलो आरती हामी गर्दछौ । दोस्रो आरती जगत्को सुधार गर्ने देवकीका नन्दनको गर्छौ । तेस्रो आरती गरुड सिंहासनमा विराजमान त्रिभुवन पति राजा रामलाई गर्छौं । चौथो आरती नारायणज्यूको गर्छौं पाँचौं आरती राधा र रुक्मिणीलाई गर्छौं । सत्गुणी एवम् सबैको दुःख हर्ने पार्वती मातालाई छैटौं आरती गर्छौं । सातौं आरती समिधा बाती चढाएर शंख बजाउँदै बेल पत्तासहित शिवजीलाई गर्छौं । आठौं आरती अष्टपतिको र नवौं आरती चाहिँ सबैलाई मुक्ति दिने गङ्गामाताको नाममा गर्छौं । यो राम आरती भन्ने र सुन्ने दुबैको बैकुण्ठ बास होस् भनी गाइएको छ ।

## ३.५.२ तीन ठुन्के भजन

स्याङ्जातिर रोइला भनिने लयलाई गुल्मी जिल्लामा कालिपारे भाका वा तीन ठुन्के लय भनिन्छ । यो लय यस जिल्ला वा प्रत्येक गा.वि.स. का कुना कुनामा उत्तिकै लोकप्रिय बनेको छ । यही लयमा भजन गाउने परम्परा यहाँ यो दिब्रुङ्ग तथा आँपचौर गा.वि.स. मा

अत्यधिक चर्चित छ । वर्तमानमा त झन यहाँ अन्य पुराना भजनहरूलाई सुन्नसम्म पनि पाइँदैन । आधुनिक पुस्तामा निकै हावी भएको यो भजनमा भगवानका विभिन्न स्वरूप र अवतारको गुणगान गरिन्छ ।

**क) तीन ठुन्के भजन (कृष्णसम्बन्धी)**

*माया मधुरैमा*

*जन्म भयो गकुलमा*

*जन्म भयो गकुलमा ।*

*गाउन लागे गन्धर्व*

*नाच्न लागिन अप्सरा*

*नाच्न लागिन अप्सरा ।*

*कौनाले बजायो*

*श्यामलाल मुरली*

*श्यामलाल मुरली ।*

*कृष्णले बजाए*

*श्यामलाल मुरली*

*श्यामलाल मुरली ।*

*मोहनी औतार*

*नारायणले लिनु भयो*

*नारायणले लिनु भो ।*

*गङ्गा सागरैमा*

*कपिल औतार नारायण*

*कपिल औतार नारायण ।*

*माया मथुरैमा*

*फेरि भेट होला कि*

*फेरि भेट होला कि*

*फाटो मेरो जामा*

*जङ्गलैमा जानाले*

*जङ्गलैमा जानाले ।*

*लैजाऊ तिम्रो जामा*

*खोइ लेऊ मेरो मुरली*

*खोइ लेऊ मेरो मुरली ।*

स्रोतः प्रेमप्रसाद खरेल, आँपचौर-४, पिपलारुख

## सारसङ्क्षेप

कृष्ण अवतार मथुरामा भए पनि गोकुलमा भएको हल्ला सुनाइयो । कृष्णको अवतार हुँदा गन्धर्वले गाए भने अप्सराहरू नाचे । कृष्णले बृन्दावनमा मुरली बजाएर सबैलाई मोहित पारे । मथुरावासीहरू कृष्णले मथुरामा हामीहरूलाई भेट्न आउलान कि भनी चिन्ता गर्छन । राधाले कृष्णले मुरली खोसीदिँदा जामा फाट्यो त्यो बेला कृष्ण भन्छन् तिमीलाई म जामा दिउँला तर पहिला मेरो मुरली देऊ ।

यस भजनमा भगवानको कृष्ण अवतारका विभिन्न लीलाको वर्णन भिन्दाभिन्दै प्रसङ्गमा गाइएको छ । यो भजन गाउँदा पहिलो र दोस्रो टुक्कालाई एकपटक गाइन्छ भने तेस्रो टुक्कालाई ५ देखि ७ वा त्यो भन्दा अधिक पटक पनि दोहोऱ्याएर ।

**ख) तीन ठुन्के भजन (राम सम्बन्धी )**

*हेर त*

*हुँदैन र भेट*

*जुनको र घामको*

*सीताको र रामको*

*झल्को हीरा मोती*

*सीता माईको गलामा*

*राम लक्ष्मणको पालामा ।*

*गाउन लागे गन्धर्व*

*नाच्न लागिन अप्सरा*

*छोपे रामले अवसर ।*

*यही हो राणभूमि*

*देख्यौ सीता जननी*

*देख्यौ सीता जननी ।*

*यसै मरौला कि*

*फेरि भेट होला कि*

*फेरि भेट होला कि*

*कुन वाला प्यारा*

*भन मेरी सीताजी*

*भन मेरी सीताजी ।*

*नपारन राम*

*चौरासीको फेरोमा*

*चौरासीको चक्करमा*

*नरौ बैनी तारा*

*बलि राजा आउँदैनन्*

*बलिराजा आउँदैनन् ।*

स्रोतः छविलाल थापा मगर, दिब्रुङ्ग-९, नेटा

## सारसङ्क्षेप

रावणले सीताको हरण गरेपछि फेरि भेट हुँदैन कि भन्ने आशङ्का छ । सीता माताको गलामा हीरा मोती झल्किएको छ । लङ्का जितेपछि रामले सीतालाई युद्धमैदान देखाइदिए लवकुशको जन्मपछि रामले सीतालाई कुन बालक प्यारा छन् भनी सोधे । हे राम ! हामीलाई चौरासी लाख योनीको चक्करमा नपार भनेर प्रार्थना गर्छन । सुग्रीवको पक्ष लिएर बालीलाई मारेपछि शोकाकूल भएकी तारालाई रामले त्यो मृत पञ्चभौतिक शरीर फर्केर नआउने र आत्मा नमरेकाले नरुन आग्रह यस भजनद्वारा प्रकट गर्छन ।

## ग) मिश्रित भजन

*कति सुहायो कति सुहयो*

*नागको माला, बागको छाला कति सुहायो ।*

*आऊ न भगवान आऊ न भगवान*

*हाम्रो हरि कीर्तनैमा आऊ न भगवान ।*

*नपारे है राम चौरासीको फेरोमा*

*चौरासीको चक्करमा नपार न राम*

*कुलै उज्यालो कुलै उज्यालो ।*

*धर्म गर्ने जनको कुलै उज्यालो ।*

*तिम्रै शरण तिम्रै शरण*

*नवदुर्गा भगवती तिम्रै शरण*

*दिब्रुङ्गका भोलेबाबा रुद्रवेणी रामा*

*इन्द्रेगौडा राधा कृष्ण दर्शन गर्न जाऊ*

*हरि हरि दर्शन गर्न जाऊ*

*जय शम्भो भष्म धारी*

*उमापति महादेव त्रिपुरारी ।*

*कति सुहायो कति सुहायो ।*

*भजौ हरिलाई भजौ हरिलाई*

*यो जिन्दगी भरिलाई भजौ हरिलाई*

*संसार झूठो छ संसार झूठा छ ।*

*राम राम भुलिन्छ कि भन्नी भुटो छ ।*

*जपिदैन हरि मनमा पिर नपरी*

*बरबर आँसु नझरी बरबर आँसु नझरी ।*

*मलाई बगाउलाकि*

*फूल बगाउने नदीले फूल बगाउने नदीले ।*

स्रोतः दधिराम खराल तथा चूडामणि खराल लगायत भजन भण्मडली, दिब्रुङ्ग-९ कराउँदिव

## सारसङ्क्षेप

यो अत्यन्त लोकप्रिय भजन हो । यो भाका अघिल्ला तीन ठुन्के भाका भन्दा केही भिन्न प्रकारको हो । यसमा भगवानका विभिन्न स्वरूपको र लीलाको वर्णन गरिनुका साथै विभिन्न तरिकाले प्रार्थना पनि गरिएको छ ।

नागको माला लगाएका शिवजीलाई अत्यन्तै शोभायमान देखिएको छ । हे भगवान हाम्रो हरिकीर्तनमा तिमी पनि आइदेऊ । राम हामीलाई चौरासीको चक्करमा नपार जसले धर्म गर्छ, उसको कुल नै उज्यालो हुन्छ । हे नवदुर्गा भगवाती हामी सदा तिम्रै शरणमा छौं । भष्म धारण गरेका त्रिपुरारी भगवान शिवजी उमामाताका पति हुन् । शरीर नाङ्गो भएर शिरमा गङ्गा धारण गरेको शिवजीलाई खुब सुहाएको छ । यो मरी जाने चोलामा

सबैले हरिलाई भजौं । यो संसार सपना जस्तो छ , त्यसैले सबै जना हरिलाई जप । सबैलाई दर्शन दिंदै गङ्गा माता तलतिर बगेकी छन् ।

### ३.५.३ कीर्तन

कीर्तन शब्द 'कृत' धातुमा त्युट (अन) प्रत्यय लागेर बनेको हो । यसको अर्थ कसैको यसको वर्णन गर्नु भन्ने हुन्छ । विशेष गरेर वृद्धावस्थाका व्यक्तिहरू मानसिक शान्ति र यसलोकमा गरेको पाप एवम् कल्मषलाई समाप्त गरेर परार्थ सपार्न वा मुक्ति पाउनका लागि कीर्तन गर्न गर्छन । आफ्ना इष्ट देवताको कीर्ति वा महिमाको वर्णन गरेर नित्य बिहान बेलुका गाउने गर्दछन् । अझ कुनै पर्वका समयमा मन्दिरमा बसेर रातभरि नै कीर्तन गरी बस्ने चलन पनि रहेको देखिन्छ । गुल्मी जिल्लाको दिब्रुङ्ग गा.वि.स.मा यो कीर्तिन मलमासको समयमा घर घरमा गएर गाइन्छ । साथै मृत्युको समयमा पनि हरे राम र हरे कृष्ण भन्ने कीर्तन दोहोऱ्याई दोहाऱ्याई गाएर गण्डकी मूर्दासँग जाने चलन पनि रहेको छ । प्रस्तुत छन् यस गा.वि.स. मा गाइने केही कीर्तनहरू :

*हरे राम हरे राम राम राम हरे हरे*

*हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ।*

*श्री कृष्ण गोविन्द हरे मुरारे*

*हे नाथ नारायण वासुदेव ।*

*राधेश्याम राधेश्याम श्याम श्याम राधे राधे*

*राधे कृष्ण राधेकृष्ण कृष्ण कृष्ण राधे राधे ।*

*श्रीमन नारायण नारायण नारायण*

*भज मन नारायण नारायण नारायण ।*

स्रोतः श्री शिवलाल खरेल, दिब्रुङ्ग-९, लुग्दी ।

## ३.५.४ झ्याउरे गीत

गुल्मी जिल्लाको दिब्रुङ्ग गा.वि.स. मा सबैभन्दा बढी गाइने बाह्रमासे गीत झ्याउरे हो । स्थानीयबासीहरूले झ्याउरेलाई झाम्रे पनि भन्ने गर्दछन् । त्यसो त यस गा.वि.स. मा लगभग सबै खाले लोकगीतलाई झ्याउरे भन्ने गरिएको पनि सुन्नमा आउँछ । कैयौं ठाउँमा रोदी बस्ने भन्ने प्रसङ्ग सुन्नमा आउँछ भने यहाँ 'आज राति झाम्रे गाउन जाने होइन' भन्दै हिड्ने गरेको सुन्नमा आउँछ ।

यसरी सर्वत्र चर्चित झ्याउरेलाई छोटकरीमा परिचय दिनुपर्दा बाह्रै महिना गाइने नेपाली भाषाको सबभन्दा लोकप्रिय र मनोरञ्जनप्रधान गीतको नाम झ्याउरे हो ।

यो झ्याउरे गीत दिब्रुङ्ग गा.वि.स. २ दह निवासी दलबहादुर बराल र साथीहरूले गाउका हुन् । उनीहरूका अनुसार यो झ्याउरे गीत गोठालो, खेतालो जाँदा विवाह मेला पर्व आदिमा गाइने गरिन्छ । अझ यो गीत राति जाग्रम वस्ता रात कटाउन मादलको तालमा दोहोरी र एकोहोरीका साथमा गाउने गर्दछन्, काम गर्दा पनि गाउर मनोरञ्जन गर्ने गरिन्छ । यसरी यो गीत गाउनुको मुख्य उद्देश्य मनोरञ्जन प्राप्त गर्नु र काम गर्दा आउने थकावट मेटाउनु नै हो ।

### झ्याउरे गीत

*छुपु र छुपु जर्नेली धान रोपेर छोडौला,*
*नमरी बाँचे कालले साँचे भदौमा गोडौला*
*छिटोः हे रम्झना जाने बेला के दिन्छौ सम्झना ।*
*असारे मासको दबदबे हिलो घिन लाग्यो छुनलाई*
*छोडीमा जाने मायाजाल लाए सम्झेर रुनलाई*
*छिटोः हे मन भयो हैरान, लेम कि मैले जोगीको पैरन ।*
*सादनी हलो फलामे फाली धरती धसम्ला*

*न मरे अघि न मेरापछि को हेरी बसम्ला*

*छिटोः हे बस बस सबैले भन्छन् जुनी बित्यो कसैले भन्दैनन् ।*

*उकालीमा जाँदा जाँदै देउरालीलाई पाती*

*राम्रा राम्रा तरुनीको पोइ मरेकै जाति*

*छिटो हे बस बस सबैले भन्छन् जुनी बित्यो कसैले भन्दैनन् ।*

*पोखराको बजारमा सुका मानो पिप्ला*

*धेरै पिप्ला नखा केटी छेरौटीले टिप्ला*

*छिटो : जाम उँदै उँदै कहिले रुँदै कहिले मन बुझाउँदै ।*

*मूडा काट्नी बन्चरो त कागज काट्नी कैंची*

*छेपाराले पाडो पायो छक्कै पऱ्यो भैंसी ।*

*छिटोः यो मायाले हित गऱ्यो मसित,*

*आखिरीमा जुगजाने कोसित ।*

स्रोतः दलबहादुर बराल र साथीहरू, दिब्रुङ्ग-२ दह

## सारसङ्क्षेप

मिश्रित विषयवस्तुमा आधारित यो झ्याउरे लयको गीतमा असार साउनमा खेतबारीमा काम गर्दाखेरीको प्रसङ्गदेखि लिएर हाँस्यव्यङ्ग्य विषयवस्तुलाई समेत समावेश गरिएको छ । यो गीत गाउँदा अघिल्ला दुई पङ्क्तिलाई एक जनाले निकाल्ने गर्छ भने छिटो भाकालाई एकजनाले निकालेपछि मादल घन्काउँदै सबैले छोपेर दशपन्ध्र पटकसम्म गाउने गर्दछन् । नाच्ने व्यक्ति भने अघिल्लो ढीलो भाकाका दुई पङ्क्ति भनुञ्जेल हातले इसारा गरेर मात्रै नाच्छन भने छिटो भाका सुरु हुनासाथ एकदमै द्रूतगतिमा फनफनी घुमेर बसी उठी नाच्ने गर्दछन् ।

अन्य बाह्रमासे गीतलेझैं पछिल्ला पङ्क्तिमा गायकको भावना समेटिएको यस गीतको सारांश यस प्रकार रहेको छ : असारमा रोपेको धान साउनसम्ममा नमरेमा

गोडौला । छोडी जाने मायासँग पिरती गाँसियो । विछोडपछि अघिपछि सहारा दिने कोही छैन । राम्रा राम्रा तरुनीको पोइ मरेमा फाइदा हुने थियो ।

यस गीतमा र अघिल्ला पङ्क्तिमा भने असारे मासको हिलो, धान, हलो र फाली जस्ता कृषिजन्य साधनहरूका साथै गायकका भावनालाई विषयवस्तु बनाइएको छ । गीतका स्थायी र अन्तरामा कतै मेल भएको पाइन्छ भने कतै पाइँदैन । गीतको अन्त्यतिरको ढीलो भाकाले केवल श्रोतालाई हँसाउने मात्र काम गरेको छ भने छिटो लयले मात्रै गायकको भावनालाई व्यक्त गरेको छ ।

## ३.५.५ चुड्का/रोइला गीत

गुल्मी जिल्लाबाटै उत्पत्ति भएको मानिने रोइला गीतलाई चुड्के वा कालीपारे भाका भनेर पनि चिन्ने गरिन्छ । कसै कसैले यसलाई तीनठुन्के गीत पनि भन्ने गरेको पाइन्छ । गुल्मीमा मात्रै नभएर स्याङ्जा पाल्पा , बागलुङ र पर्वत जिल्लामा पनि यो गीत निकै चर्चित छ । रोइला गीत गाउँदा गाउँदै यही लयमा भजन कीर्तन गाउने परम्परा पनि यस गा.वि.स. दिब्रुङ्ग र आँपचौरमा निकै चलेको पाइन्छ । यो गीतलाई प्रायः दोहोरीमा र मौका परे एकोहोरीमा पनि गाउन सकिन्छ । यस गीतको संरचना तीन पाउमा आधारित हुन्छ । गीतको पहिलो र दोस्रो पङ्क्तिले पनि गायकको भावलाई व्यक्त गर्न सहयोग पुऱ्याउने हुनाले अन्य बाह्रमासे गीतहरू भन्दा यो भिन्नै खालको लोकगीत पनि हो ।

रोइला गीतको संरचना र लय भिन्दा भिन्दै प्रकारका पाइन्छन् । यो गीत जति विस्तारित र प्रसिद्ध हुँदै गएको, त्यति प्रकारगत भिन्न पनि बन्दै गएको छ । ठाउँअनुसार यस गीतका भेदहरू पाइन्छन् । यस्ता गीतहरू प्रायः प्रेंम र विरहको विषयवस्तुमा आधारित हुन्छन् । गीतको पहिलो र दोस्रो पङ्क्ति प्रायः एकपटक मात्रै गाइन्छ भने तेस्रो पङ्क्तिलाई दोहोऱ्याई दोहोऱ्याई दुई तीनपटकसम्म गाइन्छ ।

## तीन ठुन्के लोकगीत (कालिपारे भाका) रोइला

*केटाः ढाका टोपी मइलो*

*धुने बैनी घर गई*

*के रमाइलो छ र खोइ ।*

*केटी : घर त बाटामुनि*

*आउँदा जाँदा पसे है*

*गुन्द्र तानी बसे है ।*

*केटाः पारि वनपालेमा*

*खाउँला बदम किनेर*

*लाउँला माया चिनेर ।*

*केटी : नचिनेर होला*

*चिनेपछि मायाजाल*

*पाएपछि बिग्रोचाल ।*

*केटाः बस बस माया*

*बसे माया लाईहन्छ*

*हाँसो रङ्ग भइहाल्छ ।*

*केटीः नाच नाच माया*

*नाचिहालें मै पनि*

*नरिसाउनु कोही पनि ।*

*केटा : तिम्रो सम्झनामा*

*उकालीमा वर सारें*

*हेर्दा हेर्दै मन पारें ।*

केटी कालिपारे दाइको

के भरोसा हुन्छ र

त्यसै यो मन रुन्छ र

केटाः पारि किन रुन्छ्यौ

वारि आऊन सोल्टिना

ज्यान गए पनि छोड्दिन ।

केटी : घरको वास छैन

के गरेर पाल्छौ र

किन यच्छत फाल्छौ र

केटाः तिमी जस्ता आए

दशओटी नि पालिदिन्छु

रुबीको सल हालिदिन्छु ।

केटी कालिपारे दाइको

जाले रुमाल कोराको

त्यही पनि छोराको

केटाः त्यसो नभन न

लाईदेऊ माया रसको

किन डर कसको ।

केटी : त्यसो भए माया

पिरती फर्काइदेऊ

दुःख मेरो लुकाइदेऊ ।

केटाः दैवको खटना

*माया पिरती हाम्रै हो*

*बोले माया हाम्रै हो ।*

*केटी : उँदै सललल*

*माया पनि म पनि*

*माया पनि म पनि ।*

स्रोतः बिन्दु तिवारी, आँपचौर-४, गुल्मी

## सारसङ्क्षेप

दोहोरी गीतका रूपमा रहेको यस गीतमा प्रारम्भमा केटाले आफ्नो ढाका टोपी धुने बहिनी घर गएकाले रमाइलो नभएको बताएपछि केटीले आफ्नो घरतिर निम्तो दिन्छे । केटाले चिनेर माया लगाउने, सँगै बसेर माया लगाउने देख्नसाथ माया लगाएकोले प्रेमिकालाई आफ्नो नजिकमा आउन भन्छ जसको प्रत्युत्तरमा केटीको तर्फबाट चिनेपछि माया लगाएकोले, सँगै नाच्न भनेको र कालीपारे दाइको भरोसा नभएको प्रसङ्ग अगाडि आएको छ । केटाको घरमा बास नभएको र आर्थिक रूपमा गरिब भएको आरोप केटीले लगाएपछि केटाले आफूले लगाएको माया नछोड्ने प्रतिबद्धता जनाउँछ । अन्तमा केटीले केटासँग जाने सहमति जनाउँछे ।

## ३.५.६.सराएँ गीत

*खेल भाइ हो ऽऽ ऽऽऽ*

*राम्रै गरी ऽऽ*

*ढल्क भाइ ऽऽ*

*हात हतिहार ऽऽ*

*जोगाएर ऽऽ*

*खेल भाइ ऽऽ*

*बाजा गाजा ऽऽ*

*वाक्खै ऽऽ*

*खेल भाइ ऽऽ*

*बाँचे आइसाल ऽऽ*

*मरिम भने ऽऽ*

*स्वर्गमा भेट ऽऽ*

*वाक्खै ऽऽ*

*खेल भाइ ऽऽ*

## ३.६ विविध गीत

### ३.६.१ बालगीत

मानव जीवन जन्मदेखि मृत्युसम्म सङ्गीतमय छ । हाम्रो जन्मदेखि मृत्युसम्मका विभिन्न संस्कारहरूमा गीत राग अलापिन्छन् । सानो बालक डाँडीमा रुँदासमेत डाँडी हल्लाउँदै विभिन्न रागहरूले उसलाई लठ्ठ पारी निद्रामा भुलाउँछन् । यसरी कोक्रोदेखि चिहानसम्म नै हामीलाई सङ्गीतले प्रभाव पारिरहेको हुन्छ । जीवनभरि गरिने विभिन्न ब्रत उत्सव पनि सङ्गीत विहिन हुँदैनन् । मेलापातका क्रममा होस वा दाउरा घाँसका समयमा जतासुकै मीठा-मीठा स्वर लहरीहरू सुन्न पाइएको हुन्छ । बाल्यवस्थादेखि वृद्धावस्थासम्म आफ्नै खालका गीतहरू गाइन्छन् । अवस्थाअनुसार गीतको भावभूमिमा भने अन्तर पाउन सकिन्छ । बालगीत प्रायः खेलसँग सम्बन्धित हुने युवावस्थाका गीत प्रेमसँग सम्बन्धित हुने र वृद्धावस्थाका गीतहरू धर्मसँग सम्बन्धित हुने गर्छन । गुल्मी जिल्ला दिब्रुङ्ग तथा आँपचौर गा.वि.स. को बालसंसारले पनि विभिन्न गीतहरू सिर्जना गरेको पाइन्छ । गाउँभरिका केटाकेटीहरू एउटा खुल्ला ठाउँमा जम्मा भएर खेल खेल्दै गाइने यस्ता गीतमा कुनै बाजागाजाको आवश्यकता पर्दैन, स्वच्छ एवम् पवित्र भावनाले उनीहरू गीत गाउँछन् ।

जात धर्म, लिङ्ग आदि केही भेदभाव नगरी उनीहरू नाङ्गै-बुङ्गै गीत गाउँदै खेलेको खेल हेर्न अति रमाइलो हुने गर्छ। यस्ता बालगीतमा बाल आवाज तोतेबोली मिसिएको हुन्छ :

जस्तै केही उदाहरणहरू

*मामा आउ घोडा , माइजू आइन् डोली*

*पापा ल्याइन सोली*

*दूधु माम सुपुक्क*

*काफल गेडी कुटुक्क*

*घाम पानी घाम पानी स्यालको विहे*

*कुकुर जन्ती बिरालो भन्छे*

*बिरालाका छाउरा छाउरीले छोएको*

*खान्न खान्न खान्न ।*

*यो घर कसको आलेको*

*भित्र बाहिर टालेको*

*मैन बत्ती बालेको*

*छत्री बुन्न थालेको*

*नजानेर फालेको ।*

*चीँ मुसी चीँ मुसी*

*तिम्रा दाजै, हाम्रा बाजै*

*माछा मार्न गा छन्*

*माछा मारी ल्याउँछन्*

*बेलुका घर आउँछन्*

*बाँडी चुँडी खाउँला है*

स्रोतः घनश्याम खरेल, दिब्रुङ्ग-८, अर्जेवा

## ३.६.२ निष्कर्ष

गुल्मी जिल्ला दिब्रुङ्ग तथा आँपचौर गा.वि.स. लोकगीतको क्षेत्रमा लगभग सबै खाले लोकगीतको भण्डारका रूपमा रहेको छ । प्रत्येक संस्कार, प्रत्येक श्रम, प्रत्येक चाडपर्व र प्रत्येक विशेष कार्यक्रमहरू लोकगीत विना अधुरा मानिन्छन् । बालकदेखि वृद्धासम्म सबै उमेरका व्यक्तिहरू यहाँ लोकगीत गुनगुनाउन रुचाउँछन् । वर्तमानमा अन्य लोकगीतको तुलनामा बाह्रमासे लोकगीतहरूले युवापूस्तालाई अत्यन्तै आकृष्ट गरेको पाइन्छ । मनोरञ्जनका साथै स्थानीय लोकधारणा, सामाजिक परिवेश, आर्थिक तथा शैक्षिक स्थिति जस्ता जीवनका विभिन्न पक्षको चित्रण यहाँका लोकगीतहरूको विषयवस्तु बनेको पाइन्छ ।

# अध्याय- चार

## गुल्मी जिल्लाको दिब्रुङ्ग तथा आँपचौर गा.वि.स.का लोकगीतको विश्लेषण

### ४.१ गुल्मी जिल्लाको दिब्रुङ्ग तथा आँपचौर गा.वि.स.का लोकगीतमा लोकजीवनको प्रतिबिम्ब

लोकगीत लोकमानसको सुख-दुःख, हर्ष-विस्मात, आशा-निराशा, संयोग-वियोग आदिको लयात्मक र कोमल अभिव्यक्ति हो । लोकगीतहरूमा लोकजीवनका विगत र वर्तमानका रहन-सहन, रीतिरिवाज, आचार-विचार र आस्था-विश्वास प्रकट भएका हुन्छन् । त्यस्तै यी गीतहरूमा भीर-पाखा, खोला-नाला, घाम-पानी, खान-पान, भेष-भूषा र चाल-चलनको पनि चित्रण भएको हुन्छ । त्यसैले लोकगति नेपाली लोकजीवनको सिङ्गो वर्तमान र शुद्ध इतिहास पनि हो ।

उपर्युक्त कुराहर गुल्मी जिल्ला दिब्रुङ्ग तथा आँपचौर गा.वि.स. का लोकगीतमा पनि ठम्याउन सकिन्छ । त्यहाँका गीतमा त्यहाँको लोकजीवनका समस्त रागात्मक र अध्यात्मिक भावनादेखि लिएर आफ्नो वरपरको प्राकृतिक, सांस्कृतिक वातावरण, सुख-दुःख र सम्पन्न विपन्नताको प्रतिबिम्ब ठम्याउन सकिन्छ । त्यहाँ गाइएका लोकगीतका एउटै झलकमा पनि लोकजीवनका विविध प्रसङ्गलाई समेटिएको पाइन्छ । यी गीतमा नेपाली लोकजीवन र दिब्रुङ्ग तथा आँपचौर गा.वि.स.का लोकजीवनका सामाजिक, सास्कृतिक र आर्थिक अवस्थाका प्रतिविम्ब पाइन्छन् । त्यसैले त्यहाँका लोकगीतमा भेटिने खास खास विषयवस्तुका आधारमा निम्नानुसारले चर्चा गरिएको छ ।

#### ४.१.१ सामाजिक चित्रण

मानिस सामाजिक प्राणी हो । ऊ समाजमा नै जन्मन्छ , हुर्कन्छ र रमाउँछ । त्यसैले मानिसले समाजप्रतिको दायित्व पनि पूरा गर्छ । यसै क्रममा विभिन्न क्षण फरक

फरक अवस्थामा बिताउने गर्छ । पारिवारिक सम्बन्ध, वात्सल्यभाव, भाइ-बहिनीको स्नेह, साथी-सहेलीका हार्दिकता, जीवनका सुख-दुःख र प्रेम प्रसङ्गजस्ता कुराहरू समाजमा जेलिएका हुन्छन् । यिनै कुराहरूसँग भिज्दै जीवन बिताउने क्रममा उपयुक्त अवस्था र प्रसङ्ग अनुसारका भावना लयात्मकताका साथ प्रस्फुटन हुन्छन् । ती भावनामा उपर्युक्त कुराहरूको अभिव्यक्ति भएका हुन्छन् ।

पारिवारिक वा नातागोताको सम्बन्ध र वात्सल्यका भावना विवाहमा गाइने मागलमा चित्रित भएका हुन्छन्; जस्तै :

*आजसम्मन बाबै काख थिएँ,*
*आज र बाट ससुरा काख गएँ*
*अबदेखि हाम्रो बाबा भयौ बिरानो ।*
*आजसम्न आमा काख थिएँ,*
*आजदेखि सासुकाख गएँ,*
*अबदेखि हाम्रो आमा भयौ बिरानो ।*
*आजसम्मन दाजु काख थिएँ*
*आजबाट जेठाजु काख गएँ*
*अबदेखि हाम्रा दाजु भयौ बिरानो*

दिब्रुङ्ग तथा आँपचौर गा.वि.स. का लोकगीतमा महिलाप्रति लादिएको घरधन्दाले उनीहरूलाई निराश र विरक्ति पलाएका कुराहरू आएका हुन्छन् । सबैजसो काम महिलालाई नै लगाउने तर काम गर्ने मान्छेलाई नै हेला गर्ने चलन देखिन्छ । त्यस्ता कुरा बुहारी बनेकी महिलाले यसरी व्यक्त गर्छिन् ।

*फूल फुल्यो तितेको*
*मै छु हेला, मेरै काम बितेको ।*

*संसारमा मै रै छु दुःखी*

*मर्छु क्यारे उमेरै नपुगी ।*

*पिर पऱ्यो पर्न त*

*परे पनि सकिन मर्न त ।*

यहाँको समाजमा जन्मैदेखि छोरालाई काखा र छोरीलाई पाखा गर्ने प्रवृत्ति अझै कायमै छ । त्यसैले शिक्षा, स्वास्थ्य, खानपान र मनोरञ्जनजस्ता आधारभूत आवश्यकताका कुराहरूमा छोरीलाई छोरा जस्तो अवसर नदिएका कुरा पनि त्यहाँका लोकगीतमा व्यक्त भएका हुन्छन् ।

*दिन ओढ्ने कम्मलु त राती ओढ्ने खोल ।*

*छोरी पाउनी जाबीलाई टिमुरको झोल ।*

*म र भन्दा सानो भाइलाई क्याम्पसमा पढाउनी*

*म एउटी छोरीलाई घाँस कटाउनी ।*

*म र भन्दा सानो भाइलाई आई.ए बी.ए. पढाउछन्*

*म एउटी छोरीलाई डोको बोकाउँछन् ।*

*म र भन्दा सानो भाइलाई पाइन्ट सिलाई दिने*

*म छोरीलाई नाम्लो हँसिया बनाइ दिने ।*

*छोरो स्कुलबाट आउँदा आऊ बाबु काखमा*

*म छोरीलाई पठाउँछन् वनपाखामा ।*

भाइ बहिनीमा हुने स्नेहभाव त्यहाँका भैलो , तीज र अन्य लोकगीतहरूमा पनि व्यक्त भएका हुन्छन् । तिहारमा दिदीबहिनीले दाजुभाइलाई पूज्ने , सेवा गर्ने, मीठा मीठा खाने कुरा खुवाउने, फूलमाला पहिराइ सद्भाव देखाउने प्रचलन छ । त्यस्तै तीजपर्वमा दाजुभाइले दिदीबहिनीलाई मान सम्मान गर्ने मीठामीठा खाने कुरा र राम्रा लुगा कपडा

दिएर सद्भाव देखाउने प्रचलन छ । त्यसमा पनि तीजमा दिदी बहिनी माइतीमा आउन नपाएमा वा ढीलो भएमा दाजु भाइको मन पनि दुःखी र नरमाइलो हुन्छ । त्यस्तै तिहारमा पनि दाजुभाइ घरमा नभएमा वा टीका थाप्न आउन नसक्दा मखमली र सयपत्री फूल देखेर पनि दिदी बहिनीमा यस्तो भावना आउँछ -

*दशैं आउला तिहार आउला*

*मखमली फुलेर ओइलाउला*

*मखमली फूलको माला गाँसी*

*सम्झी सम्झी मै बाटो हेरुला ।*

बैंसमा माया प्रीति नलाएको जीवनको अर्थ हुँदैन । आफूले हाँस्तै खेल्दै गरेको रमाइलो संसार छाडेर वैंसलाई फाल्नु राम्रो होइन । जीवन एक किसिमको फूल हो , यसको उपयोग चिरस्थायी हुनुपर्दछ ।[द्ड] त्यसैले मायाप्रीति विश्वासिलो, भरपर्दो, साँचो हुनुपर्दछ । तल उद्धृत गरिएका पङ्क्तिहरूले यिनै तथ्यको पुस्टि गर्दछन् ।

*लाउ माया रसैको*

*डर कर नमानी कसैको ।*

*लाउ माया रसिलो*

*मादलुको तनोझैं कसिलो ।*

*उकाली ज्यानको चिप्लेटी ढुङ्गा*

*चरिले टेकेछ ।*

*तिमी र हामीलाई माया र लाउन*

*भावीले लेखेछ ।*

---

द्ड

अरुका दिदीबहिनी माइतीमा आएर रमाइलो भएको देख्दा आफ्ना दिदी बहिनी पनि आइदिए हुन्थ्यो भनेर एउटा भाइले आमासँग दिदीलाई लिन जाने कुरा यसरी व्यक्त गर्दछ -

*अरुका दिदी बहिनी लम्मरी र झम्मरी*

*हामरा दिदी बहिनी खै बरिलै*

*वेतको लौरी ताछिदेऊ मलाई बाटो देखाइदेऊ*

*म त जान्छु मेरी आमा दिदी लिनलाई*

घर परिवार मात्र होइन छर-छिमेक र वरपरको समाजमा साथीहरूसँग मिलेर काम गर्ने, रमाउने, दुःख-सुखमा सघाउने गरेका हुन्छन् । ती साथीहरूमध्ये कोही विवशताले गर्दा विदेशिनु पनि परेको हुन्छ । चाडपर्व आउँदा आफ्ना दौतरी वा साथी भाइसँग मनाउँदा जति रमाइलो हुन्छ त्यति आफ्नो साथी भाइ नभएको बेलामा हुँदैन । त्यसैले चापडपर्वमा मनोरञ्जन गर्दा आफ्ना साथीहरू सम्झिएका हुन्छन् । बादल गर्जदा पनि आफ्नै साथी बोलेझैं ठान्दछन् र यस्ता गीतहरू गाउँछन्-

*पूर्वै दिशाको कालो बादल*

*उतै चम्कला विजुली राजै*

*जता पनि हुन्छन् हाम्रा सथी*

*उतै गरिजला मेघ राजै ।*

समाजमा सबैको दृष्टि सबैमाथि एकैनासको हुँदैन । कोही साह्रै मित्र र कोही साह्रै सत्रु पनि हुन्छन् । ती कुराहरू पनि त्यहाँका गीतमा व्यक्त भएका हुन्छन् ।

*पानीको ओइरोमा*

*घर त मेरो खरको झुप्रोमा ।*

*कर्म मेरो बिगर्दै गा को छ*

*सत्तुरले भने झैं भा को छ ।*

*हजुरले विदेशमा बिताउने*

*गाउँले मलाई नराम्रो चिताउने ।*

### ४.१.२ सांस्कृतिक चित्रण

गुल्मी जिल्ला दिब्रुङ्ग तथा आँपचौर गा.वि.स को समाजमा विभिन्न संस्कार कर्म र चाडपर्वहरू मनाइन्छ । ती चाडपर्व र संस्कार कर्म गीतविना अर्थपूर्ण हुँदैनन् । त्यसैले लोकगीत चाडपर्व संस्कार र कर्मका अभिन्न अङ्ग बनेर आएका हुन्छन् । त्यस्ता अवसरमा गरिने विभिन्न कर्मका विधि विधानहरू पनि लोकगीतमा आएका हुन्छन् । खान-पान, भेष-भूषा, वाद्य-वादन , कला-कौशल, तडक-भडक आदि कुराहरूको यथार्थ चित्रण त्यहाँका लोकगीतमा भएको पाइन्छ । विवाहजस्तो संस्कार कर्म गर्ने विभिन्न विधिहरू हुन्छन् । ती कुराहरूको चित्रण त्यहाँका लोकगीतमा भएको हुन्छ । विवाहमा कसार बटार्ने , जग्गे बनाउने, जिउँती खेल्ने, कन्यादान गर्ने इत्यादी काम गरिन्छ । ती कामहरू त्यहाँका लोकगतिमा व्यक्त भएका हुन्छन् । विवाहमा कसार बर्टादा र लगन लेख्ने सामग्री ठीक पार्ने बेला गाइने गीत उदाहरणका लागि -

*हाम्रा भाइको विवाह भयो*

*कसारै बटारम*

*आ है कसारै बटारम ।*

*आकाशैबाट पातालैबाट*

*आएका दिदी र बहिनी*

*कसारै बटारम ।*

*रोटी कसार खाँदै जाऊ लनगको माटो खनी ल्याऊ*

*रोटी कसार खाँदै जाऊ लगनका पात टिपी ल्याऊ*

*हाँगो पनि नभाँच , डाली पनि नलाछ ।*

तीज पर्व मनाउँदा विवाह मई पराइघर गएका चेलीबेटीलाई माइतीमा बोलाउने चलन छ । चेलीबेटी माइतीमा नभए तीपर्व आए जस्तो हुँदैन । त्यसैले तीज पर्वमा चेलीबेटी बोलाउन माइतीबाट जानैपर्छ । चेलीबेटी पनि विशेष परिस्थिति बाहेक आउनैपर्छ । नत्र दुवैतर्फ नरमाइलो हुन्छ । त्यस्ता कुरा झल्काउने गीतहरू पनि गाइएको पाइन्छ ।

*डाँडै भाको पिपलु त मैदानको चौपारी*
*किन आउँछ पूर्वे हावा पातै फरर ।*
*हाम्रा बाबा नेपाल हाम्री आमा नेपाल*
*किन आउँछ पापी तीज मनै धरर ।*
*सानो मकै पाको, ठूलो मकै पाकेन*
*अहिलेका तीजमा भाइले डाकेन ।*
*अरुका दिदी बहिनी लम्मरी र झम्मरी*
*हामरा दिदीबहिनी खै बरिलै*
*वेतको लौरी ताछिदेऊ मलाई बाटो देखाइदेऊ*
*म त जान्छु मेरी आमा दिदी लिनलाई*

नेपाली लोकगीतमा आहार, भेष-भूषा र आभूषणका थुप्रै उल्लेख पाइन्छन् । ती सबैलाई केलाउँदा लोकजीवनका रुचि र रीतिको मनग्य परिचय पाइन्छ । श्रृङ्गारका निम्ति स्वास्नी मानिसहरू शिरफूल, झुम्का, ढुङ्ग्री, बुलाकी, पोते, नौगेडी, तिलहरी, चुरा औंठी कल्ली आदि गरगहना लगाएर झकीझकाउ हुन्छन् । त्यस्ता गरगहनाको प्रसङ्ग पनि यहाँका लोकगीतमा अभिव्यक्त भएको पाइन्छ ।

*तीज आयो राजै रमाउँदै झमाउँदै*
*छैन राजै मेरो शिरै लाउनी शिरफूल ।*

*वर्ष दिनको तीजमा भाइ लिन आएका*

*हाम्री बज्यै पापिनीले शिरफूल लुकाइन*

*घर राम्रो मकैको सुलीले*

*बहिनी राम्री नाकैको फुलीले*

*शिरै लाउनी शिरफूलमा मानीको पत्थर*

*बिहान बेलुकी झल्किन्छ ।*

*पराइको छोरो बाबा निष्ठुरे मनको*

*देश छोडी विदेशमा ढल्किन्छ ।*

संस्कार कर्म चाडपर्व र अन्य बेलामा पनि गाइने गीतमा त्यहाँका स्थानीय लोकवाद्य सामग्रीहरू जस्तो मादल, बाँसुरी , सारङ्गी, दमाहा, नरसिंह आदिको प्रयोग गरिन्छ । ती मध्ये केही वाद्य-सामग्रकिो चित्रण यहाँका लोकगीतमा पाइन्छ ।

*मादले दाइले मादल थर्काऊ*

*पुरुसुङ्गे दाइले कम्मरै मर्काऊ ।*

*वासुरी दाइले बाँसुरी फर्काऊ*

*मारुने दाइले कम्मरै मर्काऊ ।*

विभिन्न चाडपर्वअनुसार ठाउँ ठाउँमा गएर संस्कारअनुसार पाठपूजा गर्ने, मेला लगाउने र रमाइलो गर्ने परम्परा अनुसार यहाँका मानिसहरू सतबीज छर्न दिब्रुङ्ग नर्मदेश्वर शिव मन्दिर जाने गर्दछन् भने चैते दशैंमा पनि दिब्रुङ्ग नर्मदेश्वर शिव मन्दिरको नजिकै रहेको देवीस्थान जाने गर्दछन् । ती पर्वहरूको झल्को दिने खालका गीत पनि यहाँको जनमानसबाट सुन्न पाइन्छ ।

*दिब्रुङ्गे चौर देवीको थान*

*राँगो काटी भोग दिउँला*

*सुनमाया*

*तिमीलाई बाटोमा भेटी*

*शिर नुगाई ढोग दिउँला ।*

यस प्रकारले यस गा.वि.स. का लोकगीतहरूले स्थानीय संस्कृति, परम्परा र रीतिरिवाजको पनि वर्णन गरेको पाइन्छ ।

## ४.१.३ आर्थिक चित्रण

नेपाल कृषिप्रधान देश भएकोले त्यसको विशेषता दिब्रुङ्ग तथा आँपचौर गा.वि.स. ले पनि बोकेको छ । यहाँका मानिसहरूको स्तरमा प्रत्यक्ष प्रभाव पार्ने तत्त्व नै आर्थिक पक्ष हो । त्यहाँ खेतीपाती , पशुपालन, कमै मात्रामा व्यापार अनि नगन्य मात्रामा जागिर गरेर जीविकोपार्जन गरिरहेका छन् । अशिक्षा र परम्परागत कृषि प्रणालीले गर्दा त्यहाँका मानिसहरूको जीवनस्तर न्यून रहेको छ तापनि पहिलेको तुलनामा केही मात्रामा भएका विकासका कुराले हर्षित तुल्याएको कुरा त्यहाँका लोकगीतमा व्यक्त भएका छन् । त्यस्ता कुराहरूको चित्रण गराउने कर्म गीत त छँदैछन् अन्य गीतमा पनि आर्थिक पक्षको झल्को पाउन सकिन्छ । त्यहाँका मानिसहरूको आर्थिक स्थिति कमजोर भएकाले जीवनस्तर सामान्य खालको छ । खानपानका लागि मकै, धान, कोदो, जौ, गहुँ आदि अन्नबाली लगाइन्छ र अहिले आएर केही मात्रामा आलु खेती र लसुनको उत्पादन गरिन्छ । लत्ताकपडाका लागि नगदेबाली उत्पादन बिक्रिको व्यवस्था नभएकोले नगद आर्जन गर्न विदेशमा समेत जानुपर्ने बाध्यता छ । धेरैजसो मानिसहरू गरिब छन् । त्यसैले साहूको ऋण खान बाध्य छन् र ऋण तिर्नका लागि समेत विदेशिनु पर्ने भएको छ । त्यस्ता विभिन्न कुराहरूको अभिव्यक्ति त्यहाँका लोकगीतमा पाइन्छ । जस्तै :

*छुपु छुपु रोप है नानी हातको बीऊ छँदै*
*आहै हातको बीऊ छँदै*
*मैले र लाम्ला मैले र खाम्ला*

*बाबाको जीऊ छँदै*

*आहै बाबाको जिऊ छँदै ।*

*असारमास अरनी खानी केराउका विरम्ला*

*आलिमा लाउनी बाहुसे दाइका सुकेका पिडम्ला*

*सपा र सपी घाँसै र काटिम भेडीको थुमेलाई*

*पहिलो पटक गाएको गीत सीमे र भूमेलाई ।*

आर्थिक कारणले नै परिवारमा विभिन्न समस्याहरू ल्याउँछन् विपन्नताले गर्दा उचित खानपान, बसोवास र लत्ताकपडा जुटाउन कठिनाइ परेको हुन्छ । त्यसैले गर्दा परिवारमा कलह र नैराश्यता आउँछ । ती कुराहरू पनि गीतमा सुनिएका हुन्छन् ; जस्तै :

*जौको सातु खानु छैन भोकाएको बेलामा*

*हाम्रो जीवन खेर गयो पढ्ने बेलामा*

*बाबाको सम्पत्ति नखाइ नलाई सकियो*

*बाजुल पाते लहराले कम्परै कसियो ।*

*बिहानको चिसो आटो खोपीको कुनामा*

*करेलीको तिते झोल काने दुनामा ।*

*पैतालुमा छाला छैन काफलठूटा लुग्दीका बाटाले*

*शरीरमा तागत छैन जौका आटाले*

*अन्य गीतमा*

*गाई फुकाई मकैमा*

*मैले दुःख गरेको फोकैमा ।*

*धानको बाला कोदाको कपनी*

*दिनको भेट रातीको सपनी*

*गाई चरो चौरमा*

*ला को माया म किन भुलिन आदि*

पहिलेको तुलनामा भएका केही विकासले त्यहाँका मानिसमा हर्षोल्लास छाएको कुरा पनि त्यहाँका लोकगतिमा अभिव्यक्त भएका छन् ; जस्तै :

*धेरै जसो दाजु भाइका टिनका छाना झलल*

*शान्तिपुर र विश्वखर्क मोटर सलल ।*

*हाम्रा राजा विरेन्द्रले के को विकास खुलाए*

*मुसा हिड्न नसक्नेमा मोटर गुडाए ।*

*अमिलीको रस,*

*आँपचौरमा बिजुली दाइ साइला , दिब्रुङ्गमा बस* ।

## ४.१.४ प्राकृतिक चित्रण

नेपाली लोकगीत धेरैजसो प्रकृतिमा नै आधारित छन् । प्रकृतिको बीचमा घाँस दाउरा उकाली ओराली गर्दा जनमानसबाट वास्तविक लोकलय उद्घाटित भएर आउँछ । छहराको छङ्छङ, पहराको थर्काई, चराचुरुङ्गको चिरबिर, सल्लाघारीमा सल्लाको सुस्याहट आदि आफैमा सङ्गीतमय भएर सुनिने गर्दछ । त्यही प्रकृतिको बीचैमा पसिना चुहाउँदै र ओवाउँदै दुःख सुख गर्ने जनमानसको लयात्मक अभिव्यक्ति नै वास्तविक लोकगीत हो । यसरी प्रकृतिबाटै उद्गम भएको लोकगीतमा प्रकृतिको गायन नहुने त कुरै भएन । आफ्नो लोग्ने प्रदेश गएपछि एक्लै भएकी नारी प्रकृतिको बीचमा गएर आफूलाई यसरी समाहित गर्छिनः

*नरौ नरौ हे न्याउली चरी*

*तिमीभन्दा मै छु नि अभागी ।*

*यो मनमा के हुन्छ के हुन्छ*

*वनको न्याउली कराउँदा मन रुन्छ ।*

वैंसले उन्मत्त भएका नरनारीहरू लोकगीतमा प्रकृतिको मिश्रण यसरी गर्छन ।

*फूल फुल्यो सेतै*

*कि आऊ यता कि आउँछु म त्यतै ।*

*दैलामुनि काफल पाक्यो*

*त्यसैमा चिवेचरी बस्यो ।*

*तिम्रो हाम्रो माया प्रीति*

*अनजानैमा बस्यो ।*

*धान खायो खडेरीले*

*मकै जुरेलीले*

*उडी जाऊँ कि भुडी जाऊँ*

*भयो पिरतीले ।*

माया प्रेमको सम्बन्ध गाँस्ने बारेमा भन्दा पनि त्यसमा देखिएको खटपट र विछोट पीडा पोख्ने क्रममा यहाँको जनमानसबाट लोकगीतमा प्रकृतिको सहारा बढी लिने गरिएको पाइन्छ ।

*सुरिलो गयो बाँसको लिँगो*

*भूइँ छोयो टुप्पैले*

*मन तिम्रो दोषी रैछ नि हजुर*

*के गऱ्यो रूपैले ।*

*हिमालैचुली त्यो पल्लोपट्टि*

*हिउँ पर्छ पर्दैन*

*जिऊ मेरो यही हो ।*

*धन मेरौ छैन*

*मन पर्छ पर्दैन ।*

*असारे मासको दबदबे हिलो ।*

*घिन लाग्यो छुनलाई*

*छोडीमा जाने माया जाल लाएँ*

*सम्झेर रुनलाई ।*

*काटे दूध आउनी सिउँडीको डाली*

*दही केलाई नहुनी*

*दुःखीको छोराले भनेको कुरा*

*सही केलाई नहुनी ।*

त्यसै गरी लुकी-लुकी मायाप्रीति लाउनेहरूले पनि प्रकृतिको सहारा लिएर लोकलयमा आफ्नो अभिव्यक्त यसरी व्यक्त गर्न रुचाउँछन् -

*हिमालैचुली त्यो पल्लोपट्टि छङछङ गर्ने खोला*

*लुकीचोरी लाको मायाँ नभन्दिनुहोला।*

हु न प्रकृति मानिसको सहरा हो । जीवनको बाँच्ने आधार पनि हो । लोकगीतमा प्रकृतिको असल पक्षलाई नै समाहित गरिएको हुन्छ । कहिलेकाहीँ प्रकृतिले पनि ग्रामीण जनजीवनमा आकस्मिक कुठाराघात गर्न पुग्दछ । गुल्मी जिल्ला दिब्रुङ्ग तथा आँपचौर गा.वि.स मा समय समयमा आउने बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपले गराएको दुर्घटनालाई पनि यहाँका लोकगीतले आफ्नो विषयवस्तु बनाएका छन् ।

*गररर पहिलो गयो गिंदी खोला थुनियो*

*माइत जाने चेली हराइन भन्ने सुनियो ।*

*घाँस काट्न जान्छु आमा च्यानडाँडाको भीरमा*

*तारेपराका ढुङ्गाजति मेरै शिरमा ।*

यसरी प्रकृतिसँग मानव जीवनको तादात्म्य सम्बन्ध रहेको कुरा पनि गुल्मेली लोकगीतमा चित्रण गरिएको पाइन्छ ।

## ४.२ निष्कर्ष

गुल्मी जिल्ला दिब्रुङ्ग तथा आँपचौर गा.वि.स. का लोकगीतको विश्लेषण गर्दा ती लोकगीतमा यहाँका लोकजीवनको सजीव चित्रण पाउन सकिन्छ । यी गीतहरूले यहाँका समाजमा भएका मेलमिलाप र सद्भावना साथै शोषण, दमन, विकृति र विसङ्गती पनि अभिव्यक्त गरेका छन् । यसबाट यहाँको समाजमा कुन पात्रले कसरी राम्रो वा नराम्रो प्रभाव पारेको छ भन्ने कुरा समेत थाहा पाउन सकिन्छ । यहाँको लोकजीवनको सांस्कृतिक चित्रण संस्कार गीत र पर्वगीतले गरेका छन् । यहाँको जनजीवनलाई प्रत्यक्ष प्रभाव पार्ने महत्वपूर्ण कुरा आर्थिक पक्ष हो । यहाँका धेरै जसो मानिसको मुख्य पेसा कृषि हो । त्यो पनि परम्परागत प्रणाली मै रहेको छ । त्यसैले बढ्दो जनसङ्ख्याको आवश्यकता पूरा गर्न सकिरहेको छैन । यहाँको खानपान भेष-भूषा सामान्य नै छ । त्यसमा आनन्द मात्र होइन दुःख पनि छ र संघर्ष गर्नुपर्ने स्थिति पनि छ । प्रकृति एकातिर कोमल छ भने अर्कातिर कठोर पनि भइदिन्छ । यस्तो कुराको चित्रण यहाँका कर्मगीत र अन्य गीतले पनि गरेका छन् । समग्रमा यहाँका लोकगीतका सर्जकहरू समाजका यथार्थ स्थितिलाई स्वभाविक रपमा उपस्थित गर्न सक्षम छन् ।

# अध्याय पाँच

# उपसंहार

## ५.१ सारांश

यस शोधपत्रलाई पाँच ओटा अध्यायमा विभाजित गरिएको छ । अध्याय एक शोधपत्रको परिचयसँग सम्बन्धित रहेको छ । यसमा शोधपत्रको परिचय, शोधपत्र तयार पार्नाको उद्देश्य पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, यसको सीमा, शोधविधि, अनुसन्धानको रूपरेखा आदि विषयको परिचय दिइएको छ ।

अध्याय दुईमा लोकगीतको सैद्धान्तिक परिचय दिइएको छ, जसअन्तर्गत लोकगीतको परिचय र परिभाषा, लोकगीतका तत्व र विशेषता, यसको वर्गीकरणका बारेमा उल्लेख गरिएको छ ।

अध्याय तीन शोधपत्रको सबैभन्दा महत्त्वपूर्ण अध्याय बन्न पुगेको छ । यस अध्यायमा गुल्मी जिल्ला दिब्रुङ्ग तथा आँपचौर गा.वि.स.मा पाइने लोकगीतहरूलाई सङ्कलन गनुका साथै ती गीतहरूलाई संस्कार, ऋतु, श्रम, बाह्रमासे, धार्मिक र विविध गरी छ प्रकारमा वर्गीकरण गरी अध्ययन गरिएको छ ।

अध्याय चार गुल्मी जिल्ला दिब्रुङ्ग तथा आँपचौर गा.वि.स.का लोकगीतको अध्ययन र विश्लेषणमा केन्द्रित छ जसअन्तर्गत त्यहाँका लोकगीतमा पाइने सामाजिक, आर्थिक साँस्कृतिक र प्राकृतिक चित्रणसम्बन्धी चर्चा गरिएको छ ।

अध्याय पाँचमा शोधपत्रको सारांश र निष्कर्ष दिने काम गरिएको छ ।

## ५२ निष्कर्ष

मानव सध्यताको इतिहासमा अभिव्यक्तिको पहिलो खुड्किलाका रूपमा जन्मेको, मानिसहरूको सहज, अकृतिम अभिव्यक्तिमा जीवित रहेको लोक साहित्यका विभिन्न

विधाहरू मध्येको एउटा लयात्मक विधा लोकगीत हो । गुल्मी जिल्ला दिब्रुङ्ग तथा आँपचौर गा.वि.स.मा लोक जीवनको ढुक-ढुकीका रूपमा रहेको लोकगीतलाई विषयवस्तुका आधारमा संस्कार गीत, ऋतु पर्वगीत, श्रमगीत, धार्मिक गीत, बाह्रमासे गीत तथा विविध गीत अर्न्तगत राखेर अध्ययन गरिएको छ । लोकगीत मौखिक परम्परामा पन्ध्रौं शताब्दीदेखि प्रचलनमा आएको पाइन्छ । नेपाली लोकगीतको अध्ययन परम्परा भने २००७ सालपछि मात्रै सुरु भएको तथ्य यस शोधपत्रका अगाडि सारिएको छ ।

गुल्मी जिल्ला नेपाल अधिराज्यको पश्चिमाञ्चल विकासक्षेत्रअर्न्तगत लुम्बिनी अञ्चलमा अवस्थित ६ वटा जिल्लामा एक गुल्मी हो । गुल्मी भन्ने शब्द सुन्दा नै सबैको मुख रसाएर आउँछ ताकी कफिलाई सम्झेर, त्यही कफिले प्रसिद्धी पाएको गुल्मीको ७९ गा.वि.स.अन्तर्गत एउटा धार्मिक स्थलको नामबाट नामाकरण गरिएको गा.वि.स. दिब्रुङ्ग हो ।

यस गा.वि.सको पूर्वमा विसुखर्क हर्राचौर पश्चिममा कुर्घा, उत्तरमा अर्लाङ्गकोट, दक्षिणमा आँपचौर गा.वि.स. छन् । त्यस्तै उत्तर पश्चिममा कुर्घा र दक्षिण पूर्वमा तुराङ्ग गा.वि.स.सँग जोडिएर रहेको यस गा.वि.स.लाई भौगोलिक आधारमा पहाडी र बँसी गरी दुई भागमा बाँडिएको छ । राजनैतिक विभाजन अनुसार यो जिल्ला तीनओटा क्षेत्र र उनासी ओटा गा.वि.(स.मा विभाजित छ । तीन क्षेत्रमध्ये क्षेत्र नं १ अन्तर्गत २६ गा.वि.स.मा एउटा दिब्रुङ्ग हो । यस गा.वि.स.मा आधुनिकताको केही प्रभाव परे पनि रुढिवादी र परम्परागत सामाजिक जीवनलाक्ष्ई अनुसरण गर्ने यस गा.वि.स.का मानिसहरूको मुख्य व्यवसाय कृषि नै हरेको छ, बेँसी क्षेत्रमा बाहेक अन्य क्षेत्रमा आकाशे पानीको भरमा खेती गरिने यस गा.वि.समा धान, मकै, गहुँ जौ, फापर, लसुन, अदुवा, कोदो, कफी आदि कृषिजन्य उत्पादन उब्जनी गराइन्छ । ब्राहमण, क्षेत्री, बैश्य, शुद्र चारै जातिको बसोबास रहेको यस गा.वि.स.मा हिन्दू, बौद्ध आदि धर्म मान्ने मानिसहरू बसेका छन् । विशेष गरी हिन्दू धर्माबलम्बीहरूको बर्चश्व रहेको यहाँको लोकसंस्कृति धेरै जसो हिन्दू धर्मसँग सम्बन्धित भए पनि विभिन्न जातिगत सम्प्रदायका आधारमा यहाँको

लोकसंस्कृतिमा विविधता देख्न पाइन्छ । यहाँका मुख्य चाडपर्वहरू तीज, दशैं तिहार, होली हुन भने छैंठी, न्वारन, पास्नी, ब्रतबन्ध, विवाह, चौरासी र मृत्यु संस्कार कर्म हुन् ।

गुल्मी जिल्लाको दिब्रुङ्ग तथा आँपचौर गा.वि.स.मा संस्कार गीत, ऋतु पर्वगीत, श्रमगीत, धार्मिक गीत, बाह्रमासे गीत र अन्य केही विविध गीतहरू लोकगीतको क्षेत्रमा बढी प्रचलित छन् । साँस्कृतिक विविधता भएको यस गा.वि.स.मा विशेष गरेर हिन्दू सम्प्रदायमा आधारित सोह्र संस्कारहरूमध्ये केही संस्कारहरू प्रचलित छन् । यस्ता संस्कारहरूमा गाइने गीतहरूमा माहल, खाँडो, रत्यौली आदि बढी प्रचलित छन् । यस गा.वि.स.का मानिसहरू आ-आफ्नो परम्पराअनुसार चाडपर्व मनाउने गर्दछन् । यसै त पर्वहरू आफैमा खुसियाली लिएर आउँछन्, त्यसमा पनि त्यस्ता पर्वहरूमा गाइने गीतहरूले पर्वको मर्मलाई व्यक्त नगरेका भने छैनन् । तीजगीत, भैलो, देउसी, फागु आदि यहाँका बढी प्रचलित पर्वगीत हुन् । तीमध्ये सबैभन्दा बढी प्रचलित तीजगीत विवाहिता महिलाले पतिको दीर्घायुको कामनाका साथै अविवाहित महिलाले राम्रो पतिप्राप्तिको कामना गर्दै ब्रत बसेको अवसरमा गएर नाँच्ने गर्दछन् । यसता गीतहरूमा चेलीबेटीका आन्तरिक वेदनाका साथै माइती र चेलीको आत्मीयसम्बन्ध प्रतिविम्बित भएको हुन्छ । नेपाली जीवन कर्म वा श्रमसँग सम्बन्धित हुनाले श्रम गर्दा आउने थकावटलाई हटाउन श्रमगीत गाउने चलन रहेको छ । विभिन्न समयमा काम गर्दा विभिन्न प्रकारका श्रमगीतहरू गाउने परम्परा यस गा.वि.स.मा पनि रहेको छ । यस्ता यहाँ गाउने श्रमगीतहरूमा जेठे, असारे घाँसे, मंसिरे -दाइँगीत) आीद बढी चर्चित छन् ।

यस गा.वि.स.मा गाइने बाह्रमासे गीतलाई धार्मिक र अन्य गरी दुई भागमा बाँडेर अध्ययन गरिएको छ । मन्दिर एवम् घरमा नित्यकर्मका रूपमा आरती र कीर्तन भगवान्को स्तुतिमा आधारित भएर गाउँने गरिन्छ । खैंजडी मजुराकासाथ गाएर नाँचिने यहाँका भजन कीर्तनहरू प्रायः राम, कृष्ण, शिवजी आदि देवताहरूका गुणगानमा आधारित हुने गर्दछन् । यस गा.वि.स.मा सबैभन्दा बढी प्रचलित लोकगीतहरू बाह्रमासे लोकगीत हुन् । यी लोकगीतहरू कुनै पनि ऋतुमा एकनास प्रवाहित भएको देख्न सुन्न सकिन्छ ।

बाह्रमासे गीत एक कहिल्यै पनि सक्तैनन्, विलाउँदैनन् । यी गीतबाट लोकजीवनले समयलाई र त्यसअनुसारका क्रियाकलापलाई कसरी हेरेको छ भन्ने थाहा हुन्छ । यहाँ गाइने बाह्रमासे गीतहरूमा, आरती, भजन, कीर्तन, झ्याउरे, चुड्का, रोइला, दोहरी आदि बढी चर्चित  छन् । श्रम गर्दा वा चाड पर्व र संस्कारहरूमासमेत गाइने यी श्रमगीतहरू बाह्रै महिना बाटाघाटा, भञ्ज्याङ्ग र चौतारी नै ढपक्क ढाकिएर सुसेली, ताली, मादल र बाँसुरीमा घन्कन्छन् । वर्तमानमा दोहोरीको रूपमा गाइने यी गीतहरूलाई समावेश नगरेसम्म यस जिल्लाका वा गा.वि.स.का कुनै पनि साँस्कृतिक कार्यक्रम, पर्व, मेला, महोत्सवजस्ता कार्यक्रमहरू सफल सम्पन्न भएको मानिँदैन । त्यस्ता गीतहरूमा जिन्दगी संचालन गर्नेमा कतै भाग्यलाई ठूलो ठानिएको हुन्छ । त्यस्ता गीतमा कतै गम्भीर जीवनदर्शन पाउन सकिन्छ भने कतै जीवनका सार र निस्सारताका कुरा पनि व्यक्त भएका हुन्छन् ।

गुल्मी जिल्ला दिब्रुङ्ग तथा आँपचौर गा.वि.स. विधिव सामाजिक, आर्थिक, साँस्कृतिक, प्राकृतकि परिवेशमा रहेको गा.वि.स. हो । सरल, स्वभाविक र निश्छल यहाँको लोकजीवनमा कहिले हर्ष, उमङ्ग र सुख शान्तिका कुरा आउँछन् भने कहिले दुःख, पीडा, विरह, वेदना पनि आइपर्दछन् । यिनै कुराहरूको सरल र स्वभाविक लयात्मक अभिव्यक्ति नै यहाँको लोकगीतमा पाइने गर्दछ । समाजमा नारी प्रति भएको थिचोमिचो, पारिवारिक सदस्यहरूका बीचको मिलन, बिछोड र सम्झनाको यथार्थ सामाजिक पीर मर्का र दुःखेसाको  चित्रण यहाँका गीतहरूमा पाइन्छ । आर्थिक विपन्नताले गर्दा युवा शक्तिले परदेशिनु परेको बाध्यता, मायाप्रीतिमा पनि त्यही धनले फाटो ल्याएको परिस्थितिलाई समेत यहाँका लोकगीतले आफ्नो विषयवस्तु बनाएका छन् । मानव जातिको आत्माजस्तै बनेर रहेको साँस्कृति र त्यही संस्कृतिभित्र सामाजिक, नैतिक र आध्यामिक मूल्य - मान्यताा रहेको देखाउने यस जिल्लामा लोकगीतमा सङ्गीतमय प्रकृतिमा रहेको अपूर्व सुन्दरताको चित्रण पनि व्यापक रूपमा गरिएको पाइन्छ ।

मौलिकता, सरलता तथा सहजता, परिवर्तनशीलता, प्रश्नोत्तरात्मकता, स्वच्छन्दता, आदि यहाँका गीतहरूमा पाइने प्रमुख विशेषताहरू हुन भने सामूहिक भावभूमिका पाइने अभिव्यक्ति पाइनु, रचनाकार तथा रचनाकारको अज्ञातावस्था, सन्दिग्ध ऐतिहासिक हुन पनि यसका थप विशेषताहरू रहेका छन् । यी गीत परम्परित संचरनामा भएर पनि समय र परिस्थिति अनुसार गतिशील र भाषिक रूपमा पनि परिमार्जित हुँदै युगबोधमा प्रभावकारी माध्यमका रूपमा आएका छन् । स्वतःस्फूर्त रूपमै आउने रस विविधता, बिम्ब र प्रतिक छन्द, अलङ्कार आदिले गर्दा साहित्यिक आस्वादनका दृष्टिले पन अत्यन्तै महत्वपूर्ण रहेका छन् । मधुर आकर्षक र मनमोहक रूपमा अभिव्यक्त हुने यी गीतहरू लिखित साहित्यका बलिया आधारस्तम्भका रूपमा देखिएका छन् । यी गीतले गुल्मी जिल्ला दिब्रुङ्ग तथा आँपचौर गा.वि.स.को लोकजीवनका सम्पूर्ण क्षेत्रलाई चिनाउने काम गरेका छन् । यिनै विविध कुराहरूले गर्दा गुल्मी जिल्ला दिब्रुङ्ग तथा आँपचौर गा.वि.स.का लोकगीतको विशेष महत्व रहन गएको कुराको निष्कर्ष भेटिन्छ ।

# सन्दर्भ ग्रन्थसूची


आचार्य, गोविन्द, **लोकगीतको विश्लेषण**, काठमाडौंः पैरवी प्रकाशन, २०६२ ।

कन्दङ्वा काजीमान, **नेपाली जनसाहित्य**, काठमाडौंः रोयल नेपाल एकेडेमी, २०२० ।

जोशी, सत्यमोहन, **लोकगीतको केही झल्काः** “प्रगति”, वर्ष ३, अंक २ पूर्णाङ्क १४, २०१२ ।

थापा, धर्मराज, सुवेदी हंसपुरे, **नेपाली लोकसाहित्यको विवेचना**, काठमाडौंः पाठ्यक्रम विकासकेन्द्र त्रि.वि. २०४१ ।

देवकोटा, लक्ष्मीप्रसाद, **मुनामदन,** ललितपुरः  साझा प्रकाशन, २०५४, भूमिका खण्ड ।

पन्त, कालीभक्त, **हाम्रो साँस्कृतिक इतिहास,** स्याङ्जा, लेखक स्वयम् २०५८ ।

................, **गीत सुधारको राष्ट्रिय बाटो**, स्याङ्जाः (प्रकाशन स्वयम् २०३३) ।

पराजुली, कृष्णप्रसाद, **नेपाली लोकगीतको आलोक**, काठमाडौंः वीणा प्रकाशन, प्रा.ली. २०५७ ।

पराजुली, मोतीलाल, **लोकगीतको संरचना,** कुञ्जिनी (११ः८, २०६०) ।

पोखरेल, बालकृष्ण, **पाँच सय वर्ष**? काठमाडौंः जगदम्बा प्रकाशन, २०२० ।

बराल, ईश्वर, **नेपाली साहित्यकोश,** काठमाडौं, नेपाल प्रज्ञाप्रतिष्ठान, २०५५ ।

बन्धु, चुडामणि, **नेपाली लोक साहित्य**, काठमाडौंः एकता प्रकाशन, २०५८ ।

लोहनी, लक्ष्मण, **रोदीघर,** (दो.सं. काठमाडौंः रत्न पुस्तक भण्डार, २०२२) ।

श्रेष्ठ, दयाराम, **प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा,** काठमाडौंः त्रि.वि. पाठ्यक्रम विकास केन्द्र, २०२८ ।

सापकोटा, महानन्द, **नेपाली निर्वाचनको रूपरेखा**, हिमाली प्रकाशन, २०२८ ।

त्रिपाठी, बासुदेव, **सिंहावलोकन,** काठमाडौंः साझा प्रकाशन, २०३१ ।